
विधाकेन्द्रित साहित्यिक पत्रिका
वैजयन्ती
लघुकथा-अङ्क-५
८१
ISSN 2362-1117
Vaijayanti Nrs. 50.00


Let's Collaborate
We believe What We See
More Than
What We Hear
We Provide:
- Documentary
- Music Video
- Short-Movie
- Feature Film
- Corporate/Event Video
- Advertisement
- Equipment Rental
- Video Production & Post-Production
4Cube Entertainment
Official Channel: The Elite Studio
Contact No. : 9843873434 / 9860660025
entertainmentcube4@gmail.com
facebook.com/theelitestudionepal/


Dictionary of Medical, Nursing
&
Allied Health
अब हजुरहरूको हात हातमा
Vinaya Kumar Sharma Nepal
Prakash Mani Dahal
Dr. Kamal Sharma Lamsal
Dr. Bipin Nepal

kj{ sfplG;n gkfnåf/f /fli6«o t/sf]-s_ juLo{ jufLs[t

# j}hoGtL

वर्ष १५ अङ्क ३ पूर्णाङ्क ८१ विधाकेन्द्रित साहित्यिक पत्रिका २०७९ भाद्र-असोज

**संस्थापक**
वसन्तकुमार शर्म्मा 'नेपाल'

**संरक्षक**
राधादेवी शर्मा

**निर्देशक**
विनयकुमार शर्मा नेपाल

**प्रधान सम्पादक**
ठाकुर शर्मा भण्डारी

**सम्पादक**
यादव भट्टराई

**सहयोगी**
कमला नेपाल
महेशप्रसाद रिजाल
भाभा शर्मा
आभा शर्मा
मातृका आचार्य
विभव नेपाल

**प्रकाशक**
**शब्दार्थ प्रकाशन**
चाबेल, काठमाडौं
**Shabdartha Prakashan**
Chabahil Ganeshthan, Kathmandu, Nepal
977-01-4497351 / 9841-496103
email : shabdarthaprakashan@gmail.com
nepal.vk@hotmail.com / nepal120@yahoo.com
web: http://nepalipublisher.com / http://shabdarthaprakashan.com

;'rgf M j}hoGtLdf k|sflzt /rgfsf] ;DkÔf{lhDd]jf/ :jod\ n]vs g}xg\5g\.

# ;Dkfb sLo

● नेपाली साहित्यको सेवामा समर्पित वैजयन्ती विधा केन्द्रित साहित्यिक पत्रिकाको लक्ष्य भनेको नेपाली साहित्यमा विधागत संवर्द्धन र प्रवर्द्धन गर्नु हो ।

● नाटक⁄एकाङ्की, चाड⁄पर्व, संस्कृति, विदेशयात्रा र स्वदेशयात्रा, पूर्वस्मृति, राष्ट्रियव्यक्तित्व, संस्मरण, निबन्ध, मुक्तक, गीत, गजल, गद्यकविता, छन्दकविता, लघुकथा, कथा, लघुउपन्यास, समीक्षा आदि आठ सयभन्दा धेरै स्रष्टाका अनेक विधा उपविधाका हजारौं रचना प्रकाशन गरिसकेको सर्वविदित छ ।

● यस पटक लघुकथा अङ्क निकाल्ने जमर्को गरेका छौं । अहिलेसम्म यो अङ्कसहित पाँचवटा निस्किसकेका छन् । नेपाली साहित्यको यो विधाले वर्तमान समयमा व्यापकता पाएको छ, सम्पूर्ण लघुकथा विधाका स्रष्टाहरूको आग्रह र सहयोगले समयमा प्रकाशन हुन समर्थ भएको हो ।

● वैजयन्तीद्वारा साहित्यका विविध विधा मार्फत स्रष्टाका भावनात्मक स्वरूपलाई सम्प्रेषण गर्ने, नित्य नवीनतम मार्ग पहिल्याउने समुद्देश्यले निरन्तर रूपमा प्रकाशित गरिरहेका छौं । यसका प्रत्येक अङ्क विशेष रूपमा प्रकाशित हुने गरेको सन्दर्भ वेला-बखत विद्वान्वर्गमा चर्चा-परिचर्चा हुने गरेको हामीले सुन्ने गरेका छौं, सम्पूर्ण साहित्यिक जगत्को यही सत्प्रेरणाले हामीलाई साहित्यसेवा गर्ने ऊर्जा प्राप्त भएको छ ।

● वैजयन्तीको ८१ औं अङ्कका लागि ८२ ओटा लघुकथा प्राप्त भएका छन् । वैजयन्तीले यस अघि २५, ३३, ४७, ५५ र यो ८१ समेत लघुकथाका पाँच अङ्क प्रकाशित गरेको छ ।

● आफ्नो लक्ष्य अनुकूल वैजयन्तीले सम्बन्धित विधाको जानकारी **वैजयन्ती विधा केन्द्रित साहित्यिक पत्रिका** र **वैजयन्ती साहित्यिक पत्रिका** नामको फेसबुक भित्तोबाट दिइरहेको छ ।

● वैजयन्तीलाई माया गरेर रचना उपलब्ध गराउनुहुने सम्पूर्ण स्रष्टाहरूमा वैजयन्ती परिवार हार्दिक आभार प्रकट गर्दछ । यसका साथै आगामी दिनमा पनि सम्पूर्ण लेखक, साहित्यकार एवं पाठकहरूबाट स्नेह, सद्भाव र सहयोग प्राप्त हुनेछ भन्नेमा हामी विश्वस्त छौं ।

● **शब्दार्थ प्रकाशन**को **वेब साइट** http://shabdarthaprakashan.com jf http://nepalipublisher.com sf ;fy}http://www.khabarinepal.com **का]** Hotlink **मा वैजयन्ती**का सबै अङ्क '**डाउनलोड**' गर्न मिल्ने गरी राखिएका छन् ।

हाइकु-१, संस्कृति-१, पूर्वस्मृति-१, लघुउपन्यास-१, चाड⁄पर्व-१, गीत-१, नाटक⁄एकाङ्की-२, विदेशयात्रा-२, मुक्तक-४, गजल-४, लघुकथा-५, स्वदेशयात्रा-४, राष्ट्रिय-व्यक्तित्व-५, कथा-७, संस्मरण-७, गद्यकविता-७, निबन्ध-८ समीक्षा-८, छन्दकविता-१२ ओटा अङ्कहरू निकालिसकेको

साहित्यिक पत्रिका **वैजयन्ती**को

८२ औं अङ्क **विदेशयात्रा-अङ्क-३** आउनेछ ।

# o; cªsdf


| क्रम. | के | कसको | पृष्ठ |
|---|---|---|---|
| १. | रोकिने मन्त्र | अनुग्रह राना मगर 'पुष्प' | ५ |
| २. | आत्मविश्वास | अनुभूति गुप्ता | ६ |
| ३. | फरक | अनु विज्ञाति | ७ |
| ४. | अवस्था | अभिज्ञान लामिछाने | ३२ |
| ५. | अपराधी | डा. अमर कार्की | ८ |
| ६. | अतृप्त इच्छा | आनन्द पौड्याल | ९ |
| ७. | टाढा नजिक | अरुणबहादुर खत्री 'नदी' | १० |
| ८. | लोग्नेपालिका | आत्माराम खरेल | ११ |
| ९. | सहयोग | इन्द्रकुमार श्रेष्ठ | १२ |
| १०. | प्रयास | इन्द्रकुमार श्रेष्ठ 'सरित्' | १३ |
| ११. | भगवान्को भलो | एलपी पराजुली | १४ |
| १२. | रक्षक नै भक्षक.... | कञ्चना झा | १५ |
| १३. | तर्क | कर्ण दयाल | १६ |
| १४. | असार | कलानिधि दाहाल | १७ |
| १५. | खुसी | किशन पौडेल | ८० |
| १६. | प्रकृतिको उपहार | डा. कुसुमाकर शर्मा गौतम | १८ |
| १७. | आवेग यात्रा | कृष्णदेव रिमाल 'शब्दसेना' | १९ |
| १८. | विदेशको सपना | कृष्ण तिमिल्सिना | २० |
| १९. | आशङ्का | कृष्ण बजगाईं | @! |
| २०. | कागजपत्र | खेमराज पोखरेल | @@ |
| २१. | निर्णय | गङ्गा कर्माचार्य पौडेल | २३ |
| २२. | कलह | गङ्गा आचार्य सापकोटा | २४ |
| २३. | भाषण | गणेश नेपाली | २५ |
| २४. | दान | डा. घनश्याम परिश्रमी | ५९ |
| २५. | गरिमा-यात्रा | छवि ज्ञवाली | २६ |
| २६. | टेन्सन | जनार्दन दाहाल | २७ |
| २७. | आस्था | जेबी खत्री | २८ |
| २८. | यक्ष प्रश्न | टुकादेवी पौडेल आचार्य | २९ |
| २९. | कानुन | ताराप्रसाद चापागाईं | २४ |
| ३०. | आवरण | तिलस्मी प्रभास | ३० |
| ३१. | श्राद्ध | त्रिलोचन ढकाल | ३१ |
| ३२. | हुलतन्त्र | दिव्य गिरी | ३२ |
| ३३. | छोरो | दुर्गा वनवासी | ३३ |
| ३४. | अर्थ | देवकी के.सी. | ३४ |
| ३५. | समयको खेल | देवराज कार्की 'मिलन' | ३५ |
| ३६. | बिट | नन्दलाल आचार्य | ३६ |
| ३७. | लिभिङ टुगेदर | नर पल्लव | ३७ |
| ३८. | राजनीति | नारायणप्रसाद न्यौपाने | ३८ |
| ३९. | असल कर्म नै धर्म हो | निर्मलरमण पराजुली | ३९ |
| ४०. | शङ्का | पुष्कर लोहनी | ४० |
| ४१. | टोमलाल सर | प्रेमनारायण भुसाल | ४१ |
| ४२. | बहादुरी | प्रेम राई 'परीक्षित' | ४२ |

| | | |
|---|---|---|
| ४३. विश्वास | बाबुराम न्यौपाने 'उत्स' | ४३ |
| ४४. भागबन्डा | भाभा शर्मा नेपाल | ४४ |
| ४५. पत्नी डर | मधुसूदनप्रसाद घिमिरे | ४४ |
| ४६. गुरु | मनोहर पोखरेल | ४५ |
| ४७. बा हुनुको अर्थ | मिलन समीर | ४६ |
| ४८. चलन | मुरारीराज मिश्र | ४७ |
| ४९. बदला | म्यामराज राई | ४८ |
| ५०. विनामिसावटको मिठाई | रञ्जु खनाल | ४९ |
| ५१. कर्मकाण्ड | रञ्जुश्री पराजुली | ५० |
| ५२. आमाको चिन्ता | रमेश प्रभात | ५१ |
| ५३. कपी राइट | रमेश समर्थन | ५२ |
| ५४. हीरा र मुक्ताफल..... | राजबाबु श्रेष्ठ 'सागर' | ५३ |
| ५५. घोषणा पत्र | राजु क्षत्री 'अपुरो' | ५४ |
| ५६. दया | रामकुमार पण्डित क्षेत्री | ५५ |
| ५७. विस्मृति | रामप्रसाद धिताल | ५६ |
| ५८. नयाँ विधि | रामप्रसाद पन्त | ५७ |
| ५९. बुहारी | राममणि पोखरेल | ५८ |
| ६०. लोभी-पापी | रासा | ५९ |
| ६१. मृत्यु | लक्ष्मण अर्याल | ६० |
| ६२. फोटो | लक्ष्मण थापा | ६१ |
| ६३. पौढखेल | लक्ष्मी रिजाल | ६२ |
| ६४. निर्णय | लता के. सी. | ६३ |
| ६५. समाजसेवी | लीलाराज दाहाल | ६४ |
| ६६. माथिको आदेश | वसन्त अनुभव | ६५ |
| ६७. उफ गर्मी | विजयकुमार बर्मा | ६६ |
| ६८. खाँटी कुरो | विनयकुमार शर्मा नेपाल | ६७ |
| ६९. बजेट | विनोद नेपाल | ७ |
| ७०. कट्टु | डा. विश्वदीप अधिकारी | ६८ |
| ७१. मट्का चिया | विष्णुप्रसाद आचार्य 'अतृप्त' | ६९ |
| ७२. छोरीको फर्माइस | शर्मिला खड्का दाहाल | ७० |
| ७३. सहयोग | डा. शेखरकुमार श्रेष्ठ | ७१ |
| ७४. देउराली | शेषमणि आचार्य | ७२ |
| ७५. परिवर्तन | डा. श्यामप्रसाद न्यौपाने | ७३ |
| ७६. टुट्दो मर्यादा | सविता मिश्रा 'अक्षजा' | ७४ |
| ७७. दायित्व | सत्या अधिकारी | ७५ |
| ७८. अनुत्तरित प्रश्न | सीताराम नेपाल | ७६ |
| ७९. प्रसाद | सुन्दर खड्का | ७७ |
| ८०. देखिने काम | हरिप्रसाद अधिकारी | ७८ |
| ८१. अमिलो मन | हरिशरण ढुङ्गाना | ७९ |
| ८२. आशाको दियो | हंसा कुर्मी | ८० |


:yfol :tDe

**आवरण चित्र** : अनुभूति गुप्ता, उत्तरप्रदेश, भारत

**पुछारको पातो** :
लघुकथा निर्माणका उपकरणहरू लक्ष्मण अर्याल ८१

# रोकिने मन्त्र

**अनुग्रह राना मगर 'पुष्प'**

पुरानो व्यथाले आमालाई च्यापिरहन्थ्यो। कहिले काहीं त हप्तामा दुई पटकसम्म। गाउँ ठाउँ त्यही हो पुरानै चलनचल्ती। धामी झाँक्रीको विश्वास। यस्तै परिस्थितिमा समय गुजार्दै थिइन् उनी। म पनि सानै भएकोले बुद्धिको अपूर्णतामा, उही अन्धविश्वासमा उज्यालो पर्दाद्वारा बञ्चित नै थिएँ तर हार मानिनँ। समयानुसार बढ्दै गएँ। दुःखसुख जसोतसो गरी शिक्षा लिएँ। केही ज्ञान प्राप्त त गरेँ तर पनि ऊ बेलाको छापले आमाको हाइसन्चोलाई नकार्न सकिनँ।

'अइया ! मरेँ नि बाबा' ! आमाले भनिन्। म अलिक परतिर थिएँ। हत्तपत्त छेउमा गएँ। के भो आमा फेरि च्याप्यो ? भनेँ।

'अँ बाबू, जा त त्यो डाँडाघरे साँइला बाजेलाई बोलाएर ले' भनिन्।

'हस्' भनेर एउटा कपडा च्यापेर बाटो लागेँ। 'भेटिने हो कि होइन' भन्दै मनमा कुरा खेलाउँदै गएँ।' घर पुगेँ। बाजे घरमै हुनुहुँदो रहेछ। एक किसिमले ढुक्क भएँ। सम्बोधन गर्दै विन्ति बिसाएँ।

'विचरा बाजे पनि बाटोमा हिँड्दा चिप्लिएर खुट्टामा चोट लगाएर बस्नुभएको रहेछ।' बोकेर लाने कुरा भएन। त्यही कपडा दिएँ। को नि के के जाती लिएर फाफा फुफु गर्दै गुनगुनाउनुभयो। म मूर्तिवत् भई हेरिरहेँ। सबै कुरा सकिएपछि भन्नुभयो।

'ल नानी ठीक हुन्छ अब जाऊ।'

'हस्' भने बाटो लागेँ।

'साँच्ची अघि त्यो बाजे गुनगुनाउँदै बीच बीचमा रोकेको थियो। त्यो किन होला ? भनेर जान्ने इच्छा लाग्यो।' फेरि फर्केर गएँ र सोधेँ।'

बाजेले भन्नुभयो 'रोकिने मन्त्र'।

**संखुवासभा, हाल : मलेसिया।**

ä ã

**अब हाम्रो पालो**
विदेश यात्रा, अन्तर्वार्ता, छन्दकविता आदि अङ्क।

# आत्मविश्वास

**अनुभूति गुप्ता**

सूर्यको सुनौलो किरणको साथ राम खेलावन काका, रामबाबुलाई भेट्न उनको घर पुगे। काकाले जुँगामा ताउ लगाउँदै भने- 'राम बाबु तपाईंकी छोरी धेरै गुणी र संस्कारी छिन्। सङ्गीतको क्षेत्रमा तपाईंको नाम अमर पारिरहेकी छिन्। तपाईंको लागि एउटा खुसीको खबर ल्याएको छु। सुरिलीको लागि एउटा राम्रो र ठूलो घरबाट कुरा आएको छ।' यो सुनेर रामबाबुको अनुहारमा मधुर मुस्कान छायो।

सुरिली अति सुन्दर र गुणीका साथ प्रशस्त बुज्झकी पनि थिई। ऊ जान्दथी कि उसका पिताको साथ यति धन छैन जसले उसलाई अब अगाडिको पढाइ पढाउन सकून्। उसले लाज मानेरै भए पनि विवाहको प्रस्ताव मानी। रामबाबु प्रायः छोरी भेट्न उनको घर पुग्दथे। रामबाबु छोरीको विवाहपछि अत्यन्त एक्लोपनको अनुभव गर्दै थिए। आफ्नो क्षमताको बलमा सुरिलीले सङ्गीतको क्षेत्रमा ठूलै स्थान प्राप्त गरिसकेकी थिई।

धेरै दिनदेखि बाबुको कुनै खबर नपाएकोले सुरिली हडबडाउँदै बाबुलाई भेट्न आफ्नो माइती आई। थोत्रो खाटमा बेसुद लास झैं सुतिरहेका आफ्नो प्रिय पितालाई देखेर सुरिलीको आँखामा आँसु टलपलायो। रामबाबुलाई हेर्दा यस्तो लाग्दथ्यो कि उनले कैयौं दिनदेखि ठीकसँग खाना खान पाएका छैनन्। पिताको हालतले ऊ सोचमा परी- जुन पिताले उसको सुख र खुसीका लागि आफ्ना जवानी दुःखमा डुबाए, उनलाई ऊ के कसरी साथ दिन सक्छे ?

सुरिली एउटा अठोट र आत्मविश्वासको साथ पिताको काँपिरहेको हात समाती र आफ्नो घरतिर बढी।

**अनु. विकुश** **उत्तरप्रदेश, भारत।**

ä ã

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**

# फरक

**अनु विज्ञाति**

'बूढीले जे जे भन्यो त्यही त्यही मान्ने जोईटिङ्ग्रे भएपछि यस्तै हो । बिहे भएको पाँच वर्ष हुन पाएको छैन उसलाई छुट्टिनुपर्ने रे ! बाबुआमाले दुःख गरेर जोडेको सम्पत्ति माग्न कति पनि लाज नलागेको ?' उनीहरूकै विवाद मिलाउन घरमा आएका भद्रभलादमीसँग दाजु-भाउजूको कुरा काट्यो उसले ।

'एक नम्बरको घर भाडुवायी ल्याइएछ भाउजू पनि' अझै थप्यो ।

'तपाईंका बुवाआमाले यतिका सम्पत्ति चाहिं कसरी जोड्नुभएछ ? कुनै देखिने इलम पनि कसैको थिएन तैपनि... ?' एकजना भलादमीले जिज्ञासा राखे ।

उसले गर्वसाथ भन्यो- 'बिहे गरेको एक वर्ष नपुग्दै आमाले बुद्धि पुऱ्याएर बाजेबाट सम्पति नलिएको भए त इस् खान्थ्यो यसले यत्रो भाग । यो सब हाम्री आमाको बहादुरीले भएको हो नि ।'

**बेलबारी, मोरङ ।**

ä ã

# बजेट

**विनोद नेपाल**

उनी किनमेलका लागि पसल गइन् ।

आवश्यकता तिनै सामग्रीको थियो जुन प्रायः किन्दै आएकी थिइन् । यसैले उनले सधै झैं फटाफट आवश्यक सामान मागिन् र हातको नोट साहुजीलाई दिंदै भनिन्- 'ल हिसाब गर्नुस् ।'

साहुजीले पैसा समाउँदै क्याल्कुलेटर थिच्न थाले ।

एकैछिनमा भने- 'पुगेन नि हजुर ।'

उनी छक्क पर्दै भनिन्- 'सामान उही र उत्ति नै हो, सधैं दिंदा त्यसबाट पनि फिर्ता आउँथ्यो, हिसाब बिग्रियो, एकपटक फेरि गर्नुस् त साहुजी ।'

'छैन, छैन, शङ्कै नगर्नुस् हजुर'- साहुजीले चस्मा माथिबाट हेर्दै औंलाले आफ्नो नाक छुँदै भने- 'यसले कहिल्यै हिसाब बिगार्दैन, बरु हजुरलाई थाहा भएन कि क्या हो नयाँ बजेट आयो नि !'

**पोखराथोक, माडी, पाल्पा ।**

ä ã

# अपराधी

**डा. अमर कार्की**

'ए रमा, मदनले यो आइतबार आइपुग्छु भनेको हैन ?'

'हो आमा तर एक दिन मात्र बस्न मिल्ने रे ! हेर्नु न कस्तो भन्या ।'

'खै के के तिमीहरूको ? म त कुरै बुझ्दिनँ, बिहे गरेको तीन वर्ष पूरा भएर चार लागिसक्यो । दुई पुस्तालाई पुग्ने सम्पति जोडी सक्यौ । अब पनि केलाई पर्खि'राको हो । एउटै लगनमा भित्रको सुन्तलीको छोरो टुकुटुकु हिँड्ने भइसक्यो । के म चाहिँ नातिनातिनाको मुखै नहेरी मरम् ?'

बिहे भएको महिना दिनमै श्रीमान् विदेश गएकाले रमा एक्ली सासुको साथ घर सम्हालेर बसेकी थिई । श्रीमान्ले विदेशबाट कमाएको पैसाले घर, जग्गा, गहना र केही रकमसमेत जगेर्ना भइसकेको थियो तर सासुको नाति हेर्ने इच्छा भने पूरा हुन सकेको थिएन । अब त सासुले बुहारीको कोखतिर पो शङ्का गर्न थालेकी थिइन् । त्यसैले त्यो दिन ऊ अठोट गरेर बसेकी थिई । एक वर्षदेखि श्रीमान्ले सधैँ बाहना बनाउँदै उसको कुरा टार्दै आएका थिए । त्यो रात उसले जिद्दी गरी 'आमाको कुरा सुनेनौ । अब नरोकौँ आउन देऊ । पुराइदिउँ आमाको इच्छा ।' त्यो रात उनीहरूले चाहे बमोजिम नै बित्यो ।

उसको महिनावारी रोकियो । रमा फुरूङ्ग थिई । सासुको त झन् भुइँमा खुट्टा थिएन । धारो, पँधेरो, चौतारोमा भेटेका जति सबैसँग खुसी बाड्दै हिँड्थिन् सासुबुहारी घन्टौ थाङ्नादेखि कोक्रोसम्मको कुरा गर्थे । यसपाली मदन पनि सात महिनामा नै घर आयो । श्रीमान्को काखमा पल्टिएर नयाँ पाहुनाको बारेमा कुरा गर्न आतुर थिई ऊ तर श्रीमान्को आलिङ्गन चिसो थियो । यसपटक ऊ एक्लै आएको थिएन साथमा एउटा आँधी बोकेर फर्केको थियो । यो देखेर रमालाई लोग्नेदेखि घृणा लाग्यो । आफैले घाँटी थिचेर मारिदिउँ जस्तो लाग्यो । 'मुख थिएन र पापीको आफूलाई एड्स लागेको छ भन्न । आफूले गरेको अपराधको भागी हामीलाई किन बनायो ?' उसले आफ्नो पेट सुमसुम्याई र बलिन्द्रधारा आँसु बगाई । घृणा र क्षोभ भरिएको आँखाले लोग्नेतिर हेरी । त्यसपछि बाढीमा बगिरहेको मान्छेले पहिरोबाट खसिरहेको रूखको हाँगातिर हेरे झैं निरीह भएर सासुको मुखमा हेरी । त्यहाँ कुनै साहरा थिएन । थियो त केवल निरासा, लाचारी र अन्धकार ।

**धापाखेल, ललितपुर, हाल : फ्लोरिडा, अमेरिका ।**

ä ã

# अतृप्त इच्छा

**आनन्द पौड्याल**

कसैले सुनोस् नसुनोस् आफ्ना कुरा मात्र एकोहोरो बकबकाइरहन्छ । ऊ स्वयं नै सबैथोक हो । सधैँ अरूको मन अमीलो हुने गरी बोलिरहन्छ । अरूका असल कुरा पनि सुन्दैन । बारम्बार आफ्नै कथाव्यथा सुनाइरहन्छ । अरूलाई हतोत्त्साहित पार्न सके उसलाई आनन्द आउँछ । आफूलाई उसले सबै कुराको ज्ञाता तथा बुज्रुक ठान्दछ ।

रितुले अरूका असल विचारसमेतमा कुनै परवाह गर्दैन । अरूको कमजोरी मात्र पत्ता लगाउने प्रयास गर्दछ । ऊ आफ्ना कमजोरी थाहा पाउँदैन । सदैव अरूलाई होच्याई तल खसाल्छ । ऊ कसैलाई विश्वास गर्दैन । छट्के तरिकाले अरूको बारेमा बुझिरहन्छ । ऊ आफ्ना धनसम्पत्तिप्रति सजग रहन्छ । उसका अतृप्त इच्छाहरू अनौठा छन् ।

एक दिन निक्कै गमेर रितु सोचमग्न हुन्छ । उसलाई घुम्न जाने इच्छा पलाउँछ । आफ्नो धनसम्पत्तिको कसरी सुरक्षा गर्ने भन्ने कुरामा चिन्तित हुन्छ । अरूलाई त के आफ्नै परिवारलाई समेत विश्वास गर्दैन ऊ । एक दिन बहुमूल्य चीजहरू झोलामा राख्छ र एक्लै टाढाको यात्रामा निस्कन्छ । घनघोर जङ्गलको बाटोमा हिँड्दाहिँड्दै ऊ निकै टाढा पुग्दछ । अचानक त्यहाँको आकाशमा कालो बादल मडारिन्छ र दिउँसै अँध्यारो हुन्छ । एकातिर आकाशको त्यो स्थिति अर्कोतर्फ जङ्गली जनावरको डरबाट ऊ निकै प्रताडित हुन्छ र आकुल व्याकुल हुँदै किंकर्तव्यविमूढको स्थितिमा पुग्दछ ।

उसलाई जङ्गलको बाटोमा एउटा जङ्गली जनावरले आक्रमण गरी घाइते बनाउँछ । रितुको बहुमूल्य धनसम्पत्ति रहेको झोला त्यही बेला चोरले खोसेर लैजान्छ । रितुले आफ्नो शरीर घाइते भएकोमा कुनै वास्ता गर्दैन । बरु बहुमूल्य धनसम्पत्ति चोरिएकोमा चिन्तित हुन्छ । यसैबीच एक्कासी असिना पानीसहितको भयानक आँधीबेहरी आउँछ । जङ्गलका ठूला ठूला रूखहरू भाँचिन्छन् । डाँडाहरूबाट गग्रेटोसहितका भल बग्न थाल्छन् । उसलाई आफ्नो शरीरको भन्दा सम्पत्तिकै चिन्ता लागिरहन्छ ।

एकछिनपछि पैह्रोसँगै ऊ र चोर पनि साथै खोलामा बगी मर्दछन् । यसरी रितु र चोरको धनप्रतिको महत्त्वाकाङ्क्षी अतृप्त इच्छा मृत्युसँगै समाप्त हुन्छ ।

ä ã

# टाढा नजिक

**अरुणबहादुर खत्री 'नदी'**

एकाबिहानै मर्निङ वाकमा म्हेपीतिर पुगें । म्हेपीमा पुगेपछि फुटपाथमा तरकारी बेच्न बसेको व्यापारीसँग 'एक किलो काउलीको कति पर्छ ?' भनें । व्यापारीले 'एक किलो काउलीको एक सय चालिस रुपैयाँ' भन्यो । दुईटा राम्रा राम्रा काउली छानेर व्यापारीलाई जोख्न दिए । व्यापारीले जोख्दा दुईटा काउली डेढ के.जी.को भएछ । व्यापारीले 'तपाईंको डेढ के.जी. काउलीको दुईसय दश रुपैयाँ भयो' भन्यो । दुईसय दश रुपैयाँ व्यापारीलाई दिएर काउली बोकेर घरतिर फर्कें । घर पुग्न लाग्दा तरकारी बेच्ने पसलमा बोरामा आलु देखेर किन्न पसें । आलु छान्दै गर्दा काउली पनि देखेर 'काउली किलोको कति' भने । 'सरलाई काउली किलोको एकसय बिस रुपैयाँ' उसले भन्यो ।

'म्हेपीदेखि काउली एक सय चालिस रुपैयाँमा किनेर ल्याउँदा किलोमा बीस रुपैयाँ मलाई नोक्सान पर्‍यो नि ! घर नजिक नै एकसय बीस रुपैयाँमा काउली किन्न पाउँदा घरदेखि टाढा म्हेपीदेखि एकसय चालिस रुपैयाँमा डेढ के.जी. काउली किनेर ल्याउँदा मलाई तीस रुपैयाँ नोक्सान पर्‍यो' मैले भने ।

अर्को ग्राहकले 'घर नजिकको देवतालाई हेला गर्नुहुँदैन भन्ने उखान नै छ नि ! घर नजिक किन्न पाउँदा तपाईले घरदेखि टाढाबाट बढी मूल्यमा किनेर ल्याउनुभयो नि' भन्यो । घर नजिकको देवतालाई हेला गर्नु हुँदो रहेनछ नि मैले भन्न पुगें ।

**सामाखुसी मार्ग, काठमाडौं ।**

ä ã

**गीत, गजल,**
**म्युजिक भिडियो,**
**विवाह, कार्यक्रम आदिको लागि**
हामीलाई सम्झनुहोस्
Four Cube Entertainment
9860660925/9841466812

# लोग्नेपालिका

**आत्माराम खरेल**

गाउँतिर जाँदै गरेकी ती महिला आफ्नो गह्रौं झोला पाटीमा बिसाउँछिन् । उनको निधारमा चिटचिट पसिना पलाइरहेछ तर ओठमा हाँसो मज्जाले फुरिरहेछ । उनीसँगै आएकी महिला पनि हाँसिरहेकी छिन् । उनीहरूकै एक चिनारु स्थानीय महिला भन्छिन्- 'ए दिदी ! तपाईंलाई आफ्नो जीवन अँध्यारो लाग्दैन ?'

'लाग्दैन । छोरो पाउनु दुई महिना अघि अपाङ्ग भएका मेरा श्रीमान् मेरा उज्याला हुन् । उनी मलाई हर पाइला साथ दिन्छन्, हौसला दिन्छन् ।

'तपाईंलाई अपाङ्ग लोग्नेदेखि कुनै गुनासो छैन ?'

'छैन, हेर्नोस् आफ्नो भनेको आफ्नै हो । मैले लोग्ने मानेकी छु । उनी मलाई घरबार गर्न सिकाउँछन् । समाजमा बोल्न पनि लगाउँछन् ।'

भनेपछि दिदी अहिलेको घरबारदेखि खुसी हुनुहुन्छ ?

'खुसी छु । लोग्ने र छोरासँगै बसेर कुराकानी गर्दा, उनीहरूसँगै खानपिन गर्दा साह्रै खुसी लाग्छ । उनी मलाई माया गर्छन् । छोरालाई अक्षर सिकाउँछन् । घर हेर्छन् । मचाहिँ कमाएर लोग्ने र छोरोसमेत पाल्छु' भन्दै उनी मुख छोपेर हाँस्न थालिन् ।

अर्की एउटी स्थानीयले हाँस्दै भनिन्- 'आफ्नो लोग्ने र छोरो पाल्नु कुन नौलो कुरो भो त ?'

'हेर्नोस् दिदी ! म पढालिखा त होइन तर हाम्रो पहिलो संसार घरपरिवार हो । यी बहिनी पनि मजस्तै हुन् । एकै वडाका हौं । हाम्रो गाउँपालिकामा त हामी जस्ता महिला अरू पनि छन् ।

स्थानीय - हेर्नोस् बहिनी, यो त महानगरपालिका पो हो त !

हो दिज्यू हो, तर के गर्नु हामी त 'लोग्नेपालिका' पो हौं त ! तपाईंको 'महापालिका'मा यसरी यो अवस्थामा लोग्ने पाल्ने कतिजना हुनुहुन्छ ?'

... ... ... ।

स्थानीय सबैजना मौन रहे ।

**काठमाडौं ।**

ä ã

# सहयोग

**इन्द्रकुमार श्रेष्ठ**

स्वास्नीले तिलहरी लाउने रहर गरेको धेरै भएको थियो । पैसा ठिक्क जम्मा गऱ्यो, फेरि सुनको भाउ बढिहाल्ने । फेरि किन्न ठिक्क पऱ्यो, अर्को व्यावहारिक समस्या आएर पैसा त्यतै खर्च हुने । भनेजस्तो भइरहेकै थिएन । उसले बेलाबेलामा स्वास्नीले नाक बजाएको सुनिरहनुपरेको थियो । यसपटक भने बल्ल तिलहरी किन्ने पैसा जम्मा भएको हुँदा ऊ निकै खुसी थियो । भोलि नै सुनपसल गएर तिलहरी किनिल्याइदिने विचार गऱ्यो- 'कम से कम कचकच, गनगन र नाकबजाइबाट मुक्त त भइन्छ ।'

तर अकस्मात् बा बिरामी भएर उपचारका लागि शहर लानुपर्ने भयो । उसलाई फेरि दाँतैमा ढुङ्गो लागेजस्तो भयो ।

शहरको अस्पतालमा बाको उपचार त भयो तर लगेको पैसाले पुगेन अनि उसले चिनेका साथीभाइसँग हारगुहार गर्न थाल्यो । कतिपय सहयोगी साथीहरू चन्दा उठाउन थाले । उठाउनेले पनि भाग मागे । पहाडतिरबाट उपचार गर्न आएको मायालाग्दो बूढो मान्छे देखेर जो कोहीले पनि आर्थिक सहयोग गरेको हुँदा पैसा प्रशस्त जम्मा भयो ।

उपचारपछि बाउछोरा गाउँ फर्किए । भोलिपल्ट बिहानै स्वास्नीचाहिं भन्दै थिई- 'तिलहरी त राम्रो ल्याइदिनुभएछ ! यता हेर्नोस् त मलाई कत्तिको सुहाएको छ, अब आज म बजार जान्छु है ?'

**ओखलढुङ्गा ।**

ä ã

**तपाईंले साहित्य तथा शैक्षिक अन्तर्वार्ता, कथा, कविता, गीत र विश्लेषण फेसबुक तथा युटुबमा हेर्नुभयो त ?**

**Khabari Nepal**

# प्रयास

**इन्द्रकुमार श्रेष्ठ सरित्**

ठ्याक्कै चार दिन भइसक्यो सन्तोष इन्तु न चिन्तु भएर लडेको । चार दिनदेखि उसले पानीबाहेक केही खाएको छैन । दश वर्षीय छोराको यस्तो अवस्थाले यशोदाको आँखा ओभानो छैन । धामीझाँक्री सबैलाई देखाइसकिन् तर व्यथा बिसेक भएन ।

लोग्नेलाई दशौंपटक हारगुहार गरिन् यशोदाले तर बिरामी छोरोको अवस्था देखेन पनि नरबहादुरको मन पग्लिएन बरु ऊ रक्सीको नशामा झुमिरह्यो । दश घर चहारेर यशोदाले कुखुराको खोर रित्याएर पैसा जम्मा पार्दा झमक्क साँझ परिसकेको थियो । कोही साथी नभेटेपछि बिरामी छोरोलाई पिठ्यूँमा बोकेर ऊ धरानतर्फ लागी । पछिपछि छोरी सम्झना पनि थिई ।

दुई घण्टाजतिको हिँडाइपछि भानुचोक, धरानमा पुगेर यशोदाले रिक्सावालालाई बिन्ती बिसाएर सर्वेश्वरश्री अस्पतालतर्फ लागिन् । रिक्सामा बसे पनि उनको शरीर पसिनाले लपक्क भिरेको थियो । अस्पताल पुग्दा अर्धबेहोसीको अवस्थामा रहेको छोरोलाई बोकेर कहिले यता र कहिले उता दौडिँदा दौडिँदा बल्ल डाक्टर भेटियो । यशोदाले सानातिना थुप्रै ओखती किनार ल्याइन् ।

डाक्टर र नर्सले उनलाई बाहिरै बस्न भने । घण्टौं बित्यो । छोरोलाई कस्तो छ भनेर उनले पटक पटक सोधिन् तर उनले जवाफ पाइनन् । नर्स निस्कियो बेलामा यशोदाले दौडिँदै गएर सोधिन्- 'नानी, मेरो छोरोलाई कस्तो छ ? ऊ ठीक त हुन्छ नि ?'

'तपाई धेरै किचकिच गर्नुहुँदो रै'छ दिदी । के भा'को हो भनेर अहिले डाक्टरले भन्नुहुन्छ क्या । अहिले चेकअप हुँदै छ ।' नर्स गएतिर यशोदाले एकटक हेरेको देखेर छोरीका आँखा पनि टिलपिल भए ।

डाक्टर आएको देखेर अश्रुपुरित नजरले हेरिन् यशोदाले ।

'दिदी हामी प्रयास गर्दै छौ । ' डाक्टरको भनाइ सुनेर यशोदाका दुई हात विनीत मुद्रामा उठे ।

**काठमाडौं ।**

ä ã

# भगवान्को भलो

**एलपी पराजुली**

पहिलो दिन मूर्तिको अगाडि ऊ बेस्सरी रोयो । व्यवसायमा भएको नोक्सानी सुनायो । आफन्तले दिएको पीर पोख्यो । संसारदेखि विरक्तिएर बाँच्न मन नलागेको कुरा पनि जाहेर गर्‍यो तर कुनै प्रतिक्रिया आएन ।

दोस्रो दिन 'हे प्रभु ! तपाईं साह्रै दयालु हुनुहुन्छ, भक्तका दुःख हरण गरिदिनुपर्‍यो' भनेर फकायो तैपनि सुनुवाइ भएन ।

तेस्रो दिन 'हे प्रभु यति व्रत बस्छु उति पूजा गर्छु' भनेर भाकल गर्न थाल्यो । फेरि पनि मूर्तिबाट कुनै प्रतिक्रिया आएन ।

चौथो दिन 'मेरो काम बन्यो भने सुनको मुकुट चढाउँछु, मन्दिरमा छाना हाल्छु' भनेर वाचा गर्‍यो अझै मूर्तिबाट जवाफ आएन ।

पाँचौं दिन ऊ आक्रोशित भयो र औंला ठड्याउँदै मन्दिरबाट निस्कियो 'म जस्तो सच्चा भक्तको आवाज नसुनी मेरो लाखौंको नोक्सानी गराउने तिमी भगवान् होइनौ पत्थर पो रहेछौ । मेरो जस्तै तिम्रो पनि भलो हुने छैन ।'

अप्ठ्यारो पर्दा मात्र सम्झिने, आफ्नो स्वार्थपूर्तिको लागि भावनात्मक दबाव दिने, चाप्लुसी गर्ने, लोभ लालच देखाउने र केही नलागे आस-त्रासको अस्त्र प्रयोग गर्ने चरम स्वार्थी मान्छे अनुयायी भएपछि मान्छेको त के कुरा ? भगवान्को समेत भलो नहुने रहेछ ।

छैटौं दिन बिहानै एफएम रेडियोले मन्दिरबाट मूर्ति चोरी भएको समाचार फलाँकी हाल्यो ।

**कपन, काठमाडौं ।**

ä ã

**शब्दार्थ प्रकाशन**ले

**२२** थरी **शब्दकोश** प्रकाशन गरिसकेको छ र

अझै अरू प्रकाशन गर्दै छ ।

के तपाईं पनि कोशकार हुनुहुन्छ ?

आफ्नो शब्दकोश प्रकाशन गर्न इच्छुक हुनुहुन्छ ?

# रक्षक नै भक्षक भएपछि....

**कञ्चना झा**

काठमाडौंको बल्खुमा आज दौडादौड छ, हल्ला अनि सबैतिर भागाभाग। जो जस्तो अवस्थामा छन् त्यही अवस्थामा भागिरहेका छन् र नगर प्रहरीले उनीहरूलाई लखेटिरहेको छ । पसिनाले निथ्रुक्क भिजिसकेका छन् तैपनि भागिरहेका छन् उनीहरू आफ्नो साइकल लिएर ।

साइकलमा राखिएको आँप, लिची, स्याउ अनि केरा, सबै खसिरहेका छन् । थोरै भए पनि जोगिए हुन्थ्यो सम्झेर उनीहरू भागिरहेका छन् तर प्रहरी पनि के कम ? च्याप्पै समाउन सफल भयो साइकलवाला किसनालाई । किसना रुँदै प्रहरीको गोडा समाउँछ र अनुनय विनय गर्न थाल्छ- दया मालिक, मेरा साना साना छोराछोरी र कान्छो भाइ, घरमा बिरामी आमा छिन्, लाचार छु, दया गरेर मलाई छाडिदिनुस् । मुस्किलले केही पैसा जम्मा गरेको छु आमाको उपचारका लागि ।

किसनाले यति भनेकै थियो कि प्रहरीको आँखामा बेग्लै किसिमको चमक देखियो । उसले भन्यो- 'हुन्छ, तेरो साइकल म छोडिदिन्छु तर.......' 'तर के मालिक ? हात जोड्दै किसनाले सोध्यो ।

तर के भने, तैंले जम्मा गरेको पैसा मलाई दिनुपर्छ, प्रहरीले भन्यो ।

किसना अचम्भित भयो । आश्चर्य र दुःख मान्दै रुँन थाल्यो र प्रहरीको गोडा समाएर कल्पिन थाल्यो- 'हे मालिक ! म साह्रै गरीब छु, मालिक हजुरलाई के कमी छ ? मेरो संसारै यसैबाट चलेको छ, ईश्वरले तपाईंलाई आशिष दिनुहुनेछ, हजुर एक एक पैसा जोडेर घर चलाइरहेको छु ।

किसनाको वेदना पूरा पनि हुन सकेको थिएन, ती प्रहरीले किसनाको ढाडमा बेस्सरी लठ्ठी प्रहार गरे । किसना सडकमै पछारियो । अर्कोतिर प्रहरी भने 'तँ मधिसे, तँलाई यतिले पुगेन भन्दै लठ्ठीको वर्षा गर्दै थियो । वरिपरिका सयौं बटुवा रमिते भएर यो सबै हेरिरहेका थिए । केही महिलाले किसनालाई विचरा भनिरहेका थिए तर यत्तिकैमा भीडबाट एउटा आवाज आयो- 'यिनीहरूलाई यस्तै गर्नुपर्छ ।

ä ã

# तर्क

**कर्ण दयाल**

रामेश्वरको अदालतमा मुद्दा थियो । आज हुने भनिएको मुद्दाको फैसला एक दिन पर सऱ्यो । उनका पक्षमा फैसला आउने भनेर उनी पक्षका वकिलले पूर्ववत् जानकारी गराएका थिए । उनी फैसला सुन्न आतुर थिए । फैसलाको मिति पर सरेपछि उनी केही निरास भएका थिए ।

उनले घर फर्कनुभन्दा पहिले न्यायधीशलाई भेट्ने मन गरे ।

उनका वकिलले न्यायधीशलाई भेटायो । उनले भेटमा न्याधीशलाई भन्यो, 'श्रीमान् मेरो मुद्दाको फैसला किन पर सारियो ? म त अदालत धाउँदा धाउँदा थाकिसकें । ममाथि कृपा होस् श्रीमान् ।'

उनको कुरा सुनेर न्यायधीशले मुसुक्क हाँसेर भने, 'आज अरू मुद्दाको चाप थियो । अब  भोलि हुन्छ तिम्रो फैसला । भात खाएर दश बजे हाजिर हुनु ।'

उनी भोलिपल्ट अदालतमा हाजिर भएनन् । मुद्दाको फैसला भयो । मुद्दा उनका प्रतिवादीले जिते । उनी एक दिन बिराएर मात्र अदालत पुगे ।  । अदालत पुगेपछि मुद्दाका बारेमा जानकारी पाए । उनी निरास भए । उनले वकिलप्रति गुनासो गरे । मुद्दाको फैसला हुने भनिएको दिन हाजिर नभएकै कारण मुद्दा हारिएको हो भनी उनका वकिलले बताए ।  यतिले मात्र उनको चित्त बुझेन । उनले न्यायधीशलाई पनि भेटे । न्याधीशले उनलाई देख्ने बित्तिकै रिसाउँदै भने- 'अदालतमा हाजिर हुने भनेको दिन किन हाजिर नभएको ?'

न्यायधीशका कुरा सुनेपछि आफ्नो जवाफमा रामेश्वरले भने- 'श्रीमान् हजुरले भोलि दश बजे भात खाएर हाजिर हुनु मर्जिभएको थियो । हिजो मेरो घरमा रोटी खाने पालो थियो । भात खाने पालो आज पऱ्यो । आदेशानुसार म आज भात खाएर हाजिर भएको हुँ श्रीमान् ।'

**मेलौली -७, बैतडी ।**

ä ã

**के तपाईंले शब्दार्थका साहित्यिक कृतिहरू पढ्नुभएको छ ?**

# असार

**कलानिधि दाहाल**

चमेली धेरै अगाडिकी साथी हो, आत्मीय साथी, योभन्दा पनि बढी जे हुनसक्छ त्यही साथी। लामो समय उसको र मेरो भेट अज्ञातमा रह्यो।

हल गोरु, हली दरो छ। रोपार खेतभरि छन्। झम्झम झरी परेकै छ। गाउँ ठाउँ, शहर जहाँ भए पनि कामको प्रकृति एकै हो। हलीले जोत्छ, दाँदे लाउँछ। लाठेहरू साबेल हल्लाएर हिलो सम्म्याउँछन्। आली चिल्याउँने कोदालीसाथ चिल्याइरहन्छन्। खेताला घरका मूलीले खोजेको हुन्छ, अरू अनभिज्ञ ! छुपुछुपु धान रोपिरहेका रोपार हेरौँ हेरौँ लाग्छ। उनीहरू त दुवै काम एकैसाथ गर्छन्- धानका बिरूवा रोप्ने र टाङमुनिबाट लाठेलाई हेर्ने उस्तै परे त्यहीँबाट हिलो मन परेको लाठेलाई छेपेर नजानिंदो पाराले आफूतिर आकर्षित गराउने वा लोभ्याउने।

यसमा अजीव मनोविज्ञानले काम गऱ्यो। म अर्थात् कले लाठेकै रूपमा हिलो सम्याउन जोडतोडले हिलोसँग नै कुस्ती खेलिरहेका बेला आफैं हिलोमुनि परेँ। साबेल चल्न बन्द भयो, ममाथि कोही आरोहित छ, चिसो हिलोमा पनि करेण्ट लागेजस्तै ममा आइरेछ। अचम्म कहाँ यति मात्र हो र ? सबै गलल्ल हाँसेको फोहरामय आवाज कानले सुनिरहेको छ।

ए के गरेकी मोरी ? यस्तो स्वर पनि कानमा आइरहेको छ। फेरि सबै खित्का छाडेर हाँस्छन्। ए, छोड न छोड अर्को आवाज आउँछ। म थिचिएकै छु। म किन छाड्ने ? मेरो सर्वस्व नै यही हो। मेरो सिङ्गो अतीत यही। मेरो जीवनको प्राण यही म यसलाई छाडेर के गरूँ। मेरो भुलेको अतीत...मेरो सर्वस्व...शरीर शब्दसँगै अलि हलुका भयो। शिरसम्म उचालिने हल्का। हेरेँ, म उनलाई जताबाट हेरे पनि चिन्थेँ। चिनेँ उहीँ चमेली जसलाई कुनै पापीले....छल... गरेर अदृश्यको जाली गर्तमा लुकाएको थियो। तिनै चमेली देख्नासाथ अँगालो बेजोड कसियो। अनायास...एकाएक...उनले मात्र अँगालो कस्दा त खेत सन्नाटामा पुगेको थियो, अब दुवैले दुवैलाई कस्दा, ए, मोरामोरी हो ! के गरेको आवाज खेतभरि छरिएका छन्, झरी झरेको झरै छ, मेलो निकै बाँकी छ तर काम भने चुपचाप चुपचाप सब सन्नाटा...अँगालो....मात्र ...अँगालो। चमेली....कले मात्र ...अँगालो। अज्ञात अतीत रहस्यले ज्ञात चेतना सब ठप्प...ठप्प...झरी, गोरु, गोठाला, खेताला, हली असार जस्ताको त्यस्तै छ।

ä ã

# प्रकृतिको उपहार

**डा. कुसुमाकर शर्मा गौतम**

प्रकृतिले जे दिन्छिन् त्यो नै हाम्रो जीवनको उपहार हो भन्ने सिद्धान्तका बालकृष्णलाई फूल फुलाउने औधी रहर छ । त्यही भएर घर अगाडिको करेसा बारीमा धेरै थरीका फूलहरू लगाएका छन् । फूलका बोटहरू पनि निक्कै सप्रिएका । हुन पनि किन न सप्रिउन् ? मल जल गरिरहन्छन् । जतिखेर पनि फूलबारीमै हुन्छन् । बिरूवा ढल्लान् भनेर मसिना काठका बार लगाएका छन् तह तह बनाएर ।

फूलहरू हेर्दै जाँदा आज पनि उनको नजर लाहुरे फूलको त्यही एउटा थुँगामा गयो । एक हप्ता अघि यही एउटा थुँगा मात्रै ढकमक्क फुलेको थियो । आफ्नै भारले थुँगा नुहेको जस्तो भएको थियो । थुँगालाई सिधा बनाउन घुमाउँदै माथिल्लो तहको बारमा पुऱ्याउन खोज्दा कमलो डाँठ प्याटै भाँचियो । भाँचिएको डाँठलाई हरियो पातलो बोक्राले मात्रै जोडेको थियो । पहिलो फूल आफैले भाँचेकोमा बालकृष्ण साह्रै दुखी भए । चुकचुकाउँदै बालकृष्णले डाँठ सीधा बनाए । थुँगातिरको भाँचिएको डाँठको टुप्पोलाई फेदतिरको टुप्पामा बसाले । नछुट्टिएको पातलो बोक्राको सहायताले मात्रै त्यो अड्याउन सकेका थिए । त्यति गर्दा पनि तुरुन्तै ठड्याइएकाले जोडिए छ र जीवन सञ्चार भएछ । आज त्यो थुँगा सानो भए पनि अरू थुँगाहरू सँगसँगै खडा छ ।

यसरी सन्तोषको सास फेरिरहेको बेला तेह्र वर्षे छोरो लर्खराउँदै पछाडितिरबाट करायो, 'तिस्कुल दाने बेला भो बा ।' बालकृष्णले फर्केर हेरे । लाहुरे फूलको त्यही जोडिएको थुँगा र आफ्नो विकलाङ्ग छोरो दुवै सँगसँगै मुस्कुराएको जस्तो लागेर गमे, 'दुवै प्रकृतिका सांसारिक उपहारहरू, आहा ! कति सुन्दर छन् ।'

**रूकुम, हाल : एडमन्टन, क्यानाडा ।**

ä ã

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**

web : http://nepalipublisher . com/

# आवेग यात्रा

**कृष्णदेव रिमाल 'शब्दसेना'**

उनको घरमा प्रवाहिनी प्रवाहित छ । कार्यस्थलमा पनि त्यस्तै छ तर त्यो जलप्रवाहिनी होइन । आवेग प्रवाहिनी हो । घरमा अक्सर खाना खाने बेला पाकशाला वरपर प्रवाहले उग्ररूप धारण गर्छ । कार्यस्थलमा सुविधा वितरणको बेला त्यो प्रवाहित हुन्छ । उनी अर्थात् रस्मिता रिसाल निजामती सेवामा लेखा समूहकी उपसचिव छिन् । प्रायः असारको अन्तिम सप्ताह कार्यव्यस्तता निकै पेचिलो हुने गर्छ । कागजात नमिलेर, काम नसकिएर वा कामको दृश्य गुणस्तर र लेख्य प्रतिवेदन बीचको तादात्म्यता नमिलेर भुक्तानीजनित थुप्रै हस्ताक्षर हुन बाँकी थियो । छिटो हस्ताक्षर गर्न उत्तर दिशाबाट प्रवाहित आवेग प्रवाहिनी उनको मथिङ्गलमा आएर शैवालसदृश घुमिरहेको थियो ।

उनी घर पुगिन् । छोरोलाई भुन्टीले खाजा ख्वाई त होला नि ! घर पुग्नै लाग्दा छ वर्षीय छोरा युनिसको भोक याद आयो । होइन होइन डाइनिङमा सँगै राखेर युनिसलाई सफा र ताजा पकवान्न ख्वाउँदै होली । हातको घडीमा युगल विशालाक्ष जुधाएपछि केही पृथक् कल्पना गरिन् र गाडीबाट झरेर घरभित्र पसिन् । भुन्टी बरण्डामा बसेर एकसुरमा मोबाइल चलाउँदै गरेको देखियो । उनको पूर्व कल्पनामा एक आघात पऱ्यो ।

युनिसको रिडिङ रूमको नजिकैबाट रस्मिता पास हुँदै थिइन् । त्यतिखेर युनिस बबलाई सँगै राखेर खाना ख्वाउँदै थियो । जुन प्लेटबाट बबलाई खान ख्वाइँदै थियो त्यो युनिसको भोजनपात्र थियो । दृश्यले रस्मिताको आवेग छङ्छङ्याइलो शैलीमा प्रवाहित गरायो । छोराको गालामा म्वाइ खाने मन एक्कासी हरायो । हात सन्सनाएर अगाडि बढाइन् । युनिसको गाला रातो भयो । ऊ अवाक् नै रह्यो । बब उफ्रेर फुत्त भगिसकेको थियो । रस्मिताले युनिसलाई विस्फारित नजरले हेर्दै 'त्यो तेरो भाइ हो ? आफ्नै प्लेटमा ख्वाउने हो ?' भनेकी थिइन् ।

औपचारिक वस्त्रहरूबाट निवृत्त भएपछि शेष रहेको आवेग भुन्टीमाथि प्रवाहित गर्न उनी वरन्डामा पुगिन् । भुण्टीलाई प्रवाहिनीको पूर्वनुमान भइसकेकोले ऊ कतै गैसकेकी थिई । रस्मिताको आवेग प्रवाह वेग केही मत्थर भयो । त्यति नै बेला पुष्प बगैँचामा केही रङ्गीन चराहरू आएर चिर्बिराए । यो दृश्य हेरेपछि र प्राकृतिक सङ्गीत सुनेपछि दिउँसो सहसचिवज्यूले उनलाई गरेको गाली बिर्सिइन् । त्यो गालीलाई थप्पड बनाएर युनिसको गालामा भर्खरै वर्षाएको पनि भुसुक्कै बिर्सिइन् । बब पनि बगैचामा पुगेछ । युनिस पनि त्यहीँ थियो । युनिस बबलाई लखेट्दै लात मारिरहेको थियो । बब कुइँकुइँ कराउँदै पुच्छर टाँडमुनि घुसारेर भागिरहेको थियो । रस्मिताले भने बल्ल आज आवेगको उद्गम र गन्तव्य पत्ता लगाइन् । उनी दिव्य ज्ञान मिले झैँ मुसुक्क मुस्कुराइन् ।

ä ã

# विदेशको सपना

**कृष्ण तिमिल्सिना**

'मामु म विदेश जान्छु । तपाईहरूलाई सुखसँग राख्न मन छ पछि पूरै सुख दिन्छु ।' छोराको कुरा सुनेर आमा मख्ख परिन् ।

'हुन्छ छोरा जा तर धेरै नबस् है ! फेरि हामीलाई बुढेसकालमा कसले हेर्छ ।' छोराले विदेश जाने कुरा गरेको सुनेर आमा खुसीका साथै बुढेसकालको चिन्ताले बोलिन् । आमाछोराको गन्थन हुँदै गर्दा बाबु कामबाट आए ।

'हैन ! के गफ हुँदै छ आमा छोराको ?'

'छोरा विदेश जान्छ रे ! हामीलाई सुख दिनका लागि । धेरै कमाएर आउँछ रे छिट्टै ।' आमाले खुसी हुँदै सुनाइन् ।

'हो ! पापा म क्यानाडा जान्छु नत्र अमेरिका जान्छु । केही वर्ष बसेर आउँछु ।' छोराले तेजिलो आवाजमा भन्यो । 'हुन्छ छोरा जा ! जान चाहीँ जा तेरो सपना पूरा गर् तर तेरो आमा बाउलाई वृद्धाआश्रम खोजेर जा ।' बाबुले भन्यो ।

'हैन ! के भन्नुभएको पापा ? म आउँछु त चाँडै ।' छोरा केही झर्किए जस्तो निराश भए जस्तो रिसाए जस्तो देखियो ।

'हेर छोरा विदेश एउटा दलदल हो । पैसा कमाउने सपनामा सारा नेपाली त जान्छन् । स्वदेश आएर अनेक व्यवसाय गर्ने सपना देख्छन् तर गएर आउन मुस्किल छ छोरा । उताको जीवनशैलीमा भिजिसकेको मान्छे यहाँ आएर कसरी बस्न सक्छ ? धेरै गाह्रो हुन्छ छोरा । तँलाई तेरो सपना पूरा गर्नु छ, जा गर् तर फर्केर आउँछु भनेर हामी बूढाबूढीलाई सपना नदेखाई जा छोरा ।' बाबुको कुरा सुनेर आमा छोरा मुखामुख गर्न थाले ।

**कञ्चनरूप नपा., सप्तरी ।**

ä ã

**तपाईंले साहित्य तथा शैक्षिक अन्तर्वार्ता, कथा, कविता, गीत र विश्लेषण फेसबुक तथा युटुबमा हेर्नुभयो त ?**

**Khabari Nepal**

# आशङ्का

**कृष्ण बजगाईं**

जीवनको महत्त्वपूर्ण निर्णय गर्नका लागि भनेर एक युगल प्रेमी मन्दिरमा पुगेका थिए । आफ्नो प्रेमीको निराश अनुहार देखेर प्रेमिकाको मुहारबाट एकाएक खुसी हरायो ।

'भगवान्लाई साक्षी राखेर नयाँ जीवन सुरुवात गर्ने भनेर यहाँ आएका छौं तर तपाईं निराश देखिनुभएको छ । के भयो भन्नु न ।' प्रेमिकाले सोधी ।

'एकजोडी भूतपूर्व युवायुवती केही वर्षदेखि एकदम तनावमा थिए । तिनकै कारणले म अहिले तनावमा छु ।' प्रेमीले भन्यो ।

'भूतपूर्व युवायुवती ?' कुरा नबुझेर प्रेमिकाले अर्को जिज्ञासा राखी ।

'उनीहरू भूतपूर्व प्रेमीप्रेमीका थिए ।' प्रेमीले जवाफ दियो ।

'भूतपूर्व प्रेमीप्रेमिका ?' आफ्नो जिज्ञासाको अर्कै उत्तर आएपछि केही कुरा नबुझेर प्रेमिकाले फेरि सोधी ।

'उनीहरू अहिले भूतपूर्व श्रीमान् श्रीमती हुन् ।' प्रेमीले भन्यो ।

'भूतपूर्व श्रीमान् श्रीमती ?' आगराको कुरा सोध्दा गाग्राको उत्तर आउँदा प्रेमिका छक्क परी र पुनः प्रश्न सोधी ।

'उनीहरूले यात्राको क्रममा बाटो बिराए' प्रेमीले भन्यो ।

'बाटो बिराए ?' प्रेमीको जवाफले प्रेमिकाको मथिङ्गल रिँगाए पनि फेरि सोधी ।

'बाटो बिराउनाले दुर्घटना भयो ।' प्रेमीले भन्यो ।

'दुर्घटनापश्चात् तिनीहरू अस्पतालमा पुगे नि ?' प्रेमिकाले आत्तिँदै सोधी ।

'होइन, प्रेमालय जानुपर्दथ्यो तर न्यायालय गए ।' प्रेमीले भन्यो ।

'त्यसपछि के भयो ?' प्रेमिकाले सोधी ।

'डिभोर्स भयो ।' प्रेमीले भन्यो ।

'छिटो भन्नु न को हुन् ती ?' प्रेमिकाले सोधी ।

'ती मेरा आमाबुबा थिए । हामी पनि त अलिकपछि त्यस्तै गर्दछौं होला हगि ?' प्रेमीले गम्भीर हुँदै सोध्यो ।

प्रेमीको कुरा सुनेर प्रेमिका मौन भई ।

**बेलायत ।**

ä ã

# काजगपत्र

**खेमराज पोखरेल**

मैरै जिल्लामा मेरो साथी जिशिअ भएर आएको छ । उसकै कार्यकक्षमा बसेको छु । ऊ मलाई तथ्याङ्क देखाएर नै भन्दै छ– 'म आएपछि यो जिल्लाको शिक्षाको स्थितिमा निकै कायापलट भएको छ । मैले विद्यालयको पढाइलाई स्तरीकरण गर्न निकै ध्यान दिएको छु । शिक्षकहरूलाई पढाउन मोटिभेट गरेको छु ।' साँच्ची मैले तथ्याङ्क हेरेँ । निकै प्रभावित भएँ । कुरा सकेर म बाहिर निस्कें । मेरै गाउँको विद्यालयका सञ्चालक समितिका अध्यक्ष लक्ष्मीकान्त भेट भए । उनी गाउँको सेवामा लाग्छु भनेर मास्टर्स सकेपछि जागिर नखाई गाउँ फर्केका थिए । हालखबर आदानप्रदान भएपछि उनले मलाई भने– 'दाइ, जिशिअ हजुरको साथी हो ?'

मैले सहज जबाफ दिएँ– 'हो ।'

उनले फेरि मलाई भने– 'मरेपछि कात्रो पनि सँगै जाँदैन भन्ने कुरा थाहा रहेनछ जिशिअलाई दाइ ।'

मैले छक्क परेर सोधेँ– 'के भनेका भाइ ? मैले त कुरा बुझिनँ ।'

उनले भनेँ– 'मेरो स्कुलमा विद्यार्थीको स्तरीकरण गर्न दश लाख बजेट दिने रे ! तर पाँच लाख उनै जिशिअलाई दिनुपर्ने रे ! बाँकी पाँच लाख मैले र विद्यालयका प्रअ तथा शिक्षक मिलेर खानु रे !'

'अनि काम ?' मैले अनायास सोधेँ ।

उनले जबाफ दिए– 'जिशिअ त भन्छन् कि सबै कुरा कागजपत्रमा मिलाउने हो रे नि दाइ ।'

**हाल : अमेरिका ।**

ä ã

**अब हाम्रो पालो**

विदेश यात्रा, अन्तर्वार्ता, छन्दकविता आदि अङ्क ।

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**

web : http://nepalipublisher . com/

# निर्णय

**गङ्गा कर्माचार्य पौडेल**

बुद्धिबहादुरले एउटा भेलामा भने 'अस्ट्रेलियामा बसेका भए पनि हामीले आफ्नो चाड पर्व मनाउने, संस्कृतिको जगेर्ना गर्ने मात्र नभई नेपाली संस्कृतिलाई अस्ट्रेलियामा चिनाउने काम पनि गरेका छौं । अब हामी जति पनि लेखक कविहरू यहाँ छौं सबैले नेपाली भाषासाहित्यलाई विश्वसामु चिनाउनुपर्दछ ।

त्यही भेलामा सहभागी एकजना कविले भने 'ओहो ! पुस्तक छाप्ने काम चाहिं नगरौ है । पोहोरसाल मैले एउटा कविताको किताब छापेर काठमाडौंमा विमोचन गरेको थिएँ । समीक्षकले के भने थाहा छ ? यो कविताको किताब पूरै अशुद्ध छ । विचार, शिल्प शून्य छ । खाली भाव भात्र भएर हुन्छ कविता ?' भनेर झपारे । त्यति मात्र होइन मेरो किताबलाई डायस्पोरिक पनि भने । उनले त्यसो भन्दा मेरो चित्त साह्रै दुख्यो । रुँनमात्र सकिनँ । हामी जहाँ बसे पनि नेपाली नै हौं । नेपालमा बसेर लेखे नेपाली हुने ? विदेशमा बसेर लेखे डायस्पोरिक ? त्यस दिनदेखि मैले किताबै नलेख्ने भनेर बसेको छु ।

त्यसैगरी अर्का एकजना कथाकारले भने 'मैले पनि कथाको किताब प्रकाशित गरेको थिएँ । किताब छाप्ने प्रेशले त्यहाँका लेखकको भन्दा मेरो किताबको चौबर मूल्य असुले । हामीले पैसा कमाउन कति दुःख गरेका छौं । उनीहरूले त विदेशमा बस्नेको घरमा यत्तिकै पैसा बर्सिन्छ जस्तो गर्छन् बा... ।

त्यसैगरी एकजना उपन्यसाकारले भने 'नेपालमा अरू विधाभन्दा उपन्यासको बजार छ भन्ने सुनेको थिएँ । बडो मिहिनेत गरेर उपन्यास लेखें । नाम चलेका विद्वान्बाट भूमिका लेखाएँ । मै हुँ भन्ने सम्पादकबाट सम्पादन पनि गराएँ । त्यो किताब सबैभन्दा उत्कृष्ट हुन्छ भन्ने आसमा थिएँ । विमोचनको दिन पत्रकार, टेलिभिजनसहित दर्शकले फाइभस्टार होटलको हल पूरै खचाखच भरिएको थियो । सोचें सबैले १-१ थान किताब किने पनि अलिकति खर्च उठिहाल्छ तर ....... किताब बिक्री नभएपछि सित्तैमा बाँडें । बाँडेका किताब पनि कसैले पढ्यौं भनेनन् । पाठकै नभएपछि कसका लागि किताब लेख्नु ?

बाँकी लेखक कविले पनि पालैपालो नेपालमा भएको साहित्यिक अवस्थाका बारेमा आआफ्ना अनुभूति सुनाएपछि बुद्धिबहादुरले भने 'तपाईंहरूको कुरा सुनेर मलाई पनि दुःख लाग्यो तर के गर्नु ? हामीले हाम्रो मातृभूमिको लागि केही त गर्नैपर्छ । त्यसकारण मैले नेपाली भाषाका राम्रा राम्रा साहित्यका पुस्तक ल्याई अग्रेजीमा अनुवाद गराई वाङ्मयको सेवा गर्ने निणय गर्रें ।

ä ã

# कलह

**गङ्गा आचार्य सापकोटा**

श्रीमान् शङ्का गर्न सिपालु थिए । बजार जान सजिएकी श्रीमतीलाई हेरेर शङ्का उमारे- 'कहाँ, किन, कोसँग ?' श्रीमती मुख चलाउन सिपालु थिई । कलहले उग्ररूप लियो । श्रीमान्ले पाखुरा सुर्के । श्रीमती रूँदै चिच्याउँदै आँगनमा कुदिन् ।

टोल छिमेक जम्मा भए । कसैले श्रीमान्लाई दोष दिए भने कसैले श्रीमतीलाई ! कसैले दुवै बेठीक भने त कसै कसैले पालैपालो दुवैलाई सान्त्वना दिए झैं अझै उक्साए । छिमेकीका आआफ्ना किसिमका तर्क वितर्क सुनेर श्रीमान् श्रीमतीलाई औडाह छुट्यो । उनीहरूले एकाअर्कालाई पुलुक्क हेराहेर गरे । आँखैआँखाले भने- 'हजुरले शङ्का गरेर त हो नि !' 'तिमीले पनि त मुख छाड्यौ नि !'

दुवैको रिस साम्य भयो । एकाअर्काको हात समाएर छिमेकीतर्फ हेर्दै भने- 'घरभित्रको कलह आँगनसम्म आइपुग्नु भनेको त आफ्नै घर कमजोर हुनु पो रहेछ ।' सबै जिल्लिएर घर फर्किए ।

**बाग्लुङ, हाल काठमाडौं ।**

ä ã

# कानुन

**ताराप्रसाद चापागाईं**

'मर्न लागेको साथीलाई मानवीय सहायता गर्दा जेल परिने यो कस्तो पापीहरूको देश' रामे एक्कासी ठूलो स्वरले चिच्यायो । उता कृष्ण 'राम मलाई बचाऊ' भन्दै छटपटाइरहेका थियो । 'मलाई माफ गरी दे कृष्ण' राम आफ्नै टाउकोमा हातले हिर्काउँदै भुइँमा थुचुक्क बस्यो ।

धेरै पैसा कमाएर आफू र आफ्ना परिवारलाई सुखी, सुखी बनाउन भनेर एउटै गाउँका दौंतरी राम र कृष्ण दश वर्ष पहिला दुबईको एउटा कम्पनीमा काम गर्न आएका थिए । सडक छेउ पैदल बाटोमा हिंड्दै गर्दा कृष्णलाई पछाडिबाट एउटा गाडीले ठक्कर दिएको थियो । हातमा पानीको बोतल बोकेको भए तापनि स्थानीय कानुनको कारण आफ्नै आँखा अगाडि साथी तड्पिएर मर्दै गर्दासमेत रामले एकघुटको पानी पिउन दिन सकेन । कृष्ण 'राम दाइ पानी !' भन्दै छटपटाइरहेको थियो । रगतको अहाल बनिसकेको थियो । करिब पाँच मिनेटमा हुइँ हुइँ सइरन बजाउँदै तीन प्रहरीको कार र एक एम्बुलेन्स घटनास्थलमा आइपुग्यो तर कृष्ण लल्याकलुलुक भइसकेको थियो ।

ä ã

# भाषण

**गणेश नेपाली**

बुद्दिलाल गाउँमा टाठो बाठो मानिन्थ्यो । त्यसैले पनि गाउँको चाबी उसैको हातमा थियो । जति पनि हिनामिनाका कुरा उठ्थे सबै साम्य हुन्थे । एक प्रकारले गाउँलेहरू शोषित पीडित थिए । सबै कुरा बाहिर ल्याउन गाउँले थुर्र काँप्थे । त्यसैले पनि बाहिर सबैको नजरमा ऊ विकास प्रेमी मानिन्थ्यो ।

स्थानीय चुनावपछि बुद्दिलाल माथि स्थानीय सरकार र पार्टीको नजर पनि पर्ने नै भो । पार्टीका अगुवाले उसलाई प्रस्ताव राखिहाले, 'बुद्धिलाल दाइ हाम्रो स्थानीय सरकारले कोटाको आधारमा तपाईंलाई सदस्यमा मनोनित गर्ने निर्णय गरेको छ । तपाईं जत्तिको व्यक्ति तपाईंको जातियता भित्र अरू कोही देखिएन । पाँच वर्षका लागि डटेर लाग्नुपर्‍यो ।' उसलाई ढुङ्गा खोज्दा देवता मिले जस्तै भयो । काम गर्ने आशा जनाउदै भन्यो- 'धेरै कुराहरू मैले जानेको छैन । तपाईंहरूको सहयोग अवश्य पाउनेछु । मेरो आफ्नो समुदाय र गाउँको मुख फेर्न लागि पर्नेछु ।'

अब बुद्धिलालले आफूलाई अग्रसर बनाउने कार्यमा लाग्यो । बोल्न सिक्यो । चाकरी गर्न सिक्यो । ठूला नेताको भाषण गर्ने तरिका हे-यो । उखान टुक्का जोडेको भाषण खुबै मन पर्दथ्यो र नक्कल गर्न खोज्थ्यो । यस पटकको गाउँ सभामा बुद्धिलाललाई आफ्नो वर्ग, समुदाय र सिङ्गो पालिका भित्रको यथार्थ चित्रण राख्ने जिम्मा दिइयो । मञ्चमा पुगेर उसले जोशका साथ केही टुक्का जोडदै कुर्लियो । सभा हलमा तालीको सट्टा हाँसो बढी गुन्जियो । उसमा अझै जोश थपिँदै गयो । फेरि केही टुक्का जोड्दै आफ्नो भाषण टुङ्गायो । हलमा हाँसो र हल्ला यथावतै थियो ।

बुद्धिलालले आफ्नो सहकर्मी सँगै कुर्चीमा थचक्कै बस्दै भन्यो- 'साथी मेरो भाषणमा मान्छे किन गलल्ल हाँसे ? किन मैतिर सबैको नजर छ भन्या ।' सहकर्मीले मुख खोली हाले- 'मैले ताक्छु घुँडो बन्चरोले ताक्छ मुढो, अनि पात काटेर कानमा राखिदिन्छु भनेर कुर्लिएपछि मान्छे नहाँसेर रून्छन् त ।'

गाँठी कुरो बुझेपछि बुद्धिलाल बल्ल रातोपिरो भयो ।

**बगनास, पाल्पा ।**

ä ã

# गरिमा-यात्रा

**छवि ज्ञवाली**

मोटरसाइकलमा पेट्रोल भरेर गुड्नै लाग्दा अन्जानमै औंलाले थिचिएर हर्न बज्यो । अचानक कलेजको पोसाकमा सजिएकी युवतीले लिफ्ट मागिन् । आफ्नो काममा हिंड्दा अवस्था हेरीकन अरूलाई लिफ्ट दिन म पनि बेलाबखत भूमिकारत हुन्छु ।

उनलाई बुद्ध जन्मस्थलबाट बुद्धनगरीको प्रवेशद्वारसम्म ल्याइदिएँ । सामान्य सोधपुछ गरें । नाम गरिमा रहेछ । मेरो त काम मात्र सोधनी भयो गरिमाबाट । उनी यहीं नगरको कलेजमा १२ कक्षामा पढ्ने र फुर्सद मिलाएर कलाकारिता सिक्दै रहिछन् । कलेज आउन सार्वजनिक बस कुर्नुपर्दा सडक किनारैमा बसेका बेला उनकै इच्छाले बीस/तीस दिनपछि अर्को एक दुई पटकसमेत उनको लिफ्ट मगाइलाई मैले स्विकारेथें । उनीबाटै थाहा भो-बाबा विदेशमा रोजगारमा अनि त्यही पेट्रोलपम्पकै छेउमा उनीहरू (आमा र बहिनीसहित) ले चियानास्ताको सानो पसल चलाउँदै आएको कुरा । यो प्रसङ्ग सकियो ।

लगत्तै देशमा स्थानीय तहको निर्वाचन भयो । बिदाका कारण काममा दुई हप्तापछि बल्ल फर्किएँ । दुई चार दिन लगातार गुड्दै गर्दा पनि मूल सडककै किनारको उक्त पसलमा ताला लगाएको देखिन्थ्यो ।

एक दिन सोही पम्पमा पुनः पेट्रोल राखी हिंड्नै लाग्दा पम्पवालालाई सोधे- 'के, चुनावमा भोट हाल्न गएर यिनीहरू अझै फर्किएका छैनन् कि क्या हो ?' उसले आफ्नै मौलिक र मस्त पारामा मुखमा चपाइरहेको पान पिच्च भुइँमा थुक्दै भन्यो- 'भन्नुहुन्छ तपाईं, दश कक्षामा पढ्ने आफ्नी बहिनीसहित उसले पनि जहर खाएर एकैसाथ अर्को संसारमा गए नि । त्यसैले यो पसल सदाकै लागि बन्द गरेर पहाडतिर गएकी छन् आमा ।'

'धत् मजाक गर्नुहुन्छ ?' मैले घोर आश्चर्यभाव जनाएँ उसको जवाफमा । उसले सर्सरी घटनाका पोयाहरू फुकाउँदै जाँदा म क्रमशः खुम्चिँदै गएँ । बल्ल बल्ल त्यस दिन त्यहाँबाट हिंडें तर हिजोआज पनि दिनहुँ उही घटनास्थल हुँदै गुडिरहेको हुन्छु । मेरा आँखा र मनले सोचिरहन्छन् । आखिर ती गरिमा आफ्नी बहिनीसहित कुन संसारमा पुगिन् होला ?

**सिद्धार्थनगर, रूपन्देही ।**

ä ã

# टेन्सन

**जनार्दन दाहाल**

दिनभरि उभिएर पढाएको लगातार छ दिन भएछ । विद्यार्थीहरू पनि के भएका जति पढाए पनि एकैछिनमा बिर्सने । गाली गर्‍यो कि त घरमा गएर बाआमालाई पोल लगाउने । बाआमा झन् कस्ता सिधै प्रिन्सिपलकामा कम्प्लेन लिएर आउने । प्रिन्सिपल ऊ भएकै कक्षामा गालीको वर्षा लिएर आउने । उसलाई गाली गरेको देखेपछि विद्यार्थी खुसी हुने ।

जागिर नखाऊँ श्रीमती, छोराछोरी कसरी पाल्ने, कसरी पढाउने, लेखाउने ? उसले मनमनै कुरा खेलायो अनि टेन्सनले टाउको समायो । चार बजे छुट्टी भएपछि दिक्क लागेर ऊ टेन्सन मुक्त हुन एउटा होटलमा छिर्‍यो ।

उसले चिसो माग्यो तर 'छैन' को जवाफ आयो । खाजा खानुपर्‍यो भनेर खाजा माग्यो त्यो पनि 'छैन ' मै जवाफ आयो ।

'केही छैन त ?' प्रश्न गर्‍यो उसले ।

'लिनु हुन्छ ? टेन्सन छ' साहुनीले बित्थामा मुख पो फर्काई ।

बाहिर निस्कँदा थाहा पायो साहुसाहुनीको हिजो ठूलै झगडा भएको रहेछ । दुवै टेन्सनमा भएकाले पसलमा आज केही छैन ।

तरकारी लिएर जानुपर्‍यो भनी ऊ रूपीका कहाँ पस्यो । उसले ओइलाएका र थिलथिलो भएका पुराना बासी तरकारीका टोकरी देखाउँदै भन्यो, 'पहिरोले बाटो बन्द भो, तरकारी बाटैमा रोकियो, कस्तो टेन्सन भा' छ ।'

ऊ तरकारी पनि नलिई फर्कियो । केही किराना सामान लानुपर्‍यो भनेर ऊ ढकाल माल्दाइकामा पस्यो । दाइ थिएनन्, भाउजू मुख फुलाएर बसेको देखेपछि यहाँ पनि टेन्सन नै होला भनेर ऊ केही नबोली हिँड्यो ।

घरमा पुग्यो । श्रीमतीले उसको निरासा र थकाइ आफ्नै झैं ठानेर चिया टकारी । श्रीमतीको हँसिलो चेहरा र व्यवहारले उसको स्कुल, होटल, तरकारी पसल र किराना पसलका सबै टेन्सन बिर्साइदियो, टेन्सन सेलाइदियो ।

अन्त्यमा ऊ यो निचोडमा पुग्यो- वास्तवमा घर बाहिरका टेन्सन बाहिरै सक्नुपर्ने रहेछ । घरमा ल्याइयो भने झन् टेन्सन हुने रहेछ ।

**अर्जुनधारा, झापा ।**

ä ã

# आस्था

**जेबी खत्री**

उसको घरदेखि केही तल खोलाको छेउमा देवीथान थियो । हरेक बिहान उसका बा त्यहाँ गएर पूजाआजा गरी थानमा गाईको दूध र हरियो दूवो चढाउँने गर्थे । ऊ उसका बाको पछिपछि जान्थ्यो । बाको छेउमा बसेर सबै हेर्थ्यो । सधैँ बाले यसो गरेको देखेर एक दिन उसले बालाई सोध्यो- 'बा किन हामी सधैँ यहाँ आएर पूजाआजा गर्ने ? अरू त यसरी सधैँ आएर पूजाआजा गर्दैनन् त । हामी मात्र किन नि यसरी सधैँ पूजाआजा गरिरहने ? यो देवीथान हाम्रो मात्र हो र ?

उसका बाले भने- बाबु तिमी अहिले सानै छौ । तिमीले बुझेका छैनौ । अरूले के गर्छन् के गर्दैनन् त्यो कुरा आफ्नो ठाउँमा छ । हामीले गर्नुपर्छ । यसरी पूजाआजा गऱ्यो भने भगवान् सधैँ दाहिना हुन्छन् । भगवान् खुसी भए भने कुनै कुराको अभाव वा समस्या हुँदैन । आफूले हिताए चिताएको कुरा पुग्छ । कुनै कुराको दुःख हुन दिँदैनन् । कसै माथि अन्याय हुन दिँदैनन् । हामीले यसरी सधैँ पूजाआजा, मानमनितो गरेका छौँ र त गाउँमा कुनै अनिष्ट हुन पाएको छैन । सुख-शान्ति छाएको छ । भगावान्ले कसैप्रति अन्याय गर्दैनन् । कसैलाई अन्याय हुन पनि दिँदैनन् । कसैले कसैप्रति अन्याय गऱ्यो भने पनि उसलाई सजाय दिन्छन् । त्यस्तो अद्‌भूत शक्ति हुन्छ भगवान्मा । संसारलाई हेर्ने आँखा हुन्छन् भगवान्का । यस्तो कुरा सुनेर ऊ छक्क पऱ्यो । उसले मनमनै गम्यो । भगवान् जसले कसैप्रति अन्याय गर्दैनन् । अन्याय हुन दिँदैनन् । उनमा अद्‌भुत शक्ति हुन्छ । उनमा भएको त्यो अद्‌भुत शक्ति कहाँ र कस्तो होला ! हेर्न पाए हुन्थ्यो ।

एक दिन ऊ उसका बासँग देवीथान गएन । उसका बा त्यहाँबाट पूजाआजा गरेर फर्किई सकेपछि मात्र एक्लै ऊ त्यहाँ गयो । उसले थानको ढुङ्गालाई हातले बिस्तारै सुम्सुम्यायो । बाले झैँ ढोग्यो । छामी हेऱ्यो । अहँ अदभुत शक्ति कतै भेट्टाएन । त्यति गर्दा पनि नभट्टाएपछि उसले दुई हातले त्यो थानको ढुङ्गो उचाल्यो । उचालेर हेर्दा त्यहाँ उसले घाम, पानी, हावा आदि नपाई थिचिएर र किचिएर रहेको अवस्थामा पहेँलिएको दुवो मात्र देख्यो । ऊ छक्क पऱ्यो । दूवो यसरी पनि बाँच्दो रहेछ । त्यो दूवो उसका बाले थानमा चढाउन ल्याए जस्तो हरियो र लहलहाउँदो थिएन । उसले मनमनै सोच्यो । भगवान्ले यो दूवो माथि न्याय गरेका हुन् कि अन्याय गरेका हुन् । त्यो ऊ अरू कोही नभएर म नै थिएँ ।

ä ã

# यक्ष प्रश्न

**टुकादेवी पौडेल आचार्य**

उसको टिफिन बकस खुल्ने बित्तिकै हरर बास्ना चल्यो । अन्तिम बेन्चमा बसेकी प्रेमकली अगाडिको बेन्च नजिकै आई ।

'छि ! किन आएकी यता ? जाऊ न तिम्रो बेन्चमा बसेर टिफिन खाऊ । हाम्रो मामुले भनिस्या अर्कीले खाएको हेर्न हुन्न रे !' सभ्याको बोलीले झसङ्ग भई प्रेमकली ।

निन्याउरो मुख लिएर आफ्नै बेन्चमा बसी ऊ । कोठाभरि खाजाको बास्ना चलिरह्यो । घुटुघुटु थुक निल्नु शिवाय अर्को विकल्प थिएन उसका लागि । उसले लगभग सबै जसो खाजाको सुगन्ध चुमी । नाकेओडार हुँदै अमाशयसम्म सबै प्रकारका खाजाको गन्ध भरी । कक्षा सुरु भयो ।

'पक्का पनि मिसले पीरो अमिलो खाले खाजा खाएको हुनुपर्छ ।' घरीघरी मिसको मुखाकृतिमा देखिएको हाउभाउबाट अनुमान लगाई उसले ।

विज्ञान तथा स्वास्थ्य पढाउने मिसले आहार बिहार शीर्षकमा कक्षा लिनुभयो-'हामी स्वस्थ रहन नियमित प्रशस्त पानी पिउनुपर्छ । माछामासु, फलफूल, दूध, घ्यु आदि पनि मिलाएर खानुपर्छ । बुझ्यौ नि ! नबुझेको भए प्रश्न सोध है ?' बोर्डमा खानेकुराको चित्र टास्दै बताउनुभयो मिसले ।

'मिस ! बुझ्न त सबै बुझें तर मिस सबैकुरा आमाबाले किनेर खुवाउन नसके कहिलेकाहीं त बास्ना सुँघेर पनि स्वस्थ भइन्छ नि है ?'

**शुक्लागण्डकी-३, तनहुँ ।**

ä ã

**शब्दार्थ प्रकाशनको वेबसाइटमा**

**वैजयन्तीका सबै अङ्क, हाम्रा सबै गतिविधि, शब्दकोशहरूको सफ्टवेयर र कार्यक्रमका तस्वीर, फिलिम तपाईंका लागि उपलब्धिपूर्ण हुन सक्छन् ।**

web : www . shabdarthaprakashan . com/
www . nepalipublisher . com

# आवरण

**तिलस्मी प्रभास**

गौरीशङ्करको काखभित्रको अर्को पुत्र अपेक्षाकृत काख भरिएको थियो एउटी कन्याको आगमनले जसलाई कामक्षदेवी नामाकरण गरियो तर आमाको मनोकाङ्क्षा भने पूरा भएन । उनी त केवल निमित्त मात्र थिईन् । कन्यासँगसँगै आमाका असन्तुष्टिहरू पनि बढ्दै गए ।

गौरीशंकर घरबाट सफा देखिन्थे । ती कन्या साना औँलाले देखाउथिन् त्यो के हो ? जबाफ आउँथ्यो गौरिशंकर । एक रात ती कन्या खाना खाएर शयन कक्षतिर जानलाई एक्लै सकी नसकी भऱ्याङ उक्लिएर पुगिन् । जुन बेला उनी तीन वर्षकी मात्रै थिईन् ।

अँध्यारो थियो माथि कोठामा । टुकी तल भान्सामै थियो जहाँ आमा बुवा र दाजु थिए । उनलाई कसैले बढो प्रेमपूर्वक सम्हालेर काखमा राख्छ । उनी पनि परम आनन्दको अनुभूति गर्छिन् । ती भयंकर व्यक्ति उनलाई सहज लाग्छ । चीरपरिचित लाग्छ । उनी ती व्यक्तिको काखमा बसेर उनको आकृति हेर्छिन् । ती माहान् पुरूषको काखमा बस्दा लामा दाह्री र लट्टाले ती कन्यालाई बर्कोले झैं छोप्छ । उनी सुरक्षित महशुस गर्छिन आफूलाई र रमाइलो मानेर खेल्छिन् ती महान् पुरूषको छातीमा लपक्क टाँसिएर ।

जन्मजन्मान्तरका यादहरू आउँछन् मानसपटलमा मडारिएर । उनी मौन वार्तालाभमा हुनछिन् ती पुरूषसँग । बेला बेलामा खेल्दै उत्तेजित हुँदै ती कन्याले दाह्री र लट्टा तानिदिंदा ती महान् पुरूष मुस्क मुस्कुराउँथे मात्र । नेपथ्यबाट आवाज आउँछ । लौ कता गई । छोरी, ओ छोरी,काली ओ काली । सबै माथि पुग्छन् । कन्यालाई मौन देखेर सबै छक्क पर्छन् । कन्याले सोध्छिन् तँपाईँहरूले केही देख्नु भयो ? सबैको उत्तर उल्टा आएपछि त्यति बेला कन्यालाई लाग्यो कि यो देखिने संसार भन्दा छुट्टै तर धेरै सामान्य मानिसहरूले देख्न र महशुस गर्न नसक्ने संसारहरू पनि हुन्छन् ।

**बौद्ध ६ पाटीटार, काठमाडौं ।**

ä ã

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**

# श्राद्ध

**त्रिलोचन ढकाल**

'कस्तो मूर्ख मान्छे ! पढ्न भनेर पठाएको त झन् मूर्ख ! बिए पास गर्नभन्दा डिग्रीमा मूर्ख, डिग्रीमाभन्दा पि एच डीमा मूर्ख ?' फत्तबहादुर दिग्दार मान्दै दुवै लपेटामाथि गाला अड्याएर झोक्राएका थिए ।

'किन झोक्राएको फत्तबहादुर दाजु ?'

पुरेत बाजे टुप्लुक्क पुगे ।

'हजुर कता नि ?'

'श्राद्ध गराउन हिंडेको' भन्दै पुरेत खुरुखुरु हिंड्न थाले । उनीलाई बढी हतार रहेछ । पर पुगी हाले । फत्त बहादुरलाई केही सोध्न मन लागेको थियो । जतिसुकै हतार भए पनि पुरेत फरक्क फर्केर हाजिर भए ।

'श्राद्ध गर्दा के फाइदा हुन्छ पुरेत बाबु ?'

'बा आमालाई खर्च पर्च पठाउने हो । यहाँ श्राद्ध गरेर पिण्ड दान दिएपछि उनीहरूलाई, उहाँ जे चीजको आवश्यकता छ त्यही रूपमा पाउँछन् ।'

फत्तबहादुरको अनुहार उज्यालो भयो । आफ्नो समस्या हल हुने आशाको त्यान्द्रो समाएर सोधे-'पक्का पाउँछन् बाबु ?'

'उतिबेलै प्राप्त गर्छन् । यहाँ पिण्डदान गरेपछि उनीहरूले जे चाहन्छन् त्यही रूपमा तुरुन्त पाउँछन् ।'

फत्तबहादुरको अनुहार चम्किलो भयो । गालामा टाँसिएका हात निस्किए, उनले भने- 'मेरो छोरा दिल्लीको जवहारलाल नेहरू विश्वविद्यालयमा पढ्दै छ । आजै पचास हजार रुपैयाँ पठाइदिन भनेको छ । आउनुहोस् पुरेत बाबु ! उसको नाममा श्राद्ध गरौं र पिण्डदान गरौं । छोरोले आफूलाई जरुरत परेको पचास हजार रुपैयाँ दिल्लीमा, अहिलै प्राप्त गर्नेछ ।'

**आनन्दआश्रम, फापरथुम-स्याङ्जा ।**

ä ã

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।

# हुलतन्त्र

**दिव्य गिरी**

उसले भित्र पस्नासाथ आफ्नो कुर्सीमा अर्कै मान्छे बसिरहेको देख्यो। कुर्सीमा बस्ने मान्छे हिन्दी सिनेमाको रहस्यमय खलपात्रजस्तै ढोकातिर पिठ्यूँ फर्काएर बसेको थियो। उसले कुर्सीमा बसेको मान्छे अनुहार देख्न सकेन।

ऊ एकछिन जिल्ल पऱ्यो। यसको कत्रो आँट ? ऊ भित्रभित्रै रन्कियो र सरासर कुर्सी नजिक गयो। कुर्सीमा बस्ने मस्त निदाइरहेको थियो। उसले कठालोमा समातेर उठायो र हकार्दै सोध्यो- 'तँ को होस् मेरो कुर्सीमा बस्ने ?'

उसले पनि निकै फूर्तिसाथ भन्यो- 'तँचाहिँ को होस् नि मेरो कठालो समात्ने ?'

'म को हुँ भनेर चिनाउनुपर्ने ? म यो देशको शासक हुँ ?'

'म पनि यो देशको नयाँ शासक हुँ, ल पढ् यो चिठ्ठी !' यति भन्दै उसले खल्तीबाट एउटा कागज झिकेर दियो। तब नयाँ शासक ढोकातिर फर्केर मुसुमुसु हाँस्न थाल्यो। पत्र पढेर ऊ छक्क पऱ्यो। पत्रमा लेखिएको थियो- 'यो पत्रबाहकलाई आजका दिनदेखि शासक नियुक्त गरिएको छ। यो सडकबाट जारी गरिएको सर्वोच्चादेश हो।'

ढोकामा लाठी लिएर बस्नेहरू ठूलो ठूलो स्वरमा नारा लगाइरहेका थिए- 'हूलतन्त्र जिन्दावाद ! जिन्दावाद !'

**महालक्ष्मी न.पा., टिकाथली, ललितपुर।**

ä ã

# अवस्था

**अभिज्ञान लामिछाने**

पाठशाला नेपाल, कक्षा-३

एकदिन रमण आफ्नो आमालाई घरमा राखेर गाई चराएर आयो। घर आएर उसले भन्यो- 'आमा म घर आएँ..' तर आमा बोलिनन्। उसले सबैतिर खोज्यो तर आमा घरमा कहीँ पनि भेटिइनन्। उसले टोलका मुख्य ठाउँहरूमा आमालाई खोज्यो तर पनि आमा कहीँ भेटिइनन्।

त्यतिकैमा वडा कार्यालयको एउटा भ्यानले- 'आज राती चिडियाखानाको पालेले चिडियाखानाको मूल ढोका लगाउन बिर्सेकोले त्यहाँका बाघ, भालु, सिंह, बाँदरहरू सबै शहरमा छरिएर हातपात गर्दै घुमेर उत्पात मच्चाइरहेकोले सबै आआफ्नो घरमा सुरक्षित रहनुहोला' भनेर माइक फुक्यो।

# छोरो

**दुर्गा वनवासी**

'अब मेरी बहिनी आएपछि काम खोज्न पनि केही समय त लागिहाल्ला, उसैले हेरिहाल्छे नि नानी । तिम्री आमालाई नेपाल फर्काइदिऊँ अब ।'

'आमाले जान मन गर्नुभएकै छैन फेरि आफू एक्लो छोरो, कसरी जानु भन्नु र बूढी भएकी आमालाई ?'

'अनि के गर्ने त ? तिम्रा चारवटी दिदी चाहिँ उनका सन्तान होइनन् ? उनीहरूले हेर्दा हुँदैन ? सधैँ तिम्रो परिवारका बारेमा मात्रै सोच्नु ? मेरा परिवारप्रति मेरो पनि त दायित्व छ । अब बहिनी पनि आउने भएपछि दुई जनालाई कसरी धान्न सकिन्छ ? तिम्रो त तलब नै कति छ र ?' छोराको भन्दा झन्डै दोब्बर तलब खाने बुहारीले कड्केर भनी । छोरो चुइँक्क बोलेन ।

'नेपालमा, त्यो पनि गाउँघरमा त्यसमाथि पनि बुढाबूढी मान्छेको खर्च नै कति हुन्छ र ? उताको पाँच सात हजार पठाइदिए भइगयो नि महिनैपिच्छे । घर छँदै छ, छिमेकी आफन्तहरू छँदै छन् । बेलाबखत दिदीहरू पनि आइहाल्छन् । थपक्क तिम्री आमाको टिकटको व्यवस्था गरिहाल है बूढा !' आदेशात्मक स्वर बुहारीको, छोरो फेरि पनि मौन ।

रातभरि निदाउन नसकेकी आमाले बिहानै छोरालाई बोलाइन् र भनिन् 'लगातार चारवटी छोरी जन्मिएपछि तँलाई पाउन तेरा बा र मैले थुप्रै भाकल, व्रत, तीर्थ गरेका थियौँ । दिदीहरूलाई सरकारी स्कुल पठाएर तँलाई अङ्ग्रेजी स्कुल र महँगा कलेजमा पढाएर अमेरिका पठाउँदा घरमात्र बाँकी राखेर तेरा बाले आफ्नो भागको सबै अंश सक्नुभयो । असाध्य रोगसमेत लुकाएर उपचारको अभावमा असमयै छाडेर जानुभयो । उहाँविनाको त्यो घर कति उराठिलो लाग्थ्यो । तैँले यता ल्याएपछि भने असाध्यै खुसी र सुरक्षित महसुस गरिरहेकी थिएँ मैले ।'

केहीबेर रोकिएर भक्कानिएको स्वरलाई नियन्त्रित गर्न खोज्दै फेरि भनिन् - 'हिजो साँझ पार्कमा घुम्न जाँदा मुबाइल छुटेछ र लिन आउँदा दुर्भाग्यवश तिमीहरूका कुराकानी सुन्न पुगेँ । मलाई अब एक पल पनि यहाँ बस्न मन छैन छोरा, मिल्छ भने आजैको टिकट गरिदे । जाँदाजाँदै तँलाई आशीर्वाद दिन्छु तेरो दोस्रो सन्तान पनि छोरो नहोस् ता कि तेरो बुढेसकाल मेरोजस्तो असहाय र अँध्यारो नहोस् ।'

**झापा ।**

ä ã

# अर्थ

**देवकी के.सी.**

बारम्बार आफूलाई पोइ टोक्वाई र आफ्नो कलिलो छोरी कृपालाई बाऊ टोक्वाई भनेर सन्तोसराप गर्ने बानीकै कारण मायाको सासुआमासित भनाभन चल्थ्यो। छोरी जन्मेकै दिन आफ्नो फौजी लोग्ने लडाइँमा गोली लागेर स्वर्गीय हुनुभयो। त्यसको दोष छोरी कृपामाथि थुपारेर अलच्छिना बाउ टोक्वाई भन्दै गाली गर्ने सासुआमासित मायालाई रीस उठ्नु त स्वाभाविक नै थियो। त्योभन्दा पनि कृपा जन्मनु र उनको फौजी बाउ लडाइँमा मर्नु एउटा संयोग मात्र हो भन्ने कुरा आफ्नो परिपक्क सासुआमाले नबुझेको देखेर मायालाई औधी नरमाइलो लाग्थ्यो।

हजुरआमाले आमालाई पोई टोक्वाई र आफूलाई बाउ टोक्वाई भनेर सधैँभरि गाली गर्नुको कारण र त्यसको अर्थ भने कृपाको बालमस्तिष्कले बुझेको थिएन। उनले आमासित धेरै पटक हजुरआमाले गाली गरेका ती शब्दका अर्थ पनि नसोधेकी होइनन् तर आमाले यस्ता वाहियात कुरामा ध्यान नदेऊ। आफ्नो पढाइमा मन देऊ। राम्रो पढ्नुपर्छ। असल मान्छे बन्नुपर्छ भनेर सम्झाउने गर्नुहुन्थ्यो।

तर कृपाको कलिलो बालमस्तिष्कमा भने हजुरआमाले आफू र आफ्नो आमालाई बाउ टोक्वाई र पोइ टोक्वाई भनेर गाली गरेका शब्द यति नराम्रो शब्द गडेको थियो कि उनी सधैं आमासित हजुरआमाले बोलेका ती शब्दको अर्थ बताउन गम्भीर हुँदै प्रश्न गर्थिन् तर छोरी कृपाको कलिलो मस्तिष्कमा गम्भीर असर पर्ने डरले सासुआमाका ती कठोर शब्दका पीडा आफूले सहेर पनि मायाले छोरीलाई कहिल्यै त्यसको अर्थ बताइनन्। उनी त मनमनै कृपालाई भन्थिन् छोरी समयसँगै तिमी परिपक्क हुन्छौ अनि तिमी आफैले थाह पाउने छौ ती पीडा दिने शब्दका अर्थ।

ä ã

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**

web : http://nepalipublisher . com/

# समयको खेल

**देवराज कार्की 'मिलन'**

एउटा होटलमा दुई जना साथीको भेट भएछ । ज्याकेटभित्र एउटा साथीले केही लुकाएको जस्तो गरेछ ।

पहिलोले लुकाए जस्तो गर्नेलाई सोधेछ-'के लुकाएर बोकेको छस् हौ त्यहाँ ।'

दोस्रोले उत्तर दियो- 'सुगा लुकाएर बोकेको छु नि ।'

पहिलो भन्छ- 'हैट होइन होला । साँच्चै भन् न यार के बोकेको छ ?'

दोस्रो - 'हात्ती बोकेको छु नि ! पत्याउदैनस् ।'

पहिलो फेरि प्रश्न गर्छ- 'साँच्चीकै भन् न यार के बोकेको छस् ?'

दोस्रोले हास्तै भन्यो- 'गधा बोकेको छु, हेर्छस् ?'

त्यति भनेर दोस्रोले ज्याकेटको भित्री खल्तीबाट एक बोत्तल रक्सी निकाल्यो अनि देखाउँदै भन्यो 'यी देखिस् ?'

त्यसको केही समयपछि दुवैले त्यो बोतलको रक्सी पिउन थाले । दुवैले एक-एक गिलास पिउँदा सुगाजस्तै ट्याउँट्याउँ बोल्न थाले । पिउँदै गए । पिउँदै गए । हात्तीजस्तो मत्ताहा बने । दुवैले जसलाई पनि सानो भुसुनो देख्न थाले मातेर ।

पिउदै गए । बोत्तल रित्याए अनि लर्बराउँदै सडकमा निस्किए । के हिँड्न सक्थे मत्थु त हुन् । दुवै गधाजस्तो नालीमा पल्टिए ।

अनि यसो विचार गरे उसले भनेको त सत्य पो रहेछ । एक बोत्तल रक्सीले समयअनुसार मान्छेलाई सुगा, हात्ती र गधा बनाउन सक्ने रहेछ अनि मस्त नालीमा निदाए ।

ä ã

**के तपाईंले शब्दार्थका साहित्यिक कृतिहरू पढ्नुभएको छ ?**

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**

# बिट

**नन्दलाल आचार्य**

'भो, यसो नगर्नुस् । हामी दुई नै पर्याप्त छौं । तीन चारको आवश्यकता छैन ।' मध्यरातको पत्नी अस्वीकृतिलाई पतिले अनौठो मान्यो । झटपट प्रश्न गरिहाल्यो- 'आखिर किन ?'

पत्नीले उत्तर दिन ढिलो गरिन् । धन कमाउँदा र सुखको माहोल बनाउँदा पनि पत्नी असन्तोषले उसको मनमा आशङ्काको बादल लाग्यो । शङ्काको नजरले हेर्ने परपुरुष त्यहाँ कोही थिएन । भएका सबै अन्य भाषी थिए । आफू अर्काको भाषा पनि नजान्ने र अरू आफ्नो नजान्ने भए पछि शङ्काको ठाउँ नै रहेन ।

'सन्तान होलान् भन्ने डरले ।' बल्ल पत्नीले मुख खोलिन् ।

'वैधानिक दम्पतीका वैधानिक सन्तान हुनु सामाजिक नियम हो ।' पतिको स्वाभाविक प्रतिक्रिया थियो ।

'यो माटो हाम्रो हैन । यहाँका हरचीज नौलो परिवेशका छन् । यहाँ नेपाली सांस्कृतिक संस्कार गर्न पाइन्न । चाहेर पनि अनुकूल हुन्न ।' विदेशी भूमिमा टेकेर उभिएको महसुस गर्दै पत्नीले मनको गाँठो फुकाइन् ।

पत्नीको मन बुझेर पति गम खान थाल्यो । त्यही मौकामा कुराको बिट मार्दै उनले थपिन्- 'वर्ष दिनको लागि सानएन्टिनो त्यागौंला । नेपाल बसेर सन्तान जन्माई बाल्यसंस्कार गरेर पुनः फर्कौंला ।'

**सिद्धार्थटोल, उदयपुर ।**

ä ã

**शब्दार्थ प्रकाशन**का **कार्यक्रमहरूका**

सबै भिडियो यता छन् ।

1 . https://www . youtube . com/Shabdartha Music SM/
2 . https://www . youtube . com/Shabdartha Prakashan/

# लिभिङ टुगेदर

**नर पल्लव**

क्षणिक उन्मादको आवेगमा 'लिभिङ टुगेदर'को आधुनिक फेसन अनुकरण गर्दै मृगेन्द्र र निशा 'लिभिङ टुगेदर'मा सँगै बस्न थालेका थिए । उन्मुक्त भएर स्वच्छन्दतावादी जीवनको सोख राख्ने त्यो जोडी आफ्नै स्वप्निल लोकमा डुबेको थियो । 'प्लस टु' गरेपछि दुवैजना पढ्नका लागि शहर आए । शहरको चकाचौंध वातावरण माझ उनीहरू एउटा फ्लैट भाडामा लिएर मस्तीमा झुम्न थाले । उता गाउँघरमा दुवैका अभिभावकहरू आआफ्ना छोराछोरीको पढाइप्रति निश्चिन्त थिए ।

सिमसिमे झरी परिरहेको थियो । निशा रिसले मुर्मुरिएर बरन्डामा बेचैन अवस्थामा मृगेन्द्रको प्रतीक्षा गरिरहेकी थिई । मृगेन्द्र ज्यादै नै थकित अवस्थामा देखिन्थ्यो । कारबाट झरेर 'हेलो डार्लिङ' भन्दै ऊ निशा नजिक पुग्यो । क्रोधित मुद्रामा घाइते सिंहिनी झैं निशा मृगेन्द्रमाथि जाइलागी । रिसले चुर हुँदै मृगेन्द्रको कठालो समाउँदै ऊ रन्किन थाली– 'यू स्काउन्ड्रल । हाऊ डेयर यू लाइ टु मी ? मलाई किन ढाँटेको ? '

'के भयो ? ह्वाइ आर यू सो मेड एट मी ? किन यसरी जङ्गिएकी ?' मृगेन्द्रले अलि शान्त भावमा सोध्यो ।

'ह्वाइ डिडिन्ट यू टेल मी डेट यू आर मेरिड ? किन सिङ्गल छु भनेको, हँ ?' निशा मृगेन्द्रमाथि आक्रोश पोख्दै थिई ।

'लिसेन टु मी फस्ट । पहिले कुरा बुझ न । कुरा के हो भने ।' 'मृगेन्द्रको कुरा टुङ्गिन नपाउँदै 'माइ फुट ! यू फ्रड । गो इन्साइड द रूम एन्ड आस्क योर वाइफ ।' भन्दै ऊ बेडरूमभित्र पसी । आफ्ना लुगाफाटा लगेजबेगमा राखी र कम्पाउन्ड गेट बाहिर निस्की । ट्याक्सी लिएर ऊ सरासर बस पार्क पुगी । बेन्चमा बसेर कोक पिउँदै अलिक बढेको पेटमा हात राख्दै सोच्न थाली, अब यसलाई लिएर बाँचू कि यो सँगै अन्तिम साँस फेरुँ ?' ऊ किंकर्तव्यविमूढ भएर रातभर सोचेरै बसी ।

केही दिनपछि मिडियामा ऊ बलात्कृत भएको खबर भाइरल भयो ।

**बुद्धनगर, काठमाडौं ।**

ä ã

# राजनीति

**नारायणप्रसाद न्यौपाने**

सन्तराम अत्यन्त इमानदार थिए । उनले समाजमा विकासका नारा घन्काउँदै युवावर्गलाई परिचालन गरी राजनीतिक सङ्गठन निर्माण गरे । यिनले राम्रो काम गरेर गाउँमा सबैको मनलाई जित्न सफल भए । कुनै समस्या पऱ्यो कि सबैले उनलाई गुहार्थे । उनले पनि सबैलाई सक्दो सहयोग गर्थे ।

जब गाउँमा चुनाव आयो । सबैले तँछाडमछाड गर्दै उम्मेदवारी दिए । सन्तरामले पनि उम्मेदवारी दिए । उनका अगाडि कसैको केही लागेन । उनले राम्रो मत ल्याएर चुनाव जिते । सबैले अबीर, माला र खादा ओढाएर सम्मान गरे अनि गाउँलेका बीचमा सन्तरामले भने अब तपाईंहरूले दिनुभएको यो जिम्मेवारीलाई बहन गर्दै सुशासनको सुरुआत गर्ने छु । भ्रष्टाचारलाई निर्मूल गरी विकास निर्माणका कार्यमा ध्यान लगाउनेछु । यति भनेपछि चारैतिरबाट परर ताली बज्यो । कसैकसैले भने- अब यो गाउँले बल्ल इमानदार नेता पायो ।

त्यसपछि सन्तरामलाई ठूला व्यापारीले सम्मानका खातिर भन्दै भोजको आयोजना गरे । पटकपटकको भेटघाटले सन्तरामलाई आफ्नो कब्जामा पारे । प्रलोभनमा फसाए अनि लोभले लाभ र लाभले विलाप भनेजस्तो अवस्थामा उनलाई पुऱ्याए । उनीहरूको सङ्गतले मति भ्रष्ट बन्यो । त्यसपछि आफ्नो विवेकले कामै गर्न छोडे । बिस्तारै उनी विलासी बन्न थाले । विगतमा आफूले गरेका वाचाहरू सबै बिर्सिदिए । जे जसरी हुन्छ सम्पत्ति आर्जन गर्नेतर्फ लाग्न थाले ।

सुरुमा जसले उनको प्रशंसा गरे, उनीबाट नै आरोप खेप्न बाध्य भए । उनका विरुद्ध उजुर पऱ्यो । छानबिन भयो । दोषी प्रमाणित भएपछि जेल जीवन बिताउन बाध्य भए । उनलाई हत्कडी लगाएर लग्ने क्रममा एकजना वृद्धले भन्नुभयो 'यस्तो राम्रो मान्छे मतिभ्रष्ट भएपछि गन्हाउँदो रहेछ । मान्छेलाई इमानले खान हुन्छ, बेइमानले पोल्छ भनेको यही हो ।'

**सुनवल १२, नवलपरासी ।**

ä ã

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**

# असल कर्म नै धर्म हो

**निर्मलरमण पराजुली**

एउटा गाडी पशुपतिनाथको मन्दिर अगाडि रोकियो । दुईजना करिब सत्तरी वर्षका जस्ता देखिने वृद्धवृद्धा गाडीबाट ओर्लिएर अगाडि बढे । बाटोको दायाँबायाँ लामबद्ध लागेर बसेका असहाय बालबालिका, वृद्धवृद्धाहरूको अनुहारमा खुसी छल्किएको प्रस्टै आभास हुन्थ्यो मानौं धेरै समयदेखि प्रतीक्षा गरेको वस्तु प्राप्त हुँदै छ । गाडीबाट ओर्लिएका ती वृद्धवृद्धा व्यक्तिहरू एक एक गर्दै पैसा बाँड्दै अगाडि बढ्दै थिए ।

अचानक पशुपतिनाथ मुसुक्क मुस्कुराए र भने- 'भक्त ! तिम्रो एउटा छोरो अस्पतालमा उपचार गर्न नसकेर अस्पताल बाहिर फालिएको छ । तिमी यहाँ पैसा बाँड्दै छौ । तिम्रो यो धर्म हो या कर्म मैले बुझ्न सकिनँ । आफूले सृष्टि गरेको वस्तुको पालन पोषण, उचित स्याहार संहार गर्न सक्दैनौ भने किन सृष्टि गर्‍यौ ? नौ महिनासम्म म बाबु बन्न लागेँ भनेर त्यही छोराको नाउ बेच्दै खुसी साट्दै हिँड्यौ । आज जेठो छोरालाई सम्पूर्ण सम्पत्ति सुम्पिएर कान्छो छोराको अन्त्य पर्खिरहेछौ ? आखिर किन ? यो कस्तो धर्म हो तिम्रो ? तिम्रो छातीको दायाँ भागमा जेठो छोरो धडकिरहँदा बायाँ छातीमा किन कान्छो छोरो धड्किन सकेन ? आमा तिम्रो छातीको एउटा स्तन जेठो छोरोलाई चुसाइरहँदा अर्को स्तनले कान्छो छोरो किन खोजेन ? जवाफ देऊ जननी ? एउटै गर्भबाट सृष्टि गरिएका सन्तानको ममतामा फरक किन ? भक्त नबिर्स, एक हातका पाँच औंला बराबर हुँदैनन् तर कुनै औंलाको महत्त्व कम हुँदैन ।

**सामाखुसी, काठमाडौं ।**

ä ã

**शब्दार्थ प्रकाशन**ले
**२२** थरी **शब्दकोश** प्रकाशन गरिसकेको छ र
अझै अरू प्रकाशन गर्दै छ ।
के तपाईं पनि कोशकार हुनुहुन्छ ?
आफ्नो शब्दकोश प्रकाशन गर्न इच्छुक हुनुहुन्छ ?

# शङ्का

**पुष्कर लोहनी**

दुई तीन दिनको निम्ति भनेर घर छाडेर गएको श्यामले एक हप्ता बित्दा पनि समय बितेको पत्तै पाएन । घरबाट फोन आउँदा ऊ भन्ने गर्थ्यो- 'अलिकति काम बाँकी छ त्यो सकेर आउँछु ।'

'कहिलेसम्ममा आइपुग्न सकिन्छ ?'

'दुई दिन जति लाग्ला' श्यामले जिस्किँदै भन्यो ।

'धेरै नखानु नि ! फसाय देलान् है ।' अम्बिकाले भनी ।

'खाली त्यही कुरा सधैं शङ्का अरू केही कामै छैन कि कसो ?' श्यामले रिसाएर भन्यो ।

'तिमी पनि कम छौ र ? गफ गर्न पाएपछि आँखै दख्दैनौ अनि' अम्बिकाले भनी ।

'ल ठीक छ, कम कोही पनि छैन । पाए गफ गरिहाल्छन्' श्यामले भन्यो ।

'ए, एउटा कुरा त भन्नै बिर्सेको दुई दिन भयो म माइतीमा छु त्यस्तै काम परेर आउनुपरेको । आउने बितिक्कै फोन गर है' अम्बिकाले भनी ।

'मिल्यो भने आज राती दश बजेसम्ममा आइपुग्छु'

'भोलि आए भइहाल्यो नि ! काम गर्नेलाई जिम्मा लागाएर आएको । एक्लै छ शान्ति । सुतिसक्छे होली । आवाज सुनेर डराई भने ?' अम्बिकाले भनी ।

'खाली शङ्क मात्र होइन तिम्रो ?'

श्यामको अनुहारमा मधुर हाँसो छरियो र ऊ फटाफट कपडा झोलामा राखेर बसपार्कतिर हुइँक्यो ।

**काठमाडौं ।**

ä ã

**http://www. nepalipublisher. com वा**

**http://www. khabarinepal. com का]Hotlink वा**

**http://nepalipublisher. com/downloads-vajyanti\dayitwa**

**अब हाम्रो वेब साइटमा वैजयन्ती र दायित्वका सबै अङ्क डाउनलोड गर्न सक्नुहुन्छ है ।**

# टोमलाल सर

**प्रेमनारायण भुसाल**

सुइय सुस्केरा हाल्दै उहाँले भन्नुभयो- 'अब केही हुँदैन नानीबाबु, नआत्तिओ सबै कुरा ठीक भइहाल्छ ।'

मानिसहरू निकै स्वार्थी भए। वनजङ्गल विनाश गरे। व्यक्तिगत फाइदाका लागि जङ्गलका काठपात सबै बेचेर खाए अनि किन नआओस् त विपत्ति ? उहाँ एक्लै फतफताउनुभयो ।

राम्ररी पानी नपरेको तीन वर्ष भइसक्यो तर आज यो अतिवृष्टिले निम्त्याएको विपत्तिबाट बच्न निकै कठिन भइरहेको छ । सबैजनालाई नडराई कोठाभित्रै बस्न अह्राएर उहाँ चाहिँ बेल्चा र गैंटी लिएर स्कुलमाथिको पहिरो पन्छाउन जानुभयो । गाउँका युवायुवती सबै विदेश गएपछि स्कुलका सबै शिक्षकहरू शहरतिर जानुभयो तर उहाँ चाहिँ गाउँको स्कुल कुरेरै बस्नुभयो । उहाँ एक्लैले स्कुल चलाउनुभएको थियो । यसैले त शहर पस्न नसकेका निमुखा गाउँलेका छोराछोरीले शिक्षाको उज्यालो पाएका थिए ।

पानी रोकियो तर उहाँ फर्कनुभएन । सबै केटाकेटी विद्यालयमाथिको पहिरोनजिकै गएर हेरे । विद्यालय भवनमा आउन लागेको पानी अर्कैतिर पन्छाइएको थियो । छेउमा बेल्चाको बिँड देखियो । अलि तल गैंटी पहिरोमा बग्दै गरेको देखियो तर स्कुल र विद्यार्थीलाई बचाउन जानुभएको टोमलाल सर फर्केर आउनुभएन ।

ä ã

**;flxTo ;j4g sGb, gkfn**

**१. 'वसन्त-राधा पद्यकाव्य पुरस्कार'बाट सम्मानित**

२०६८ डिल्लीरमण शर्मा अर्ज्याल
२०६९ पुरुषोत्तम सिग्देल तथा गोविन्दराज विनोदी
२०७० बुनू लामिछाने
२०७१ भुवनहरि सिग्देल
२०७२ लक्ष्मीकुमार कोइराला
२०७३ बाजुराम पौडेल तथा गणेश घिमिरे मार्मिक
२०७४ मोदनाथ शास्त्री तथा नरेन्द्र पराशर
२०७५ गोविन्द घिमिरे वेदमणि तथा नीलमकुमार न्यौपाने
२०७७ डा.रामप्रसाद ज्ञवाली
२०७८ शैलेन्दुप्रकाश नेपाल

# बहादुरी

**प्रेम राई 'परीक्षित'**

चैतमान रूखको हाँगामा खुट्टाले च्यापेर उधोमुन्टो भई चिच्याउँदै थियो- 'ल हेर्नुस् आकाशलाई मैले आज तलतिर पारेँ । अब त घाम पनि म मुनि पो छ त । कोही मजस्तो गर्न सक्छ ?'

अलि अलि मानिस भेला हुन थाले । उसको पागलपन देखेर कोही हाँस्न थाले । कोही खासखुस कुरा गर्न थाले ।

'यो चैतमानले आज मुन्टो भाच्ने भो ।'

चैतमान चिच्याउन छाडेको थिएन । अझ नयाँ-नयाँ उधुम गर्दै थियो ऊ- ल हेर्ने जति सबैले पैसा दिनुहोस् । अझ अरू नयाँ आइटम देखाउनेछु ।'

मानिसहरू पैसा ऊतिर फालिरहेका थिए । चैतमान उधोमुन्टी अवस्थामै पैसा गनिरहेको थियो । अचानक सबै अँध्यारो भएर आयो । उसले केही देखेन । अचानक खुट्टा खुस्कियो र ऊ तल बङ्ल्याङ्ग पछारियो ।

ब्यूँझँदा घरको सिकुवामा चैतमानको आमा उसलाई सुमसुम्याइरहेकी थिइन् । चैतमानको बोल्न सक्ने अवस्था थिएन । छेउमा जम्मा भएको पँतीस रुपैयाँ बेवारिसे लडिरहेको थियो । साथै चारओटा स्लाइनका बोतल अनि करिब हजार रुपैयाँको औषधीको बिल पनि ।

चैतमान ट्वाल्ल परेर हेरिरहेको थियो ।

गाउँभरि हल्ला फिँजियो चैतमानको बहादुरीको......।

**काठमाडौँ ।**

ä ã

**;flxTo ;j4g sGb, gkfn**

**२. 'हेमकुमारी-दिवाकर समाजसेवा सम्मान'बाट सम्मानित**

२०६८ प्रणवानन्द आश्रम, गुह्येश्वरी, काठमाडौँ
२०६९ चिसाखोला आश्रम, पोखरा
२०७० भागवत सन्न्यास आश्रम, पशुपति, काठमाडौँ
२०७१ पवित्र समाज सेवा नेपाल, धापासी, काठमाडौँ
२०७२ त्रिफला राष्ट्रिय पुस्तकालय, झापा
२०७३ संस्कृत विद्या संवर्द्धिनी समिति, धरान
२०७४ हाम्रो बाल संरक्षण धरोहर, धापासी, काठमाडौँ
२०७५ द ओरफान होम, बाजुरा
२०७७ नेपाली शिक्षा परिषद्, सोह्रखुट्टे, काठमाडौँ
२०७८ ज्येष्ठ नागरिक संरक्षण तथा अध्ययन प्रतिष्ठान, नुवाकोट

# विश्वास

**बाबुराम न्यौपाने 'उत्स'**

उनीहरू समाजमा मुनामदनको जोडी मानिएका थिए । प्रेम होस् त यी दुई चखेवा जोडीको जस्तो होस्, यस्तै चर्चा हुन्थ्यो तर दुःखको कुरा एक दिन कार दुर्घटनामा परेर दुवै दम्पतीको घटनास्थलमै मृत्यु भयो ।

स्वर्ग पठाउने कि नरक ?

यमलोकमा उनीहरूले पृथ्वीमा गरेको कर्मको रेकर्ड चेक गरियो ।

यमराजले रेकर्ड हेरिसकेपछि रिसले कड्किदै आदेश दिए ।

'सेना हो यिनीहरू दुवैजनालाई तुरुन्त नरकमा लगेर जाक ।'

दुवैजना आत्तिए- 'किन यमराज ? हाम्रो कुन अपराधको सजाय हो यो ?' दुवैजनाले एकसाथ यमराजलाई प्रश्न गरे ।

'तिमीहरू पापी र धोकेबाज हौ, अझै बुझपचाउँछौ ।'

यमराजले जङ्गिँदै पतिलाई सोधे- 'तिमीले पत्नीको आँखा छलेर तीनजना स्त्रीसँग अन्तरङ्ग सम्बन्ध राखेको कुरालाई होइन भन्न सक्छौ ?'

ऊ अक्मकियो ।

फेरि यमराजले पत्नीलाई सोधे- 'पतिको साथी र छिमेकीसँग तिमीले राखेको गोप्य सम्बन्ध भुल्यौ ? यहाँ रेकर्ड छ सत्य बोल ?'

दुवैजनाले भक्कभकाउँदै एकसाथ आफू निर्दोष भएको दाबी गरे ।

यमराज रिसले अरू आगो भएर गर्जिए-'पृथ्वीलोकमा सत्यको मृत्यु भइसकेछ । जताततै भोग र पापको राज्य चलेको छ । यिनीहरू दुवैको प्रमाण प्रस्तुत गर ।'

यमराजका कर्मचारीले दुवैजनाले गरेको गुप्त कर्मको सचित्र भिजुयल देखाए । उनीहरूको सप्रमाण पोल खुल्यो ।

तैंचुप मैंचुप, जोईपोइका आँखा पुलुक्क जुधे । दुवैले गोप्यकर्मको स्वीकारोक्तिमा शिर झुकाए ।

नेपथ्यमा, विश्वास खित्का छोडेर मरी मरी हाँसिरहेको थियो ।

ä ã

**के तपाईंले शब्दार्थका साहित्यिक कृतिहरू पढ्नुभएको छ ?**

# पत्नी डर

**मधुसूदनप्रसाद घिमिरे**

चमेलीका चार भाइ छोरा छन् । सबै कमाउन सक्ने सक्षम छन् । छोरा बढे कमाइ गरे भिन्दै हुँदै गए । उनका बाउ उनीहरू सानै छँदा मरे । छोरा-बुहारीलाई आमा कोसँग राख्ने भन्ने चिन्ता पऱ्यो । सबैले यौटा यौटा बहाना बनाए । बिचरी चमेली एक्लै भइन् ।

गाविस सचिवले यो कुरा थाहा पाए । चमेलीको सबै छोराहरूलाई बोलाएर बैठक बसाले उनले भने- 'तिम्रा बाउ मर्दा तिमीहरू सानै थियौ । तिम्री आमाले कति दुःख गरेर तिमीहरूलाई हुर्काइन् र समर्थ पनि बनाइन् तर आज तिमीहरूलाई आमा बढी भो ! तिमीहरूले पाल्न सक्दनौ ? चार छोरा हुर्काउँदा आमालाई घाँडो भएन । आज एक आमा तिमीहरू चारै छोरालाई घाँडो भएछ । तिमीहरूलाई लाज हुँदैन भने आमाको सङ्गरेलो मेट्न मैरै घरमा लगेर पाल्छु अनि तिमीहरूले लिएको पैतृक सम्पत्ति पनि आमालाई फिर्ता लिन लगाउँछु र कुनै सामाजिक संस्थामा चन्दा दिन व्यवस्था मिलाउँछु । मलाई तिमीहरूको केही पनि चाहिँदैन ।' सबै छोरा मुखामुख गरे र सबैले आफ्नी पत्नीको मुख हेरे ।

ä ã

# भागबन्डा

**भाभा शर्मा नेपाल**

बीस किलोको एक बोरा चामल पच्चीस परिवारलाई कसरी बाँड्ने भन्ने कुरामा विवाद बढ्दै गएपछि बिस्तारै वरिपरिका सज्जन, भलादमी, जान्नेसुन्नेहरूको भेला भयो । फोटो खिचिएकाहरू बाहेक पनि हक दावी गर्ने दावेदारहरू विवादमा सहभागी भए ।

दिनभरिको चर्काचर्कीपछि सर्वपक्षीय सहमति कायम भयो । सो एक बोरा चामल नजिकैको भट्टी पसलमा बेचेर त्यस वापत प्राप्त नगद बाह्र सय रुपैयाँ फोटो खिचिएका पच्चीस परिवार र सज्जन, भलाद्मीहरूको रहोवरमा थपिएका अरू पाँच दावेदार परिवारसमेत गरेर तीस परिवारमा प्रतिपरिवार रु. चालिसका दरले वितरण गरियो ।

अठार सय पर्ने चामल बाह्र सय रुपैयाँमा मिलाई दिएकोमा सहभागी सज्जन, भलाद्मी र जान्नेसुन्नेहरूले एकहप्तासम्म हरेक दिन एक-एक बटुको शीतल पानी भट्टीपसलबाट सित्तैंमा पाउने भित्री सहमति भएको कुरो भने फोटो खिचिएर टिलिभिजनमा देखिएकाहरूले पत्तै पाएनन् ।

**सिनामङ्गल, काठमाडौं ।**

ä ã

# गुरु

**मनोहर पोखरेल**

अरू दिन आफ्नो पालोमा 'यस सर' भन्थें । त्यो दिनदेखि सबैले 'प्रणाम गुरुवर' भन्न थाले । कक्षामा विद्यार्थीहरूको फेरिएको बोलीको रहस्य सम्झेर म भने आजसम्म मख्ख परिरहन्छु ।

त्यस दिन रोल नम्बर २१ अनुपस्थित थिए । हाजिरी पश्चात् 'नियमित विद्यालय आउने हेमन किन आएनन्' भनेर उनका साथीहरूसँग चिन्ता प्रकट गरेको थिएँ । आमा विरामी भएकोले हेमन आउन नपाएका रहेछन् ।

पढाइ सकिनासाथ म कक्षा कोठाबाट निक्लिएको थिएँ । कार्यक्रममा बसिदिन सयौं विद्यार्थीहरूले गरेको आग्रहमा भन्दा अनुपस्थित हेमनले ध्यान खिचेको थियो । सोझै भलुवाही खोला नजिकै रहेको बस्ती पुगें । खरले छाएको झुपडीभित्र हेमन पानीपट्टी लगाइरहेका थिए । मुढोजस्तै लडिरहेकी थिइन् उनकी आमा । बुवाको मृत्युपछि आमा नै हेमनको एक मात्र सहारा थिइन् । मलाई देख्नासाथ उनी रुन थाले र भने, 'मसँग गाडीभाडासमेत छैन ।' वातावरण सम्हाल्दै भनेको थिएँ; 'चिन्ता नगर हेमन, म लैजान्छु अस्पताल ।' डाक्टरले परीक्षणपश्चात् समयमै अस्पताल ल्याएर राम्रो गरेको बताएका थिए ।

विद्यालयमा गुरुपूर्णिमा मनाउन नपाएका विद्यार्थीहरू भने त्यहीं आइपुगेका थिए । उनीहरूले अस्पतालमै मलाई फूलको गुच्छा दिंदै दोसल्ला ओढाएर सम्मान गर्न खोजे । मैले ज्वरोले काँपिरहेकी बिरामीलाई दोसल्लाले ढाकिदिएँ । विद्यार्थीबाट फूलको गुच्छा लिएर हेमनको आमालाई दिंदै स्वास्थ्य लाभको कामना गरें । कार्यक्रमका लागि उठाएको बाँकी रकम हेमनलाई दिन भनें । अँगालो मारेर हेमन भक्कानिएको थियो । आमाले उपचार पाएकोमा कृतज्ञता प्रकट गरिरहेको थियो । सबैको ओठमा मुस्कान नाचेको थियो । अस्पतालमा गुरुपूर्णिमा मनाउँदा मलाई पनि अपार आत्मसन्तुष्टि मिलेको थियो ।

**राजविराज, सप्तरी ।**

ä ã

**के तपाईंले शब्दार्थका साहित्यिक कृतिहरू पढ्नुभएको छ ?**

# बा हुनुको अर्थ

**मिलन समीर**

पहिले -

ऊ आफू सानै उमेरको थियो तर कुरा चाहिँ बुझ्ने भइसकेको थियो। घरपरिवारमा ऊसहित अरू सबैको कुरा एउटा हुन्थ्यो भने उसका बाबुको कुरा प्रायः अर्कै हुन्थ्यो। घरसल्लाहको सन्दर्भमा आफूहरूले भनेको कुनै पनि कुरा आफ्नै बाबुले सदैव देब्रे कानले सुने झैं गरेर दाहिने कानले ठाउँको ठाउँ हावामा उडाइदिइरहेका हुन्छन् भन्ने उसलाई लागिरहेको थियो। त्यसैले ऊ आफ्नै बाबुको दैनिक व्यवहारबाट हुनुसम्म आजित भइसकेको थियो। बाबुको ठाउँमा यदि आफू भइदिएको भए केकस्ता कामकुराहरू केवल चुड्कीको भरमा सजिलैसँग आँखा चिम्लेर पूरा गर्ने थिए भन्ने कुरा मात्रै उसले सोचिरहेको हुन्थ्यो।

अहिले -

ऊ आफै बाबु बनिसकेको छ। समय र परिस्थितिले हुत्याएर उसलाई आफ्नै बाबुको ठाउँमा ल्याइपुऱ्याइदिएको छ। उसको घरमा अरू सबैको कुरा प्रायः एउटै हुन्छ भने उसको कुरा चाहिँ अर्कै हुन्छ। घरसल्लाहको क्रममा अरूले भनेको कुनै पनि कुरा ऊ आफैले सुनेको नसुन्यै गरेको हुन्छ भन्ने घर परिवारलाई लागिसकेको छ। त्यसैले उसको व्यवहारले उसकै घरपरिवारलाई वाक्कदिक्क पारिसकेको छ।

यतिबेला -

आफ्नै बाबुको ठाउँमा यदि आफू भइदिएको भए केकस्ता काम कुराहरू सजिलैसँग छिनभरमै पूरा गर्ने थिए भनेर कुनै बेला आफैले सोचिरहेका प्रायः सबै कुराहरू उसले चटक्कै बिर्सिसकेको छ किनभने उसका बाबुले आफ्नो बेलामा जे जति कामकुराहरू सजिलैसँग पूरा गरेका थिए, त्यसको एक छेउ पनि उसले आफ्नो पालोमा अहिलेसम्म पूरा गर्न सकिरहेको छैन अर्थात् उसले 'बा हुनुको अर्थ' बल्ल क्रमशः बुझिरहेको छ।

**करादीखोला, स्याङ्जा।**

ä ã

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**

# चलन

**मुरारीराज मिश्र**

रमेश विभिन्न संघ संस्थामा आबद्ध थियो। पारिवारिक आर्थिक अवस्था त्यति धेरै सबल नभए पनि ऊ परेको बेला सबैलाई सक्दो सहयोग गर्ने गर्थ्यो। मिलनसार र सहयोगी भएकैले ऊ समाजमा प्रिय र परिचित थियो। एक दिन अकस्मात् उनका वृद्ध बुवा थलिए। चेकजाँचबाट क्यान्सर देखियो। लामो र जटिल उपचारमा कुनै कसर नराखी धेरै धन खर्चिए पनि अन्ततः उसले बुबालाई बचाउन सकेन।

घाटमा मलामीहरूको भीड लाग्यो। क्रियामा बसेको बेलामा पनि उसलाई भेट्न धेरै मानिसहरू आए। भेट्न आउनेहरूले फ्रेममा सजाएर ल्याएका उसको बुवाका तस्वीर, समवेदना-पत्र र फ्लेक्स बोर्डहरूको चाङ नै लाग्यो। यो देखेर वरपरका छिमेकीहरू भन्थे- 'रमेश वास्तवमै पपुलर रहेछ। हेर त, बुवाको समवेदनामा आएका तस्वीरहरूले नै कोठा भरिन लाग्यो!'

तेह्र दिनको क्रियाकर्म सकियो। परिवार बसेर भएका खर्चहरूको हरहिसाब गर्दा लाखौंको ऋण देखियो। यो सबै हेरिरहेको उसको किशोरवयको छोरोले अनायासै भन्यो- 'क्रियामा मान्छेले ल्याएका दशौं डोको फलफूल कुहिएर फाल्नुपर्‍यो। कोठाभरि तस्वीरका फ्रेम र समवेदना-पत्रहरू छन्, त्यो तह लगाउन फेरि खर्च गर्नुपर्नेछ। बरु ती अनावश्यक कुराहरू ल्याउनुभन्दा, यस्तो बेला भेट्न आउनेले खाममा हालेर केही रकम मात्रै दिने चलन चलाउने हो भने त क्रियापुत्रीहरूलाई ऋण नलाग्ने रैछ हगि ड्याडी!'

ऊ ट्वाल परेर कहिले छोराको मुख र कहिले हिसाबकिताबको कागज हेर्न थाल्यो।

**का.म.पा.-७, कुमारीगाल।**

ä ã

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**
web : http://nepalipublisher . com/

# बदला

**म्यामराज राई**

ऊ मीठो बोल्थ्यो । पार्टीले पत्यायो । उसले टिकट पायो । उम्मेद्वार बनेर केन्द्रबाट घोषणापत्र ल्यायो । जहाँ निम्न कुराहरू उल्लेख थिए -

हरेक गाँउमा सडक, एक घर एक रोजगार,

घर घरमा धारा, बिजुली बत्तीमा भारी छुट आदि ।

मैले पत्याएँ । गाउँलेले विश्वास माने । भोट हाल्यौं । ऊ संसद भवन छिऱ्यो । मन्त्री पड्कायो । हाम्रो प्रतिनिधि त्यो पनि हाम्रै गाउँको मन्त्री बनेको थाहा पाउँदा असाध्यै खुसी भयौं । भोलिपल्ट पाँचजना जति मिलेर उसलाई भेट्न उसको मन्त्रालयमा पुग्यौं । चुनावताका पाएको आश्वासनहरू सम्झायौं । संयोगले ऊ गरिबी उन्मूलन मन्त्री थियो । उसले अनेकन् सम्झिन खोज्यो । अहँ सम्झिन सकेन । उसको जवाफ थियो, 'यस्तो खेस्रा बोकेर आउने त दिनमा हजार जना हुन्छन् । मैले दिएर साध्य छैन ।'

निराशाको सास तान्दै सरासर गाउँ फर्क्यौं ।

उसको निर्वाचित अवधि सकिन लाग्यो । केन्द्रबाट चुनाव तयारीको लागि गाउँ फर्कायो । ऊ गाउँ आइपुग्ने निश्चित भएपछि हामी स्वागतार्थ कार्यक्रम तयारीमा लाग्यौं । पुनः एकपटक जिताइदिनुहोस् भन्दै ऊ आइपुग्यो । पाँच वर्षको कार्यकालमा विकासको नाममा एउटा सिन्को नभाँचेको उसलाई जुत्ताको माला लगाइदिई कालो मोसो दलेर गाउँ घुमायौं । सबै गाउँलेको सहमतमा उसलाई गाउँ निकाला गऱ्यौं ।

ä ã

**; flxTo ; j4g sGb, gkfn**

**३. 'साहित्य संवर्द्धन द्रष्टा सम्मान'बाट सम्मानित**

२०७० प्रा. डा.केशवप्रसाद उपाध्याय ।
२०७१ प्रा. शिवगोपाल रिसाल
२०७२ प्रा. मोहनराज शर्मा
२०७३ प्रा. ठाकुर पराजुली
२०७४ प्रा. दयाराम श्रेष्ठ
२०७५ दधिराज सुवेदी
२०७७ कृष्णहरि बराल
२०७८ डा. घनश्याम न्यौपाने 'परिश्रमी'

# विनामिसावटको मिठाई

रञ्जु खनाल

मिडियाका अनेकौं सञ्चारमाध्यमले तीन दिनदेखि SEE को नतिजा प्रकाशित हुन्छ भन्दा भन्दा बल्ल आज मध्याह्न चार बजे इन्टरनेटमा राखेर सार्वजनिक गऱ्यो । यसपालि मेरो कान्छो छोरोले पनि SEE दिएको थियो । धन्न A ग्रेड चाँहि ल्याएछ । बोर्डिङमा पढाएको यही एउटा फाइदा त हो नि ! एघारमा बाह्रमा फेल भए पनि कक्षा दशमा चाँहि A/A+ नै ल्याइहाल्छन् । घोकन्ते विद्याको फल प्राप्ति सम्झी मलाई खुसी लाग्छ ।

श्रीमती बजार गएकी थिइन् । छोरा पास भएको खबर सुनाउन मलाई हतार भो तसर्थ श्रीमतीलाई फोन गर्दै भने-'राधा मिठाई ल्याऊ है ? हाम्रो छोराले A ग्रेड ल्याएछ ।' श्रीमतीले भनिन्-'हजुर नै ल्याइस्योस् न । हाम्रै घर पछाडिको मिठाइ पसलबाट, त्यहाँ मिसावट पनि हुँदैन, स्वस्थकर पनि छ ।

'तिमीले ठीक भन्यौ' भन्दै फोन आफैंले राखें । म पनि कस्तो स्वाँठ घर नजिकको मिठाइ पसलको ख्यालै नगर्ने । अफिस जाँदा आउँदा सधैं मेरै टाउको माथि पर्ने बोर्डको ख्यालै रहेनछ मलाई । ठूला ठूला रङ्गीन अक्षरले लेखिएको- 'महात्मा साहूको विनामिसावटको मिठाई पसल ।'

उत्तिनखेरै पसलमा मिठाई किन्न गएँ । पसलमा भीड थियो । हँसमुख भएर साहू मिठाई बेच्दै थियो । आउने ग्राहकलाई बेलाबेलामा भन्दै गर्थ्यो 'आउनुहोस्, मिसावट नभएको मिठाइ किन्नुहोस्' । भीड कम भएपछि मैले पनि मिठाई किनें ।

पोहोर साल महात्मा साहूको छोराले पनि SEE मा A+ ल्याएको थियो । साहुले मन फुकाएर आफ्नो पसलको मिठाई बाँडेको थियो । मेरो छोराले पनि खुब खाएको थियो । त्यसैले मलाई पनि महात्मा साहु र उसको छोरालाई मिठाई दिन करै लाग्यो ।

पसलमा म, साहु, साहुको छोरो र एकाध ग्राहक थिए । मैले खुसी हुँदै मिठाई दिएर भनें- 'बुझ्यौ बाबु ? मेरो छोराले नि ! A ग्रेड ल्यायो । यसको खुसियालीमा म मिठाई किन्न आएको हुँ ।'

'बधाई छ अङ्कल' भन्दै उसले मिठाई हातमा लियो अनि मुखमा के हाल्न आँटेको थियो तत्काल साहुले आफ्नो छोराको हातको मिठाई पाँच हात पर फालिदियो । साहुको छोरो ट्वाल्ल पऱ्यो । म पनि तीन छक्क परें ।

ä ã

# कर्मकाण्ड

**रञ्जुश्री पराजुली**

रमेशकी आमालाई सबै चाडपर्व, पितृपूजा आदि नियम पुऱ्याएर गर्नुपर्दथ्यो । बिहे गरेको दश वर्षपछि कति पाठपूजा व्रत आदि गरेर जन्मिएको एउटै मात्र छोरा रमेशलाई केही होला भन्ने उनलाई चिन्ता लाग्दथ्यो । त्यसैले उनी दानधर्म पाठपूजा आदि दिल फुकाएर गर्छिन् । रमेशको बिहे पनि उनले बेलैमा गरिदिइन् । उनको फिराद सुनेर होला भगवान्ले पनि लगातार दुईटा नाति बेलैमा जन्माएर उनको घर उज्यालो बनाइदिए । उनले नातिहरूको नाम पनि राम लक्ष्मण राखिन् । पारिवारिक जीवन राम्रोसँग चल्दै थियो तर दैवलाई त्यो मन्जुर भएन । रमेशका बाबाको मृत्यु भयो ।

रमेशको बाबाको मृत्युपछि उनले पितृको काममा कत्ति पनि त्रुटि हुन दिइनन् । बरु त्रुटि हुन्छ कि भनेर सचेत हुन्थिन् ।

तिथि तथा श्राद्ध नियम पूर्वक गराउँदै थिइन् । पुरानो पुरेत आफू ज्यादै बेफुर्सदिलो भएकोले सोह्र श्राद्धको लागि पुरोहित खटाइदिए । उनले पूरा तयारी गरिन् । छोराले दिएको खर्चले नपुग्ला भनेर एकजोर सुनको टप खुसुक्क बेचेर कम्मर बलियो पारेर ढुक्क भएर पितृपूजाको सामान ठूलो हातले तयार पारिन् । छोरीबेटी, दाजुभाइ आदिलाई पितृप्रसाद खान निम्ता दिइन् । उनी त्यो दिन मुखमा पानीसम्म पनि नहालीकन कार्य निप्ट्याउँदै थिइन् । श्राद्धको सामग्री, पिण्डपूजाको सर्जाम, सिदा आदि मनग्य तयार पारिन् ।

त्यो दिन भान्सामा पनि खीर, पुरी र बारा तीनथरी तरकारी, तीनथरी अचार तयार भएको थियो । श्राद्ध दिउँसो चार बजे सकियो । पाउनाहरूलाई 'राम्ररी खानु है' भनेर उनी पण्डितजीलाई खुवाउनतिर लागिन् । पण्डितलाई खुसी पार्नुपर्छ भन्ने थहा पाएकी उनले सिधाका सामानहरू सबै जम्मा पारेर झोलाहरूमा राखिन् । पण्डित आफ्नै गाडीमा आएका थिए । जाने बेला भएपछि उनले आफ्नो सहायकलाई' यो सामान गुरुको गाडीमा राख' भनिन् । गुरुले 'अब यस्तो बोकेर लाने चलन पुरानो भइसक्यो हजुर । यसको सट्टा खल्तीमा बोक्ने गहकिलो खाम दिनुस्' भने ।

**टेक्सस, अमेरिका ।**

ä ã

# आमाको चिन्ता

**रमेश प्रभात**

ऊ ठेलामा फलफूल बेच्दै थिई- 'ममी भोक लाग्यो' सडक छेउमा खेलिरहेको पाँच वर्षे सानो छोरोले ऊसँग भन्यो ।

'के खान्छस् त ?' उसले छोरोसँग सोधी ।

'अङ्गुर खान्छु' छोरोले भन्यो ।

उसले अलिकति अङ्गुर पखालेर पोलिथिनको थैलोमा राखिदिई । छोरो पोलिथिनको थैलो नै बोकेर खेल्न कुद्थ्यो ।

एकछिनपछि फेरि छोरो कुद्दै आएर उही वाक्य दोहोऱ्यायो ।

आम चाहिँले फेरि 'के खाने ?' भनेर सोध्दा छोरोले अनार खाने कुरा गऱ्यो । उसले एउटा अनार पखालेर दिई । अनार बोकेर छोरो फेरि खेल्न गयो ।

करिब एक घन्टापछि फेरि छोरो 'भोक लाग्यो' भन्दै आयो । आमाले 'के खाने ?' भनेर सोध्दा 'स्याउ खाने' भन्यो । उसले एउटा स्याउ पखालेर दिई । स्याउ बोकेर छोरो खेल्न कुद्यो ।

केही बेरमा छोरो फेरि आमा भएको ठाउँमा आएर भोक लागेको कुरा बतायो । आमाले 'के खाने ?' भनेर सोध्दा उसले पैसा माग्यो । फेरि 'के खान्छौ ?' भनेर सोध्दा उसले अर्की महिलाले बेच्दै गरेको स्याउ देखाउँदै उसले 'ऊ त्यो आन्टीको स्याउ खान्छु' भन्यो ।

छोराको जबाफ सुनेर आमाको आँखामा आँसु रसायो । कसैले नबुझ्ने गरी भुतभुताई 'बजिया पनि आफ्नै बाबुजस्तै हुने भयो'तर छोरोले आमाको कुरा पटक्कै बुझेन ।

**चितवन ।**

ä ã

;flxTo ;j4g sGb, gkfn

**४. 'हरिहर शास्त्री सावित्रीदेवी साहित्य पुरस्कार'-२०४५**

२०७० प्रा.डा. वासुदेव त्रिपाठी
२०७१ प्रा. कृष्ण गौतम
२०७२ कुन्ता शर्मा
२०७३ पुण्य खरेल
२०७४ तारानाथ शर्मा
२०७५ भाउपन्थी
२०७७ नगेन्द्रराज शर्मा
२०७८ प्राडा. चूडामणि बन्धु

# कपी राइट

**रमेश समर्थन**

सामाजिक सञ्जालमा एउटा रचना निकै भाइरल भयो ।

दर्जनौं सेयर, सयौं कमेन्ट र हजारौं लाइक आए । पोस्ट गर्ने व्यक्ति एकाएक लोकप्रियताको शिखरमा पुगे ।

अचानक एउटा मोड आयो । एक जनाले उनीमाथि कपी राइटको मुद्दा हाले । मुद्दाको सुनुवाइमा न्यायाधीशले वादीसँग आफ्नो पक्षमा प्रमाण मागे । उनले प्रमाणस्वरूप सामाजिक सञ्जाललाई नै प्रस्तुत गरे ।

त्यही रचना, हुबहु त्यही रचना झन्डै एक वर्ष पहिले वादीकै नामबाट सामाजिक सञ्जालमा पोस्ट भएको रहेछ र अहिले त्यसलाई नै प्रतिवादीले आफ्नो नामबाट पोस्ट गरेका रहेछन् । सबै मुराको अध्ययनपछि न्यायाधीशले फैसला पाठ गरे -

'सबै प्रमाणका आधारमा यो रचना वादीको हो भन्ने स्पष्ट त हुन्छ तर रचना तबसम्म रचना हुँदैन जबसम्म त्यसका पाठक र समर्थक हुँदैनन् । वादीले एक वर्ष पहिले यो रचना सामाजिक सञ्जालमा पोस्ट गर्दा सेयर र कमेन्ट त के एउटा लाइक पनि आएको देखिँदैन तर प्रतिवादीको पोस्टमा दर्जनौं सेयर, सयौं लाइक र हजारौं कमेन्ट छन् । लेखक त्यही हुन्छ जसका पाठक हुन्छन् । अतः यो रचना प्रतिवादी नाममा रहने फैसला गरिन्छ ।'

**मङ्गलापुर, रूपन्देही ।**

ä ã

**;flxTo ;j4g sGb, gkfn**

५. **'विश्वज्योति सेवा सम्मान'बाट सम्मानित**
२०७१ श्री सत्य साईं केन्द्र, पूर्व काठमाडौं
२०७२ श्री सत्य उद्यान, ललितपुर
२०७३ शान्तदास मानन्धर
२०७४ जगत्गुरु आदर्श संस्कृत गुरुकुलम्
२०७५ नेपाल एकीकृत दृष्टिविहीन संघ, लोलाङ
२०७७ रोचक घिमिरे
२०७८ जनमत मासिक पत्रिका

# हीरा र मुक्ताफलको झोला

**राजबाबु श्रेष्ठ 'सागर'**

बिजलपूरा गाउँमा तिलकबहादुर र तिलमाया नामका बूढाबूढी बस्थे। तिलकबहादुरका जग्गाजमीन थुप्रै थिए। खेतीपातीबाट आएका उब्जाले उनले प्रशस्तै धन जोडेका थिए।

एक दिन तिलकबहादुरको देहावसान भयो। नोकरचाकरहरू सबैले घर छाडेर गए। तिलमाया एक्लै परिन्। खेतीपाती सबै बाँझा नै बसे।

एक दिन जुनेली रातको दाउ पारी चारजना चोरहरू तिलमायाको घर चोर्न आए। चोरहरू मिली तिनलाई हातखुट्टा बाँधे र एउटाले छुरी देखाउँदै भन्यो- 'भन् बूढिया सन्दुकको चाबी कहाँ छ ?

'मलाई थाहा छैन सन्दुकको चाबी। जिउँदो हुँदा बूढाले मलाई चाबी राख्ने ठाउँ कहिल्यै देखाएनन्। बरु, ऊ त्यो परको ढिस्कोमा धेरै वर्ष पहिला एकझोला हीरा र मुक्ताफल प्लास्टिकमा बाँधी गाडेर राखेको भने थाहा छ मलाई', तिलमायाले रुँदै मुखले ढिस्कोतिर इसारा गर्दै भनिन्।

चोरहरूले तिलमायालाई घिसार्दै ढिस्कोमा लिएर गए र बन्दुक देखाउँदै अर्कोले भन्यो- 'भन् बूढिया, कहाँ गाडेको थियो ? यहाँ कि यहाँ ?' ढिस्कोमा जतैततै बन्दुकको कुन्जा गाड्दै भन्यो।

तिलमाया डरले थचक्कै बसिन् र रुँदै भनिन्- 'थाहा छैन मलाई कहाँ गाडेका थिए। धेरै वर्ष भएकाले मैले पनि बिर्सें तर झोला गाडेको चाहिँ यही ढिस्को हो। मेरो बूढाले झोला गाडेपछि यो ढिस्को कसैलाई भत्काउन दिएनन्। बरु तिमेरुले यो ढिस्कोलाई खनेर सम्म बनाऊ र निकाल हीरा र मुक्ताफलको झोला अनि बजारमा बेचेर आधा पैसा मलाई देऊ र आधा तिमेरु राख।'

चोरहरूले झोलाको लोभमा ढिस्को तँछाडमछाड गर्दै सम्म बनाउने कोसिसमा जुटे तर झोला भेटिएन।

यत्तिकैमा बिहान भयो। चोरहरू सबै भागे तिलमायालाई त्यहीँ छाडेर। तिलमाया जुरुक्क उठिन् र मुसुक्क हाँस्दै भनिन्- 'बल्ल ढिस्को मिलेर सम्म भयो। अब बाली लगाउँछु।'

**महोत्तरी, गौशाला, हाल : नयाँ ठिमी, भक्तपुर।**

ä ã

# घोषणा पत्र

**राजु क्षत्री अपुरो**

हिजो बेलुका चढेको गाडीबाट आज दिउँसो अपराह्नतिर ऊ राजधानीको बसपार्कमा झऱ्यो। बिहान सबेरै झर्नुपर्ने ऊ राजमार्गका ठाउँ ठाउँका जामले गर्दा बल्लतल्ल बसपार्क ओर्लिंदा ठूलै युद्ध जितेजस्तो भयो उसलाई।

राजधानी पुगेपछि होटलवालाहरूको तानातानको छुट्टै सास्ती खेप्नुपऱ्यो। भोलिपल्ट बिहानै पासपोर्ट अफिसतिर लाग्यो। आफू पुग्दा सयौंको लाइन लागिसकेको थियो। त्यो दिन बल्लतल्ल फाराम बुझाउन भ्यायो उसले। आतेजाते गरिरहनुभन्दा हप्तादिनमै पासपोर्ट लिन पाउने गरी तोकिएको शुल्क बुझायो उसले।

निर्धारित तिथि मितिमा पासपोर्ट लिन अफिस पुग्दा भिड उत्तिकै थियो। ड्युटीमा खटिएका प्रहरीहरूलाई भिड नियन्त्रण गर्न हम्मे हम्मे परिरहेको थियो। त्यहाँ दलाली गर्नेको बिगबिगी प्रत्यक्ष रूपमै देखिन्थ्यो। अतिरिक्त रकम बुझाउनेहरू एक दुई दिनमै काम निपट्याएर फर्किन्थे भने तोकिएको रकम मात्रै बुझाउन खोज्नेहरूको हप्ता दिनभन्दा बढी नाघिसकेको हुन्थ्यो। ऊ दुई दिन त छिर्नै पाएन। आफ्नो पर्ची देखाएर पासपोर्ट लिने बेलामा पासपोर्ट नै फेला परेन। कारण सोध्यो। जवाफ आयो- 'सायद तपाईंको फाराममा केही मिलेको छैन, दश हजार दिनुहोस् म खोजिदिन्छु।' त्यहाँको कर्मचारी भित्र खोज्न गए झैं गऱ्यो।

जसोतसो पाँच हजार रुपैयाँ अतिरिक्त बुझाएर पासपोर्ट हातमा पर्दा लोकसेवामा अधिकृतको नाम निस्किए झैं भयो उसलाई। ऊ हतार हतारमा बसपार्क पुग्यो। रात्रिकालीनका कुनै पनि बसमा सिट थिएनन्। ऊ होटेल फर्किन बाध्य भयो। बिहान टिकट लिन काउन्टर पुग्यो। त्यहाँ पनि भिडभाडको सास्ती खेप्यो।

केही युवकहरू पर्ची बाँढ्दै आए। पर्चीमा उल्लेख थियो- 'हाम्रो पार्टी सरकारमा आएमा भ्रष्टाचारीलाई कारवाही गर्दै सुशासन र जनहितमा काम गर्नेछ।' यस्तै यस्तै देख्यो। उसको मथिङ्गल घुम्यो र उसले आवेशमै आएर प्रश्न गऱ्यो- 'अहिले पनि हाम्रै पार्टी सरकार मै त छ। फेरि अर्को कुन सरकार बनाउने हो र सरकार ?'

ä ã

# दया

**रामकुमार पण्डित क्षेत्री**

गोविन्द गदगद थिए, खेन्से दाइले ब्यागभित्र मीठामीठा बिस्कुटका दुईचार पुरिया हालिदिँदा। त्यस घरमा जाँदा खेन्सेकी पत्नीले कहिल्यै जूठो मुख नगराई पठाउन्न थिइन्। त्यस दिन खेन्से आफैं त्यसरी अघि सरेको देखेर उनले मनमनै भनेका थिए, 'यी तिब्बतियन मूलका मान्छे कति दयालु र गुणले भरिएका हुँदा रहेछन्।'

बिल भौचर छाप्न दिएको धेरै दिन भइसकेको थियो। छापाखानाले त छापिदिइसकेको थियो। गोविन्दकै जहान बिरामी भएकोले त्यो लिएर खेन्सेलाई हस्तान्तरण गर्ने समय पाइरहेका थिएनन्। आफू खेन्सेको उद्योगको कारिन्दा भएकोले समयमा काम फत्ते गर्नु उनको दायित्व थियो। बल्लबल्ल समय मिलाएर उनले ती भौचर दिए। आफैंले भुक्तानी गरेको रु. पच्चीस सयको बिल दिए। बिल हेर्दै खेन्से साहुले भने- 'ओहो ! किन यति महङ्गो ?'

नरम भएर गोविन्दले भने- 'कागजको भाउ धेरै बढ्यो हजुर, युक्रेन र रसियाको युद्धले।' त्यसपछि खेन्से साहुले हाँस्दै हाँस्दै पाँच सयको नोटभित्र अरू नोट हालेर पट्याएर दिए। उनले यसो बाहिरबाटै हेरे। एक मनले सन्देह गरे पनि अर्को मनले पूरा छ भन्ने ठानी नगनीकन खल्तीमा राखे। आफूलाई बिरामी पत्नीको लागि औषधी किन्न जानुपर्ने जनाइ उनी निस्किए।

ब्यागमा बिस्कुट हालिदिएकाले मनमनै खुसी हुँदै गोविन्द औषधी पसल पुगे। दुई महिनालाई पुग्ने औषधीको दुई हजार भएको पसलेले बतायो। उनले खल्तीबाट नोट झिके। ओल्टाई पल्टाई गन्दा पाँचसयको नोट एउटा र सयको चारवटा रहेछन्। औषधी पसललेलाई दिन पुगेन। उनले पत्नीको मलिन अनुहार र खेन्सेको कुटिल हाँसो सम्झिए। अघि हौसिएर ब्यागभित्र बिस्कुटको पोका हालिदिएर दया देखाएको रहस्य बल्ल बुझे।

**का.म.पा.-६ सिमलटार।**

ä ã

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**

# विस्मृति

**रामप्रसाद धिताल**

सँगै खाजा खान गएका थियौं हामी तीन । दुई जनाको आइसकेको थियो । उनको बन्ने क्रममा थियो ।

दुई हाकिम पनि आइपुगे । एकैपटक खाजा खान आएको वचन सुन्नुपर्ने डरले भस्कियौं । हतार-हतार चिया पियौं । उनलाई 'तपाईं उहाँहरूसँग आउनुस् है म्याम' भन्दै अफिस फर्कियौं । उनले पनि मौन समर्थन जनाइन् ।

ooo

'तपाईंहरूले मलाई किन एक्लै छाडेर जानुभएको ?' भक्कानिंदै उनले भनिन्, 'म त्यतिखेर साह्रै एक्लो भएँ सर !'

बाहिर निस्किनुअघि चन्द्रमाभैं धपक्क बलेको मुहारमा बदली छाएको थियो । 'फर्किंदा बाटोमा मलाई दुर्व्यवहार गऱ्यो सर हाकिमले', अनुहार अँध्यारो पार्दै भनिन्, 'आहा कति राम्रो, कति 'सिल्की' भन्दै मेरो केश समात्यो त्यसले ।'

महाभारतको प्रसङ्ग सम्भिएँ- द्रौपदीको केश समातेको अपराधको फल दुशासनले कसरी भोग्नुपरेको थियो । 'प्रतिवाद गर्नुपर्थ्यो नि म्याम', मैले भनें । बोली फुटेन । एकाएक रुँन पो थालिन् ।

ooo

हाकिम अफिसको कामले बाहिर छन् । घुमघामका फोटो फेसबुकमा आइरहेका छन् । हरेक फोटोमा म्यामका 'लभ रियाक्ट' देखिन्छन् । अभ्र एउटा फोटो मुन्तिर लेखेकी छिन्, 'सर कहिले फर्किने हो ? हामीले यहाँ कत्ति मिस गरिरा'छौं ।'

फेसबुकको कमेन्ट पढ्दै गर्दा तीन महिना अघिको त्यो घटना र म्यामले हाकिमको फेसबुक फोटोमा लेखेको गुनासोबीच तादात्म्य खोज्दै छु ।

ä ã

**http://www. nepalipublisher. com वा**

**http://www. khabarinepal. com का]Hotlink वा**

**http://nepalipublisher. com/downloads-vajyanti\dayitwa**

**अब हाम्रो वेब साइटमा वैजयन्ती र दायित्वका सबै अङ्क डाउनलोड गर्न सक्नुहुन्छ है ।**

# नयाँ विधि

**रामप्रसाद पन्त**

घरमा मान्छे नभएको थाहा पाएर दुईजना चोर एउटा घरको गेटमा पुगे। दायाँबायाँ हेरे। मध्यदिन, गर्मीको समय, बाहिर टन्टलापुर घाम लागेकोले पनि होला, कोही मानिस देखिएनन्।

सल्लाहअनुसार एउटा चोर घरको गेट बाहिरै बस्यो, अर्को पर्खाल नाघेर भित्र पसी ताल्चा फोड्न थाल्यो।

उसले बडो सावधानीपूर्वक सकेसम्म आवाज टाढा नजाने गरी ताल्चा फोऱ्यो र घरभित्र पस्यो।

त्यसै वेला पल्लो घरको बार्दलीबाट छिमेकी घरकी महिला गेटबाहिर उभिइरहेको मानिसलाई देखेर सोधिन्– 'त्यस घरकालाई खोजेको हो बाबु ?'

चोर बोलेन।

महिलाले भनिन्– 'घरका मान्छेलाई खोजेको भए उनीहरू सबै कोरोना भएर अस्पताल भर्ना भएका छन्। कहिले सन्चो हुने हो र आउने छन्!'

त्यो मान्छे अझ पनि बोलेन।

त्यसै वेला घरभित्रबाट चोर फुत्त बाहिर निस्क्यो र दुवै एकै साथ भागे।

चोर ! चोर ! चोर ! चिच्याइन् महिला।

छिमेकी दुईतीन जना मानिस चोरको पछि पछि दौडे।

एक जनाले झन्डै चोरलाई भेटाउनै लागेको थियो, चोरले 'हाच्छ्यूँ' गऱ्यो र भन्यो– 'कोरोना ! कोरोना ! मलाई कोरोना लागेको छ।'

त्यसपछि त कसैले समाउने आँटै गर्न सकेनन्। खाली कराइरहे– 'चोर.... चोर !'...

**चाबेल, काठमाडौँ।**

ä ã

**अब हाम्रो पालो**
विदेश यात्रा, अन्तर्वार्ता, छन्दकविता आदि अङ्क।

# बुहारी

**राममणि पोखरेल**

लगातार पानी परिरहेको थियो । खोला नदी नाला बढेका थिए । आँगनको भल धमिलो भएर बग्दै थियो । बिहान आफ्नो नित्यकर्म सकेर दलानमा बसेर चियाको सुर्पो मार्दै थिएँ । एक जना छिमेकी दिदी लौरोको सहाराले आँगनमा टुपलुक्क आइन् र बिलाउनाको स्वरमा भनिन् 'भाइ मलाई त काल पनि आएन, काल आएर लान लान खोज्दछ तर फेरि छाडेर जान्छ, दुःख मात्र दिन्छ ।'

उनका ती कारुणिक वचन कानमा परेपछि उनलाई दलानमा बस्न अनुरोध गरें । बुहारीलाई बोलाएँ र भनें -'पकाएको चिया छ भने यी विरामी दिदीलाई देऊ, छैन भने पकाएर लेऊ ।'

'के भएको त दिदी तपाईंलाई शरीर सुकेर हाड र छाला मात्र भएछ त' सोधें । आँखाबाट आँसु झार्दै हिकिक, हिकिक गरिन्, माया लाग्दी देखिइन् । बुहारीले ती दिदीका हातमा चिया थमाई दिई । गिलास समात्दै चिया हेरिन् र भूइँमा गिलास राखिन् र भनिन्- 'के भनौं भाइ तीन दिन पहिला सामान्य खोले दिशा आएको थियो, मुख बारिनँ । मोही र मकैको भात खाएँ । डायरियाजस्तो भयो । मुख सुक्यो । एक घण्टामा सातपल्टसम्म बाहिर गएँ । बिछ्याउनबाट उठ्न सकिनँ । बुहारी सँगै कोठामा सुतेकी थिई तर वास्ता राखिन । लगाएका लुगामा बिष्ट्याएँ । बिहान घस्रेर उठें । आफ्नै मान्छे बैरी भइदिएपछि के लाग्दो रहेछ र ? नाति आएर अस्पताल लग्यो । दवाई ल्यायो । नातिनी बाहिरै बस्छे, निकै दिनपछि मात्र थाहा पाई । यही बुहारीको मायाले यसैसँग बसें । अरू छोरा भिन्न भएर बसेका छन् ।

कमाउन छोरा विदेश गएको फर्केर आएन । साना केटाकेटीका माया छाड्न सकिनँ । भाइहरूकै सहयोगले यो घरको व्यवस्था भयो । नातिनातिना जवान भए । बुहारीले पनि एकल महिलाको कारण जागिर पाई । जागिर पाएपछि ऊ मात्तिई, सन्किई, मलाई भुत्ला बराबर मान्न छाडी' भन्दै ती दिदी मेरा सामु रोइन् । चिया पिई सकेपछि थरर काँपिन् । बुहारीलाई अह्राएँ 'यी दिदीलाई यतै खाना खुवाउ दही होला फेटेर एक गिलास पिउन देउ' ।

आज बुझें ती उमा नानी त सासु पिडक पो रहिछन् त ? बुहारी यस्तै हुन्छन् त ? सासु पनि एकल थिइन्, बुहारी पनि एकल । उनीहरूको आपसमा मेल, मित्रता हुनुको साटो किन यस्तो भयो त ? के पूर्वीय समाजमा सासु बुहारीको कटुता सधैं यस्तै हुन्छ ?

**गाईघाट, उदयपुर ।**

ä ã

# लोभी-पापी

**रासा**

अन्ततः उनीहरू (दाजुभाइ) छुट्टिए। भए भरका श्रीसम्पत्ति, घर-खेत सबै बाँडफाँड भए तर एउटा कुरामा उनीहरूबीच सहमति हुन सकेन। घरमा एउटी वृद्धा आमा छिन्। आमालाई कसले रेखदेख गर्ने, दाजुले आफ्नोमा राख्न खोज्ने भाइ चाहिँले पनि आफ्नोमा राख्न खोज्ने। दुईबीच खिचातानी।

निकटका एक बुज्रुकले उनीहरूलाई सल्लाह दिए- तिमीहरू अब झगडा नगर, आमालाई पालैपालो छ-छ महिना हेरविचार गर। यसमा दुवै मञ्जुर भए। पहिला दाजुले र त्यसको छ महिनापछि भाइले राख्यो।

वर्ष-दिन कटेपछि आमा स्वयंले घोषणा गरिन्- आइन्दा म कसैकोमा बस्दिनँ। बरु वृद्धाश्रममा गएर बस्छु। दुवै छोराहरू अवाक् भए।

आमा वृद्धाश्रममा बस्न थालिन्। आफूसँग रहेका जम्मै नगद राशि एवम् गरगहना आश्रमलाई नै दान गरिन्। आमा बेलामौकामा खुइय सुस्केरा हालेर भन्छिन्- 'हे दैव, मेरा दुईटै छोराहरू लोभी-पापी भए।

**गौरीघाट, कामनपा-७।**

ä ã

# दान

**डा. घनश्याम परिश्रमी**

भव्य मन्दिरको बाहिर केही भिखारीहरू थिए। सबैका अगाडि आआफ्नै प्रकारका मागपात्र थिए। उनीहरूलाई देखेर पनि नदेखेको झैं गरी उहाँहरू बडो सानका साथ भित्र पस्नुभयो। मन्दिरको मूर्तिमा दर्शन नगरी विशेष सिफारिसमा महन्तलाई भेट्न जानुभयो, सबैले उनका पाउमा शिर पुऱ्याउनुभयो। यसपछि प्रमुख भक्तले सहयोग पुस्तिकामा लेखाएर नोटको मोटो गड्डी हस्तान्तरण गर्नुभयो। थोरै प्रसन्न भएका महन्तले पालैपालो सबैका शिरमा हातले धाप दिँदै आशीर्वचन फलाकँ।

महन्तबाट आशीर्वाद लिइसकेपछि उहाँहरू मुख्य मूर्ति भएको ठाउँमा पस्नुभयो र निकै भक्तिभाव प्रदर्शन गर्दै दर्शन गर्नुभयो। पुजारीले उहाँहरूलाई टीका, फूलप्रसाद दिए। उनले पनि राम्रोसँग दानदक्षिणा पाए तर खासै खुसी भएनन्।

बाहिर निस्केपछि उहाँहरूले भिखारीहरूलाई थोरै थोरै खुद्रा पैसा बाँड्नुभयो। उनीहरू भने महन्त र पुजारीभन्दा धेरै प्रसन्न देखिन्थे।

**बर्दघाट, नवलपरासी।**

ä ã

# मृत्यु

**लक्ष्मण अर्याल**

म मरेँ । मरेपश्चात् घर पछाडिको सिँढीदार थुम्के पहाड उक्लिएर एकछिन हिडेपछि एउटा सानो गाउँ आयो । गाउँको छेवैमा एउटा साइनबोर्ड रहेछ । साइनबोर्डमा लेखिएको थियो- 'यहाँलाई गुप्तेको अड्डामा स्वागत छ ।'

म गुप्तेको अड्डामा पसेँ । अड्डाभित्र निकै मानिस रहेछन् । नेप्टा, थेप्चा, काला, गोरा, धनी जस्ता, गरीब जस्ता, पापी जस्ता, धर्मात्माजस्ता सबैखाले अनुहार परेका मानिसहरू एकै ठाउँ देखेर म अचम्मित भएँ । सबै लामबद्ध थिए । गुप्तेले नियम भने मज्जाको बनाएको रहेछ । पर डिजिटल बोर्डमा देखियो- 'घमण्ड नगर्नू यहाँ सबैको हैसियत बराबर छ ।'

केही छिनपछि माइक बज्यो । माइक भन्दै थियो- कृपया स्वमूल्याङ्कन फारम भर्नुहोस् । यो भरेर बुझाएपछि मात्र हामी फाइल पढ्छौं र निर्णय दिन्छौं ।

सबैले फटाफट फारम गरे । मैले पनि भरेँ । फारम बुझाएपछि दश मिनेटमै निर्णय आयो । सबै मानिसले इन्द्रेको राज्यमा प्रवेश हुने आआफ्नो इच्छा र तदनुरूप योग्यता पेस गरेका रहेछन् ।

सबैले स्वमूल्याङ्कन फारममा झुठा विवरण भरेकाले दण्ड स्वरूप निम्नलिखित नामका सबैलाई यमेको राज्यमा आजन्म राख्नू र कडा सजाय दिनू भनी निर्णय टाँसियो । मैले भने न इन्द्रे चुनेको थिएँ न त यमे नै । मेरो जिकिर थियो- 'श्रीमान् म दुवैको राज्यमा मरे काटे जान्न । मलाई मेरै गाउँमा जान अनुमति दिइयोस् । जहाँको प्रकृति नै इन्द्रेको राज्य बराबर छ ।'

मेरो निर्णय मुल्तवीमा राखिएको सूचनाले प्रष्ट बोल्थ्यो । भनिएको थियो- 'निर्णय हुन बाँकी छ, हतार पटक्क नगर्नु होला ।'

मानिसहरू खलबल गरेको सुनेँ । ब्यूँझिँदा अर्धचेतनाका स्वप्निल तरङ्गहरूले पिटिरहेका थिए बारम्बार । म शिथिल थिएँ । शरीर थाकेजस्तो अनि भोक लागेजस्तो भएको थियो । म सोच्दै थिएँ- किन देखे हुँला मैले आफैं मरेको अचमलाग्दो सपना ?

प्लेन ल्यान्ड भइसकेको रहेछ । एउटी मोटी कुइरिनी उसकै भाषामा भन्दै थिई- 'स्वागत छ, यहाँहरू सबैलाई यो सपनाको देश अमेरिकामा ।'

**चितवन ।**

ä ã

# फोटो

**लक्ष्मण थापा**

'यी मान्छेहरूलाई पनि कति फोटो खिच्नुपर्ने रहेछ ? जतिखेर पनि मोबाइल तेर्स्याए, दाँत डिच्च बनाए अनि किची किची !' साहित्यकार अखिल अनिमेषले सभाकक्षको मञ्च अगाडि विभिन्न मुद्रामा फोटो खिचिरहेको समूहलाई कर्के नजरले हेर्दै मुख बिगार्‍यो ।

'हो त नि ! यो जमाना नै कि 'सेल्फी'को भन्दा 'सेल्फिस'को रहेछ । स्टीव जब्स नजन्मेको भए यी बिचराहरूले के गर्थे होलान् ?' अर्को साहित्यकार हुल्लड बैरागीले दारीजुँगा मुसार्दै भन्यो ।

'कार्यक्रम सकिएपछि चियानास्ता गर्नुपरेन ? जाम् उता व्यवस्था होला नि ! फोटो खिच्नेलाई खिच्न दिउँ न ! आफ्नो आफ्नो इच्छा हो । अरूलाई यसले के नोक्सान हुन्छ र ? बेकारमा किन आलोचना गर्नु !' नदी आँसुले सबैलाई धकेल्दै भन्यो ।

उनीहरूको समूहमा छ जना थिए । पङ्क्तिमा उभिएर एकेक कप चिया र केही टुक्रा बिस्कुट बोकेर एउटै टेबुल ओरिपरी कुर्चीमा बसेर गफिँदै खान थाले ।

यत्ति नै बेला तीनचार जना युवाहरू आएर नदी आँसुसँग फोटो खिच्न अनुरोध गरे । केही महिना पहिला उसको कवितासङ्ग्रह प्रकाशित भएको थियो । जसलाई पाठकहरूले राम्रैसँग रुचाएका थिए ।

'हुन्छ ! भइहाल्छ नि । खिचम् न त !' नदी आँसु उठेर उनीहरूसँग उभियो । युवाहरूले उसलाई बीचमा उभिन अनुरोध गरे । ऊ बीचमा सिधा भएर उभियो ।

'सर ! हजुरले यति खिचिदिने कष्ट गर्नुस् न !' एउटाले हातको मोबाइल देखाउँदै हुल्लड वैरागीलाई अनुरोध गर्‍यो ।

हुल्लड वैरागी मोबाइल लिएर अगाडि गै फोटो खिच्न तयार भयो ।

यति नै बेला अखिल अनिमेष पनि 'पख है' भन्दै हत्तारिँदै गएर नदी आँसुको पछाडि उभियो ।

**पोखरा-६ ।**

ä ã

# प्रौढखेल

**लक्ष्मी रिजाल**

'हजुरबा ! हजुरलाई एउटा प्रश्न गरूँ ?'

'किन अनुमति मागेकी प्यारी नातिनी ।'

'म प्रतिपक्ष हो । हजुर अहिले सत्तापक्ष हो त्यसैले ।'

'ए, कसले भनेको ?'

'कलमले सत्तालाई खबरदारी गर्ने गर्छ । कलम जहिले पनि प्रतिपक्षको कित्तामा उभिन्छ । म सत्तापट्टी हैन कलमपट्टीकी मान्छे हुँ त्यसैले ।'

'ए, (उहाँ बडबडाउँदै हुनुहुन्थ्यो 'मैले बुझिनँ,' सायद भन्दै हुनुहुन्थ्यो- 'नुन खाने मेरो गुन गाउने प्रतिपक्षको ?'

'अनुमति लिएपछि त अरूलाई जस्तो मलाई नहकार्नुस् है हजुरबा ?'

'ए बाबा ! त्यो दिन रिसाएको प्रश्नले हैन । सत्ता नपाएको झोकले हो ।'

'उसो भए हजुरको केस सेतो र बोली अबुझ किन भाको ?'

'यो सब राजनीति शक्ति र सत्ताले नै हो ।'

'शक्ति र सत्तामा बल्ल पुग्नुभो । अब के गर्नुहुन्छ ?'

'राजनीतिलाई सोझो बाटोमा हिँडाउँछु र देशलाई उँघो जानबाट जोगाई उँभो लग्छु ।'

'उसो भए थरीथरीका काण्ड मच्चाएर जनताको नजरमा घिनाएका र कानुनले दण्डनीय ठानेका मान्छेलाई किन आफ्नो मेरुदण्ड ठान्नुहुन्छ ?'

(फेरि एक पटक उहाँ रिसाएको स्पष्ट झलक देखियो । सुरुमा त शक्ति र सत्ताको संरक्षणमा नबोली नबोली जित्ने प्रयासमा लाग्नुभयो । केही बेरपछि म नजिक आएर खुसुक्क भन्नुभयो र मेरै मुख खुलेको खुल्यै पार्नुभयो ।)

'सप्पै कुरा खेल हो । तिमी बुझ्दिनौ नानी । जे बोल्यो त्यही गर्ने बालखेल हैन । एक थरी बोलेर अर्को थरी गर्ने प्रौढखेल हो यो ।'

**रूपनगर, सप्तरी ।**

ä ã

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**

# निर्णय

**लता के.सी.**

'पानी, पानी' भनेर कराएको हजुरआमाको आवाजले ऊ झस्कियो । पढ्दै गरेका किताबहरू असरल्ल छाडेर कोठामा पुग्यो । 'हजुरआमा, के भयो ? ल पानी पिउनुहोस्' भनेर उठायो । 'हैट् सपनामा पो ?' भन्दै नातिको हातबाट पानी घट्घट् पिइन् अनि सुनाउन थालिन्, 'म बूढी, रोगी, सधैं ओछ्यानमा मात्र सुत्ने, बेकामकी भएँ' भनेर तेरा बाउआमाले मलाई वृद्धाश्रममा लगे । एक्लै थिएँ । ज्वरो हनहनती आएको थियो । मुख सुकेर कराएँछु ।'

नातिले नेताले झैं आश्वासन बाँड्यो 'म हुन्जेल तपाईंलाई कतै जान दिन्न नि ! ढुक्क हुनुहोस् । यो बुढ्यौली लाग्दै गर्दाको बहम हो है, हजुरआमा !' भनेर ऊ आफ्नो कोठामा आयो । पढाइबाट मन भाँडियो । सोच्न थाल्यो, 'किन बुबाआमाले कतै हेला पो गर्न थाले कि ? कि वृद्धाश्रमप्रतिको अव्यवस्थित अवस्था ? किन हजुरआमा आत्तिनुभयो ?'

राती बुबाआमा आएपछि दिउँसोको घटना सुनायो । उनीहरूले सम्झाए- 'तँ डाक्टर पढ्दै गरेको छोराले यस्ता कुरामा ध्यान दिएर पढाइ नबिगार है ! तँलाई दुःख गरेर पढाएर हाम्रो भविष्य सुख बनाउने हाम्रो सपनामा पानी नहाल् है छोरा !'

उसले सहमति जनाएर जवाफ फर्कायो- 'हस्, म डाक्टर बन्छु तर पैसा कमाउन होइन, वृद्धाश्रममा अलपत्र परेका बाआमाहरूको सेवा गर्न ! भविष्यमा तपाईंहरू नै त्यही भेटिन के बेर ?'

ä ã

**;flxTo ;j4g sGb, gkfn**

८. **'जम्बकुमारी-टीकावल्लभ साहित्य सम्मान'बाट सम्मानित**

२०७३ परशु प्रधान
२०७४ डा. राजेन्द्र विमल
२०७५ गणेश रसिक
२०७७ उत्तमकृष्ण मजगैयाँ
२०७८ विनोदमणि दीक्षित

९. **'गुरु रामप्रसाद श्रेष्ठ साहित्य सम्मान'बाट सम्मानित**

२०७४ रोहिणीविलास लुईटेल
२०७५ बालकृष्ण उपाध्याय
२०७७ डिल्लीराज अर्याल
२०७८ प्राडा. नारायणप्रसाद खनाल

# समाजसेवी

**लीलाराज दाहाल**

राधा बाटोको छेउमा बसेर रोइरहेकी थिइन् । उनको रुवाइ सुनेर मानिसहरू झुम्मिएका थिए । उनका पति र सासु घरको आँगनमा उभिएर के के फलाँकिरहेका थिए । वरिपरिका छिमेकीसँग गुहार मागेर उनी घरतिर लागिन् । अब उनको घरको आँगनमा छिमेकीहरू जम्मा भए ।

'तपाईंहरू कसले बोलाएर मेरो घरमा आउनु भएको ? जानुस् सबैजना ।' सासुले छिमेकीहरूलाई खाउँला झैं गरेर आँखा तरिन् ।

'बुहारीलाई यसरी यातना दिन पाइन्छ ? बुहारी पनि छोरी जस्तै होइनन् ? मान्छे त आमाछोरा नै पढे लेखेकै हुनुहुन्छ त ।' छेउमा उभिएका रामप्रसादले राधाका पक्षमा पैरवी गरे ।

'यसलाई यो घरमा एक दुई तीन बस्नै दिन्न । यो अफिसमा गएर को कोसँग लसपस गरेर आउँछे । मलाई थाहा छैन ? जागिर गर्न जानु त यसको बहाना मात्रै हो ।' सासु कुर्लिरहेकी थिइन् । राधाको पति अजय पनि आमाकै पक्षमा ढल्किएको थियो ।

'मैले कुनै गल्ती गरेकी छैन । पहिले अप्सराजस्ती बुहारी भने । अहिले मेरा माइती गरीब रे ! स्तर मिलेन रे ! मलाई अंश दिलाई दिनुहोस् । म यी क्रूर सासु र बेकामे पतिसँग जीवन बिताउन सक्दिनँ । मलाई यिनीहरूले जिउँदै मार्नेछन् ।' उनको आँसु थामिएको थिएन ।

यत्तिकैमा सासुले उनको कपाल लुछेर भूइँमा पछारिन् । पति अजय पनि श्रीमती विरुद्ध खनियो । छिमेकीहरूले प्रहरी बोलाए ।

प्रहरीले राधाको उजुरी सुनेर दुवै पक्षलाई छलफलका लागि नगर पालिकामा लैजान खोज्यो ।

सासुको अनुहारमा भने अझै क्रोधको आगो बल्दै थियो- 'नगरपालिकामा जाँदा मेरो इज्जत जाँदैन ? म किन जाने ? म नारी उत्थान केन्द्रकी अध्यक्ष हुँ ।'

**बागमती ११, कमैया, सर्लाही ।**

ä ã

**के तपाईंले शब्दार्थका साहित्यिक कृतिहरू पढ्नुभएको छ ?**

# माथिको आदेश

**वसन्त अनुभव**

'हैन ए ! मुर्दार कति घिच्छस्, घिच्न पनि । उफ् ! पचाउँदा पचाउँदा दिक्क भइसकें ।' पेटले आगो हुँदै मुखसँग भन्यो ।

'मसँग किन रिसाउँछौ ? मैले के गरेको छु र ? जति हातले कोच्छ, त्यति नै पठाउने त हो मैले । यता 'कति चपाउँनु हो' भन्दै दाँतले बसेर खान दिएको छैन ।' दिक्क मान्दै मुखले भन्यो ।

'यो पेटले पनि गर्नुगऱ्यो । मलाई एकछिन शान्तिले बस्न दिँदैन । पेलेको पेल्यै हुन्छ । उता मलद्वारले ट्वाइलेट जादा जाँदा हत्थु भो ! भनेर प्राण खाएको खायै छ । हे भगवान् !' आन्द्राले गुनासो पोख्यो ।

उपस्थित सबैले हातलाई दोषी करार गरे । हात कहाँ पुगेर रिसाए, थर्काए । मुखलाई कम खुवाउन आग्रह गरे ।

'हेर ! साथीहरू हो । तिमीहरू शान्त हौ । रिसाएर केही फाइदा हुन्न । म कति दुःख पीडा छु, भन्ने मलाई नै थाहा छ । त्यो टाउकोले एकछिन शान्त बस्न दिँदैन । खाना जुटाउनेदेखि लिएर, खाने र धुने सबै मैले नै गर्नुपर्छ । के गर्नु माथिको आदेश मान्नै पऱ्यो ।' हातले दुखित हुँदै भन्यो । हातले माथिको आदेश भन्ने बित्तिकै सबै चुपचाप लागे ।

**घोराही-१४, दाङ ।**

ä ã

;flxTo ;j4g sGb, gkfn

**६. 'शारदादेवी सिर्जना पुरस्कार'बाट सम्मानित**

२०७२ गीताकेशरी
२०७३ भागिरथी श्रेष्ठ
२०७४ भुवन ढुङ्गाना
२०७५ माया ठकुरी
२०७७ रमा शर्मा
२०७८ पद्मावती सिंह

**७. 'राधिका-पदम-दुर्गा काव्य कविता पुरस्कार'बाट सम्मानित**

२०७२ डा. टीकाराम अधिकारी
२०७३ प्रा.डा. वेणीमाधव ढकाल
२०७४ रमेश खकुरेल
२०७५ डा. विष्णुराज आत्रेय
२०७७ नारायणप्रसाद उपाध्याय
२०७८ तीर्थराज अधिकारी

# उफ् गमी

**विजयकुमार बर्मा**

शहरको गर्मीलाई खप्ना नसकेर सन्तोषले आफ्नो कमिज निर्चोदै बसी नसक्नुभयो भनेर चिन्ता गऱ्यो। घरको वरिपरि न त रूख बिरूवा रहे न त ताल तलैया।

गर्मीको पारा बढ्दै जाँदा उनले आफ्नो शहर जहाँ पुस्तौंदेखि बसेका थिए। 'यो ठाऊ बस्न लायक नै रहेन !' भन्दै चिन्ता जाहिर गरे। यही विचार उनले आफ्नो फेसबुक वालमा स्टेटस नै बनाए त्यो दिन। धेरैले प्रतिक्रिया जनाए 'ठाउँ हेरेर बस्नुपर्ने हो'।

एक जना रैथानेले आफ्नो बालापनको याद दिलाए। उनको टोलको नाउ नै थियो- भवानी बागिया अर्थात् घर कम बगैंचा बढी थियो। छिमेकमा राम बाग, सल्यानी बाग, चौधरी बाग, टण्डन बाग सबै बगैंचा हराए। छेउछाउका गाउँका बगैंचा हराए। अहिले जताततै घरैघर रूख बिरूवा कता गए कता। कङ्क्रीटको जङ्गल फैलिएपछि गर्मी नबढे के बढ्छ। टोलको बाल्दा तलाउ, छोटी तलाउ सब लोप भइसके। यो शहरको रूप फेरिँदै छ अहिले सोचिएन भने सच्चिकै बस्न लायक पक्कै रहने छैन।

चिन्तित शहरिया हरको फेसबुक स्टेटस फेरियो। एकघर एक रूख सडक किनार र खाली जग्गामा रूख रोपी वातावरण हरियाली बनाऊँ !

अहिले यस्तै पोष्टको ओइरो लागेको छ। शहरमा ग्रीन सिटीको नामले काम हुँदै छ। ज्येष्ठ महिनाको प्रचण्ड गर्मीमा सडक किनारका रूख विरूवामा सिँचाई अभियान चलेछ।

ä ã

**शब्दार्थ प्रकाशन**का **कार्यक्रमहरूका**
सबै भिडियो यता छन्।
1 . https://www . youtube . com/Shabdartha Music SM/
2 . https://www . youtube . com/Shabdartha Prakashan/

# खाँटी कुरो

**विनयकुमार शर्मा नेपाल**

'हाम्रो के हुने हो ?' एउटी कर्मचारीकी बूढीले आफ्नो बूढाको मालिकलाई सोधी -'मेरो बूढाले वर्षौं मिहेनत गरेर, खटिएर आज यो यति ठूलो र राम्रो उद्योग भयो ।'

सधैँ श्रमको सम्मान गर्ने र आफूलाई श्रमिकको सेवक ठान्ने मालिक एकछिन् घोरिए र भने- 'नानी गाऊँमा तिमीहरूको घर छ होइन ?'

'हो !'

'त्यसको झ्याल ढोका तिम्रा बूढाले बनाएको हो ?'

'होइन, गाउँको सिकर्मी बाले !'

'त्यस घरको गारो तिम्रा बूढाले लगाएको हो ?'

'होइन, गाउँको डकर्मी काकाले !'

'त्यसमा हालेको इँटा, सिमेन्टी र रड तिम्रा बूढाले बनाएको हो ?'

'होइन, कुनै करखानाले !'

'ती सरसामान तिम्रा बूढाले ओसारेको हो ?'

'होइन, गाउँका ज्यामीहरूले !'

मालिक मुसुमुसु हाँसे र भने- 'त्यसो भए त्यो घर कसरी तिमीहरूको भयो त ? घर त सिकर्मी, डकर्मी, ज्यामीसहित थुप्रैको पो हुनुपर्ने नि त ?'

'हाम्रा बूढाले बुद्धि खियाए, पैसा कमाए, त्यो पैसाले सबैलाई जोडजाड पारे, तिनलाई काम गरेको ज्याला दिए त्यसैले हाम्रो घर भयो नि त्यो त !'

मालिक हाँसे-'नानी यो उद्योगलाई पनि तिमी त्यो घरजस्तै ठान र...... ।'

अनि कर्मचारीको बूढीले गम्भीर भएर भनी- 'त्यसो भए यी मजदुरको हक माग्दै बन्द हडताल गर्ने सबै मूर्ख रहेछन् ।'

मालिले भने- 'यदि आफूलाई मजदुरको सेवक ठान्ने मालिक भए बन्द हडताल गलत हो किनभने यस्तो कार्यले उद्योग झन् जटिल अवस्थामा पुग्दछ र बन्द हुन पुग्छ । उद्योग बन्द हुनु भनेको मजदुरको काम र माम बन्द हुनु हो । उद्योगको निरन्तर सञ्चालन र विकास नै मजदुरको हित हो ।'

कर्मचारीकी बूढीले आधा जीवन गुमाएपछि रहस्य बुझेजस्तो गरी फिसिक्क हाँसी र मुन्टो हल्लाई ।

**चावहिल, काठमाडौँ ।**

ä ã

# कट्टु

**डा. विश्वदीप अधिकारी**

'के रे कट्टु लगाएर अदालत आउन पाइन्न रे ?'

'हो पाइन्न, भित्र जाने भए पाइन्ट, सुरुवाल लगाएको हुनुपर्छ ।'

'यो कहाँको नियम हो ?'

'हामीलाई अरू कुरा थाहा छैन । जति कराए पनि भित्र छिर्न पाइँदैन ।'

'सबैले कट्टुसमेत फुकालेर नाङ्गै हुन मिल्ने । मैले कट्टु लगाउँदा सुरुवाल चाहिने । यो कहाँको न्याय हो ?'

'सर, एउटा कट्टू लगाएको मान्छे ढोकामा कराएर हामीलाई कुटुँलाजस्तो गर्न आँटिरहेछ भ्यान पठाइदिनुपर्‍यो ।'

'तपाईंकै पेन्ट दिनुहोस् न त एकछिनलाई सर ।'

'के रे ?'

'मेरो त सुरुवाल पेन्ट केही छैन । सबै झगडियाले खोसिसक्यो । अब के कट्टु लगाएर मुद्दा लड्न पनि नपाउने ?'

'पाइँदैन ।'

'ए, गणतन्त्र भनेको त गनतन्त्र पो रहेछ हगि ? प्रजातन्त्रमा त यस्तो थिएन । मेरो बाले त कट्टु पनि होइन कछाड लगाएर मुद्दा लडेको थियो ।'

'त्यो जमाना हो त यो ? कछाड लगाउने । यो त थङको जमाना हो ।'

'थङसङ मलाई थाहा छैन । तारिख लिन जान दिने कि नदिने ?'

'ऊ भ्यान आयो तपाईंलाई लिन, त्यसैमा जानुहोस् अब ।'

न्यायालयकै ढोका सामुन्ने न्याय हाँसिरहेको देखेर म पनि मुसुमुसु मुस्कुराएँ ?

**शास्त्रीमार्ग, मैतिदेवी काठमाडौँ ।**

ä ã

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**

web : http://nepalipublisher . com/

# मट्का चिया

**विष्णुप्रसाद आचार्य 'अतृप्त'**

साँझको धमिलो परिवेश । फेवातालको वारि किनारमा ताल बाराही माताको आरती सुरु हुने तरखर भइरहेको थियो । आरती हेर्नेहरूको भिडबाट उछिट्टिएर केही मानिसहरू तालको बीचमा रहेको मन्दिरको दर्शनका लागि डुङ्गामा चढे । सिमसिम पानी पर्दै थियो । सूर्यास्तसँगै चलेको बतासको कारण शान्त तलाउको पानी उछालिएको थियो । अस्ताउँदो घामको मधुरो आभाले तालको पानी पूरै सिन्दुरे रङले पोतिएझैं देखिथ्यो ।

स्याफ्रोन त्यही डुङ्गाबाट मोबाइल क्यामेराको सहायताले क्यान्डिड सट लिँदै रमाइरहेको थियो । खानेपानीको समेत दुःख हुने शहर धरानबाट तालैतालको नगरी पोखरामा घुम्ने अवसर पाएकोमा ऊ निक्कै पुलकित देखिन्थ्यो । स्याफ्रोन चढेको डुङ्गामा एउटी सुन्दर युवती पनि सवार थिइन् । डुङ्गामा सवार सबैको सामूहिक फोटो खिच्ने क्रममा उसको क्यामराको निसाना तिनै युवतीमाथि सोझिँदै थियो । उनको रोमान्टिक हाउभाऊ र रूप सौन्दर्यले स्याफ्रोन सम्मोहित भइरहेको थियो ।

मन्दिरमा अरू भक्तजन झैं ती पनि आआफ्नो धुनमा मस्त रहे । मन्दिर परिक्रमा र पूजाआजाको सिलसिलामा देखादेख भए पनि परिचय गर्ने र फोन नम्बर प्राप्त गर्ने सुविधाजनक वातावरण भने त्यहाँ बनेन । स्याफ्रोनलाई नौलो ठाउँमा अपरिचित युवतीसँग छिट्टै नजिकिन केही सङ्कोच पनि लाग्यो । वारि आएपछि उसको मनले नवपरिचित अनुहारका बारेमा धेरैथरि कल्पना सजायो ।

तालको किनारमा रहेको भिरालो हरियो चौरमा बसेर स्याफ्रोनले दायाँबायाँ नजर घुमायो । ऊ केही मूल्यवान् वस्तु हराए झैं बेचैन देखिन्थ्यो । चिसो बतासले हो वा अरू केही कारणले हो उसको शरीर थोरै काँपिरहेको पनि थियो । उसले ती युवती छिनमै देखिने र छिनमै अलप हुने कुनै 'जलपरी' हुन सक्ने अनुमान पनि लगाउन भ्यायो । नजिकै चिया पसल थियो । मट्का चिया मात्र पाइने पसल । उसले चौरमा पल्टिएर एउटा चिया अर्डर गऱ्यो । एउटा केटाले चौरमै चिया ल्याइदियो । चिया खाइसकेर पैसा तिर्न जाँदा उसले चिया पसलमा टाँगिएको फ्लेक्स बोर्डमा यस्तो लेखिएको देख्यो- 'मायामा धोका खानुको सट्टा कृपया एउटा मीठो मट्का चिया खाएर जानुहोला ।'

यो वाक्य हुँदै चिप्लिएको उसको आँखा केही परको एउटा ठूलो झल्लरी छातामा टाँसियो, जहाँ तिनै युवती मट्का चिया तयार पार्दै थिइन् ।

**नुवाकोट, हाल : तारकेश्वर-२, काठमाडौं ।**

ä ã

# छोरीको फर्माइस

**शर्मिला खड्का दाहाल**

छोरीले आमालाई भन्दै छे- 'मेरो लागि केही नगरी दिने ? खै वर्थ डे नमनाइदिने ? मेरा साथीहरू क्या स्मार्ट भएर हिँडछन्। न भनेजस्तो ड्रेस छ। न भनेजस्तो सेन्डिल छ। यस्तो टिन यजर्स छोरीको चाहना पनि बुझिदिनुपर्छ नि ! अहिलेको जमाना कहाँ पुगिसक्यो । थ्रेडिङ्ग गर्न पैसा पनि एक हप्तादेखि माग्नुपर्छ। कपाल कलर गर्नु छ फेरि लेजर गरौं भनेको सपनाजस्तो भइसक्यो। कलेजमा फ्रेसेज छ। नयाँ ड्रेस लगाउनुपर्ने। यस्तो पैसाको अभाव हुनेले किन छोराछोरी पाउनु नि !

आमा भन्छे- 'छोरी काठमाडौंको महङ्गीमा खान पनि धौ धौ छ। यति धेरै फर्माइस पूरा गर्न कि भष्ट्राचार गर्नुपऱ्यो कि त दुई नम्बरी धन्धा। तिम्रो बुवाको सोझो कमाइले कहाँ पुऱ्याउन सकिन्छ र ?

छोरी फेरि पडकन्छे- 'महङ्गो ठाउँमा जन्माएपछि छोरी पनि महङ्गी हुन्छे भन्ने थाहा छैन ? हुम्ला जुम्लामा जन्माएको भए भइहाल्थ्यो नि !'

आमा नबोली बजार जान्छे। बजारबाट फर्कंदा मोटरसाइकलले हान्छ। आमा बाटोमा पछारिन्छे बेहोश हुन्छे । उसको हातमा छोरीको वर्थडेको लागि केक अर्डर गरेको बिल हुन्छ र साथमा छोरीको लागि एउटा पेन्ट र भेष्ट हुन्छ। ऊ अस्पतालमा ब्लड बेचेर फर्कदै गरेकी हुन्छे ।

ä ã

**;flxTo ;j4g sGb, gkfn**

**१०. 'निर्मला-प्रेम साहित्य सम्मान'बाट सम्मानित**

२०७४ नेपाल बाल साहित्य समाज
२०७५ प्रमोद प्रधान
२०७७ रञ्जुश्री पराजुली
२०७८ तेजप्रकाश श्रेष्ठ

**११. 'पुण्य तिलस्मी सरह दर्शन साहित्य सम्मान'बाट सम्मानित**

२०७७ विद्यानाथ उपाध्याय
२०७८ प्राडा. वीरेन्द्र मिश्र

**१२. 'नन्द आनन्द टुल्की साहित्य सम्मान'बाट सम्मानित**

२०७७ नारायण तिवारी
२०७८ श्रीओम श्रेष्ठ 'रोदन'

**१३. 'आमोई पद्याख्यान पुरस्कार'बाट सम्मानित**

२०७७ होमनाथ सुवेदी
२०७८ श्रीहरि फुयाँल

# सहयोग

**डा. शेखरकुमार श्रेष्ठ**

तरकारी बजारमा प्रतिमाले अनिताको बेवास्ता गरिन् । उनीसँगै गएकी रेखाले अनितालाई सोधिन्- 'सन्चै हुनुहुन्छ नि ?'

अनिता गएपछि रेखाले प्रतिमालाई सोधिन्- 'किन अनितासँग नबोलेकी, तिमीहरू छिमेकी होइनौ ? त्यसमाथि उनले बोलाएकी थिइन् ।'

'त्यस्ता छोटासँग के बोल्नू ? हिजो सूर्यलाई चढाएको जल उसलाई पऱ्यो भनेर व्यर्थमा कराई ।' प्रतिमाले कारण बताइन् ।

'हिजोको कुरा सक्किगो नि, आज उनले बोलेपछि । बोल्दा शब्द सकिने थिएन ।' रेखाले सम्झाउने चेष्टा गरिन् ।

'तिमीलाई देखाउन नि । मलाई औपचारिकता निभाएको मन पर्दैन ।' परिवेश नकारात्मक बनाउँदै प्रतिमाले भनिन् ।

'जे भए पनि छिमेकी शत्रु र परको मित्रु हुँदैनन् है ।' रेखाले उपदेशको भाषा बोलिन् ।

'ह्या ! छाड् दे, गुरुप्रसाद मैनालीको छिमेकीको अर्ती । हेर मेरो तँ छेस् । मेरा माइती, नातागोता, इष्टमित्र र साथी सङ्गाति टन्नै छन् । त्यसमाथि अहिले फोनको जमाना । एक कलमा सहयोग गर्न आउँछन् ।'

दुवैले कुरा बिर्सेर तरकारी किने । 'हजुर म तरकारी बजारमा छु । मैले बुझिनँ ।' मोबाइलको फोन उठाउँदै प्रतिमा बोलिन् ।

'हल्लाले नसुनिएको हो । बोलयन्त्र (स्पिकर) खोलेर कुरा गर न ।' रेखाले भनिन् ।

'बुहारी छिटो आऊ, बा लड्नुभो । छोरा शहरमै छ । नातिनातिना आइपुगेका छैनन् । म के गरूँ ?' प्रतिमाको मुहार बदलियो । फोनबाट रोएको आवाज आइरहेको थियो ।

दुवैजना हतारिँदै स्कुटरमा घर गए । घर सुनसान थियो । छिमेकी राधिकाले भनिन्- 'सासूले ससुरालाई अनिताको गाडीमा राखेर अस्पताल लानुभएको छ । तिमीलाई पठाइदिनुभनेका छन् ।'

**दक्षिणकाली, फर्पिङ ।**

ä ã

# देउराली

**शेषमणि आचार्य**

थकाइले लखतरान परेका दलबहादुरले डाँडामाथिको चौतारोमा भारी बिसाए, एकछिन लामो सास फेरेर पटुकाले पसिना पुछे, भन्ज्याङको शीतल हावाले थकाइ मेटियो । कङ्कट मलेर चक्माको सहायताले चिलिम सल्काए । लामो सास तान्दै धुवाँको मुस्लो छोडे । एकछिनपछि भारी उठाए, चामलको बोरा थियो, एकमुठी चामल चौतारोको ठूलो वरको रूखको फेदीमा पोखियो, मिल्ने उठाए अरू त्यहीँ छुट्यो ।

एकछिनपछि एक हुल केटाकेटी आए, उनीहरूको हातमा फूलका थुँगा थिए, कसैले बारीमा मल बनाउन तीतेपाती लिएका थिए । लालीगुराँस कसैको कानमा सिउरिएको थियो, हातमा पनि लिएका थिए । एकछिनपछि उनीहरू पनि त्यहाँबाट उठे, पातीको पात केही खस्यो, फूलको थुँगा पनि छुट्यो ।

अर्को दिन गाउँको आशामरू साहुले बजारबाट ल्याएका किराना सामानहरू पनि त्यहीँ बिसाएर उनको भरिया थकाइ मार्न बसे । एक चिलिम कङ्कट सकेपछि उनी भारी उठाएर बाटो लागे । उनको भारीबाट एक डब्बा अबिर खस्यो, रिवनका दुई चारओटा धजा पनि छुटे, भरियाले मेसो पाएनन्, उनी पनि बाटो लागे ।

केही समयपछि एउटा बटुवाले खोलाको किनारबाट लोहेरो बनाउन चिल्लो ढुङ्गा ल्याएका रहेछन्, उनी थकाइ मार्न बसे, ढुङ्गालाई अड्याएर त्यहीँ राखे, उनी चिसो हावाको स्वादमा अनेक कल्पना गर्न लागे । उत्तरतर्फ हिमाल खुलेको थियो, उनी त्यहीँ रमाए, सुन्दर हिमशृङ्खलाले उनलाई सबै बिर्साइदियो । उनी एकछिनपछि बाटो लागे, लोहोरो बिर्से ।

केही महिनापछि ती सबै त्यही चौतारामा आइपुगे । त्यहाँ रमाइलो भइरहेको थियो । उनीहरूले सुने 'त्यहाँ देउरालीमा एउटी देवी शिला बनेर प्रकट भइन् रे ! रातमा स्वर्गबाट देवताहरू आएर उनलाई कसैले अक्षता, कसैले अबिर, कसैले पाती, फूल, धजा चढाएर गएछन्' तर ती देउरालीका असली सृष्टिकर्ता त्यो रमाइलो हेरिरहेका थिए ।

**तनहुँ ।**

ä ã

# परिवर्तन

**डा. श्यामप्रसाद न्यौपाने**

दिदीभाइ वर्ष दिनका फरक भएकाले दुवैले घरमा रडाको मच्चाउँथे । छोरी रामरतिया वर्ष दिनले जेठी थिई । भाइ भिख्खु वर्ष दिनले कान्छो । दुवै क्रमशः ७ र ८ वर्षका थिए । भिख्खु भाइ भएकोले दिदीले उसलाई औधि माया गर्थी तर भाइ उसलाई पिट्थ्यो, कपाल लुछ्थ्यो । आमाबाले हप्काए पनि ऊ फिटिक्क टेर्दैनथ्यो ।

एक दिन भिख्खु हरिजन आफ्नी आमासँग मामाघर जाँदै थियो । रामग्राम स्तुपको केही पर गाईका बाच्छाबाच्छी गाईको वरिपरि उफ्रँदै चरेको देख्यो । कतिखेर ती बाच्छाबाच्छी आमाको मुखको घाँस खान खोज्थे भने कतिखेर केही पर गएर चर्थे । कतिखेर एकापसमा चाटाचाट गर्थे । गाईका बाच्छाबाच्छीको यस्तो क्रियाकलाप देखेर भिख्खु रमाइलो लाग्यो । उसले बाच्छाबाच्छीको यस्तो क्रियाकलाप देखेर आमालाई सोध्यो- 'आमा गाईका बाच्छाबाच्छीले आपसमा मुख जोडेर के गरेका हुन् नि !'

यी बाच्छाबाच्छी दिदीभाइ हुन् भिख्खु । आमासँग घाँस चर्न आएका हुन् अनि यिनीहरूले मुख जोडेर माया गरेका हुन् । बाच्छीचाहिँ दिदी हो । बाच्छो भाइ हो । ऊ हेर त दिदीभाइ कति मिलेर घाँस चरेका ।' आमाले भनिन् ।

'गाईका पनि दिदीभाइ हुन्छन् र ?' भिख्खुले आमासँग जिज्ञासा राख्यो ।

'हुन्छन् नि, किन नहुनु । हेर त ती दिदीभाइ आफ्नी आमाको वरिपरि चरिरहेका । तिनीहरूले झगडा पनि गरेका छैनन् । एकअर्काको घाँस खोसेका पनि छैनन्, कति मिलेका ।' आमाले भनिन् ।

भिख्खुले बाच्छाबाच्छीतिर हेरिरह्यो । हो त नि, कति मिलेर चरेका । आमालाई पनि केही दुःख दिएकै छैनन् त ।' उसले मनमनै सोच्यो अनि उतैतिर हेरिरह्यो र केहीबेरपछि भन्यो- 'आमा म अब दिदीले भनेको मान्छु । दिदीलाई आदर गर्छु । हजुर र बुबाले भनेको मान्छु । अब म कहिल्यै झगडा गर्दिनँ । आफ्नो पाठ पढेर, गृहकार्य सिध्याएर दिदीसँग खेल्छु है ।'

आमाले छोराको मुहार हेरिन् । भिख्खुका आँखाको नानीबाट प्रेम र सद्भावको ज्योति भर्भराइरहेको थियो- 'हुन्छ बाबु, हुन्छ' भन्दै आमाले उसको कपाल मुसारिन् । छोरामा अकस्मात् कसरी परिवर्तन आयो उनले पत्तै पाइनन् ।

**सुनवल-१२, नवलपरासी ।**

ä ã

# टुट्दो मर्यादा

**सविता मिश्रा 'अक्षजा'**

'ल फेरि सुरु भयो झगडा, फेरि आमालाई पिट्नु भो !' बाबुको कोठाबाट आएको आमाको रुवाइको स्वर सुनेर छोरोले भन्यो । 'यो नै सुनेर हामी ठूला भयौं, अति भयो अब त म गएर पितालाई भन्छु ।'

'नजानु दिदी, बुवाले फेरि तपाईंलाई पनि पिट्नु भो भने ?' 'तँलाई गान्धीको तीन बाँदर बन्नु छ भने बनेर बस्' भनेर ऊ बिजुलीजस्तै कोठाबाट निस्की र पिताको कोठामा पुगी । 'तँ जा छोरी' आमाले छोरीलाई देख्नासाथ काँपेको सवरमा भनिन् ।

'छोरी आँखा तर्दैछे मलाई ? तैंले यही शिक्षा दिएकी छस् ?' भन्दै पत्नीलाई एक थप्पड हाने पिताले । 'भो छोड्नोस् बुवा....' छोरी चिच्याई । 'तँ मलाई रोक्छेस् ? भन्दै पिताले उठाएका हात छोरीले समाती रोकिदिई ।

'आमा तपाईं त भन्नुहुन्थ्यो कि अन्यायमा चुप लाग्नुहुन्न ।'

'आहो ! त आगो यसले बालेकी हो ?' रिसाएर बोले पिता ।

'अब हामी दिदीभाइ ठूला भइसक्यौं बरु तपाईं बिर्संदै हुनुहुन्छ कि तपाईं अब कमजोर र बूढो भइसक्नु भो ! आमाले पनि हातले जबाफ दिन नसक्ने त होइन तर उहाँ मर्यादा नाघ्नुहुन्न ।' छोराको कुराले पिता रिसले रातो भए ।

'चुप लाग् छोरा !' आफूले दिएको शिक्षा कतै आफ्नै पितामाथि लागू नहोस् भनेर आमाले छोरालाई बाहिर जाने सङ्केत गरिन् ।

ओछ्यानमा रखिएको पत्रिकामा छापिएको 'पत्नीको साथ घरमा रखैल राख्न सकिन्छ ?' भन्ने शीर्षक देखेर छोरीले हिम्मतसाथ भनी- 'आमालाई जुन कानुनको धम्की दिनुहुन्छ त्यो त्यस स्त्रीलाई भन्न सक्नुहुन्छ ? तपाईं जे आमामाथि गर्नुहुन्छ, त्यही आमाले तपाईंमाथि लागू गरे के गर्नुहुन्छ ?' छोरीको यी कुराले पिताको शिर लाजले झुके ।

'कानुनी आदेश देखाएर तपाईं आमालाई तर्साउनुहुन्छ ? यदि आमाले कानुनको सहारामा लिएको भए तपाई धेरै पहिल्यै जेल चलान हुनुहुन्थ्यो । घरेलु हिंसा पनि अपराध हो भन्ने वकिल भएर पनि तपाईंलाई जानकारी छैन र ?' छोराको कुरा सुनेर आमाले रूँदै भनिन्- 'चुप लाग तिमीहरू, कानुनले कुनै घरको नातासम्बन्धलाई बलियो बनाउन सक्दैन ।' पत्नी र हुर्केका छोराछोरीको वचनबाणको एक एक शब्द थप्पडजस्तै अनुभव गरी आफ्नो गाला सुमसुम्याउँदै पिता लत्रक्क परेर त्यहीं रहेको एक कुर्सीमा ढम्म बसे ।

**अनु. विकुश** **आगरा, भारत ।**

ä ã

# दायित्व

**सत्या अधिकारी**

यो वर्ष शिक्षा मन्त्रालयले शिक्षाका गतिविधिमा चासो बढाएको थियो । यो खबरले सबै अभिभावक, शिक्षक र विद्यार्थीहरूमा खुसी छाएको थियो ।

गुणस्तर बढाउने योजनाअनुरूप विभागमा धेरै बैठक बसे । बहसहरू चले । बहसका मुख्य विषय पाठ्यपुस्तक समयमा छापिनुपर्ने, शैक्षिक सत्रको सुरुमै नेपालका सबै विद्यालयमा पाठ्यपुस्तक पुग्नुपर्ने र सबै विद्यार्थीले समयमा पुस्तक पढ्न पाउनुपर्ने जस्ता कुराहरू हुने गर्दथे । यो वर्षको शैक्षिकसत्र सुरु भयो ।

विडम्बना महिनौं बितिसक्दा पनि पाठ्यपुस्तक कुनै विद्यालयले पाएनन् । समयमा पुस्तक नपाउँदा शिक्षक र विद्यार्थी सबै अन्योलमा परेका थिए । शिक्षा मन्त्रालयको लापरबाहीको कुरा सञ्चारमाध्यमले सबैतिर फुक्न थाले ।

पाठ्यपुस्तकको समस्यालाई मध्यनजर गर्दै शिक्षा मन्त्रालयले एउटा ठूलो सूचना निकाल्यो ।

रुस र युक्रेनको युद्ध अनि नेपालको स्थानीय चुनावको कारण यो पटक पुस्तक छापेर पनि कमिसनको कारण पुस्तक वितरणमा ढिला भएको कुरा सबैलाई जानकारी गराउछौं ।'

ä ã


**के तपाईंलाई थाहा छ ?**

**हामी २०७८ र २०७९ को वर्ष पुस्तकमा जुटिसकेका छौं ।**

**प्रत्येक वैशाखदेखि चैत्रसम्म निस्केका पुस्तकहरूको**

**हामी टिप्पणीसहित परिचय प्रकाशन गर्दछौं ।**

**त्यसको लागि हामीलाई पुस्तक उपलब्ध गराउनुहोस् ।**

**;flxTo ;+4g sGb ÷ zAbfy k|sfzg**

rfan, sf7df8f **)!–$$(&#%!÷(*$!!$$%!)÷(*$!$(^!)#**

# अनुत्तरित प्रश्न

**सीताराम नेपाल**

'झगडा त गर्नै पर्ने रहेछ नि बाबा ! किन तपाईंहरू हामी दिदी भाइलाई झगडा गर्नुहुन्न भन्नुहुन्छ सधैं ?'

नौ वर्षको छोरा निमेशले बाबु खिमेशलाई सोध्यो। छोराको एकाबिहानैको यो अप्रत्यासित प्रश्नले तिल्मिलाएको खिमेश सोचमग्न भयो- 'कतै कोरोनाको कहरले लामो समय घरमै थच्चिनुपरेकाले मेरो बाबुलाई यस्तो उल्टो कुरा गर्न मन त लागेन ? सोध्नु पऱ्यो।'

'किन त्यसो भनेको निमेष तैंले ?'

'अझ किन पो छ ? ...' बाबुको प्रश्नपछि निमेशले फुर्तीका साथ बोल्यो- 'सधैं दिनहुँ झगडा गर्ने हजुरकै ठूलाठालु नेताहरू देख्नुहुन्न कि क्या हो ? ... ।' छोराको मुखभरिको जबाफले खिमेश अवाक् भएको मौकामा निमेशले कुरा तन्कायो- 'लौ हेर्नुस्, संसदमा सधैं झगडा .... चुनावहरूको त के कुरा भयो र ? नामै झगडिया अखडा राखेको भए हुने । अब त प्रत्येक राजनीतिक दलभित्रै गुट उपगुटका बीचमा झगडा मच्चिएको दिनहुँ देखिन्छ त .... !'

'हो छोरा ! त्यसै भएर तेरो पुस्ताले झगडा गर्न नपरोस् भन्ने चाहन्छु म अनि तैंले झगडाको खिलाफमा नेतृत्व गरेको हेर्न चाहन्छु क्या। ...'

खिमेशले बोल्दै गर्दा बीचैमा निमेशले फेरि प्रश्न सोध्यो- 'ए ...! त्यसै भएर तपाईंले राजनीति छोड्नु भा हो बा बा ?'

'झगडा गर्नुहुन्न भन्नु पनि राजनीति हो बाबू निमेष।'

खिमेशको बोली नसकिँदै निमेष कार्टुन हेर्न बैठकतिर लाग्यो।

**कलङ्की, काठमाडौं ।**

ä ã

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ।

# प्रसाद

**सुन्दर खड्का**

एकादशीको बिहान भगवान्‌को दर्शन गर्न भनेर मन्दिरतर्फ जाँदै थिएँ बाटोमा राजनसँग भेट भयो । वार्ताको बीचमा उसले मलाई नजिकै रहेको मङ्गलेको चिया पसलमा बसेर चियाको चुस्कीसँगै कुराकानी गर्ने प्रस्ताव राखे । बिहानैदेखि चिया खान पाएको छैन । मन नलागेको पनि होइन तैपनि भगवान्‌को दर्शन गर्न हिँडेको मान्छे कसरी त्यो तल्लो जातले पकाएको चिया खानु ? म अफ्ठेरोमा परेँ अनि राजनलाई पछि कुनै दिन बसेर चिया खाउँला भन्दै टारेँ ।

राजनसँग बिदा भएपछि मनमा कुरा खेल्यो- हिजो अस्तिसम्म त्यही मङ्गलेको पसलको चिया नास्ता नभई नहुने मान्छे म । आज उसले छोएको पानी नचल्ने भयो । किन हो ? उहिले हाम्रा बाबुबाजेले त्यो मङ्गलेका बाबुबाजेले छोएको पानीसमेत खादैनथे रे ! अहिले हाम्रो पालामा त्यस्तो छैन, सबै चलिसक्यो । बिहेवारीसमेत हुन थालिसक्यो । एक किसिमले भन्ने हो भने जातीय विभेदको अन्त्य भइसक्यो । मनमा कुराहरू खेलाउँदा खेलाउँदै मन्दिरमा पुगिसकेछु । त्यो दिन मन्दिरमा अरू बेलाभन्दा बढी भीड लागेको थियो । त्यो भीडको मतलब नगरी आज एकादशी हो जसरी पनि भगवान्‌को दर्शन गर्नुपर्छ भन्ने मेरो अन्तर्मनले निर्णय गऱ्यो किनभने नुहाई धुवाई गरेर शुद्ध बनेको छु । यस्तो शुद्ध दिनमा भगवान्‌को पाउको फूल, अक्षता र चन्दन शीरमा नलगाई रहन मेरो आत्माले मानेन । लाइन लामो थियो । मानिस मानिसकै ठूलो भीड थियो तर त्यो भीडमा म एक्लै थिएँ । लक्ष्य पनि एउटै थियो- भगवान्‌को प्रसाद लिने ।

अरू दिन भगवान्‌लाई छोएर दर्शन गर्न पाइन्थ्यो । त्यो दिन मानिसहरूको भीडले गर्दा परैबाट दर्शन गर्ने व्यवस्था मिलाइएको रहेछ । निकै बेरको प्रतीक्षापछि म भगवान् नजिकै पुगेँ । मभन्दा अघि आठ दश जना अरू मानिसहरू थिए । मैले भगवान्‌को अनुहार हेर्दै गर्दा मेरो आँखा पुजारीमा गएर टक्क अडियो । म छक्क परेँ । पुजारी त उही होटलवाला मङ्गले पो रहेछ । म छक्क परेँ । कस्तो धार्मिक परम्परा हो हाम्रो, जुन भगवान्‌लाई चल्छ मानिसलाई चल्दैन ।

स्वयम् सेवकहरू ढिलो नगर्न कराइरहेका थिए । म के गरौँ कसो गरौँमा अल्मलिन थालेछु । मलाई देखेर पुजारी मङ्गलले- 'ए दाइ आउनुभएछ' भन्दै खुसीसाथ मेरो हातमा टीका, फूलप्रसाद र एक ठूलो झोलामा भगवान्‌लाई चढाइएका नरिवल, मिठाई र फलफूलको झोला राखेर बिदाइ गऱ्यो । म भने मङ्गलेले छोएको त्यो प्रसादग्रहण गरौँ या नगरौँ रनभुल्लमा परिरहेँ ।

**इन्द्रायणी, काठमाडौँ ।**

ä ã

# देखिने काम

**हरिप्रसाद अधिकारी**

'सत्ताले शासन गर्‍यो, सेवा गरेन' विपक्षीको आवाज टडकारो सुनियो । 'नेता शासक बने, सेवक बनेनन्' कसैले प्रतिक्रिया दियो । 'शासन धुरी चढ्यो, हात्ती चढेन' भन्नेहरू भन्दै थिए 'शासक र शासितको खाडल साँघुरिएन बरु फराकियो' आवाजहरू बढ्दै गए । 'नेता मालिक, जनता रैती ? कदापि हुन दिंदैनौं' चिया पसलमा गफ चलिरहन्थ्यो ।

'शोषक र शोषितको अवस्था आउन खोज्यो' भित्रभित्र खासखुस हुँदै थियो । 'जर्नादन रैतीपथमा, नेता राजपथमा' लाईक र कमेण्ट ओइरिएको कार्टुन क्षणभरमा भाइरल भयो ।

'तपाईंले देखिने गरी काम गरेको भए भनिदिनुस् त ?' जनतासँग सेवक कार्यक्रममा जोसिलो युवाले चुनौती तेर्स्यायो ।

नेताजी बोल्दै थिए पर उभिएको मान्छेले आगोमा घिऊ थप्यो- 'ऋतु परिवर्तन हुन्छन्, नदी बगिरहन्छन्, यो तपाईंले गरेको होइन ।'

'औषधी खरिदमा के भएको हो, मल खरिद के हो ?' आवाज उठ्तै गए- 'पानी बेच्दा के भएको हो, जहाज उडाउँदा के भएको हो ?' खरिद बिक्रीमा प्रश्न उठन थाले । हो हल्लामै कार्यक्रम सकियो । साँझ नेताजीले कोर कमिटी बोलाए ।

'स्कूल अस्पताल सुधारौं' एउटाले सुझाव दियो ।

'सडकका खाल्डा टालौं' अर्को बोल्यो ।

'जनताको आय स्तर बढाऔं पछाडिबाट आवाज आयो ।

'आयात निर्यात सन्तुलित बनाऔं' झिना स्वरहरू पनि सुनिए ।

अँह जचेन नेतालाई, आसन्न चुनावमा देखिने काम होला जस्तो लागेन । कमिटी अझै निथारियो, निकै बैठक बसे, छलफल र अन्तरक्रियापछि काममा जुटे ।

हिजो आज टोलटोलमा स्वागत द्वार, चोक चोकमा सालिक र ठाउँ ठाउँमा भ्यू टावर देखिन्छन् ।

ä ã

**के तपाईंले शब्दार्थका साहित्यिक कृतिहरू पढ्नुभएको छ ?**

# अमिलो मन

**हरिशरण ढुङ्गाना**

भानुको तस्वीरमा माल्यार्पण गर्दै भानुजयन्ती धुमधामसँग मनाइँदै थियो । अधिकांश आगन्तुकहरू हृदय खोलेर विद्यालयको प्रशंसा गर्दै थिए । आतिथ्यताका लागि प्रधानाध्यापक तथा विद्यालय परिवारको मुक्तकण्ठले प्रशंसा हुँदै थियो । असार २९ गते भानुजयन्ती मनाउँदा नेपाली भाषाको महत्त्व र यसले नेपाली जनतामा भाषा, साहित्य, संस्कृति, दर्शन, राजनीतिलगायतका विषयमा प्रत्येक जातजातिले कसरी यसको संवर्द्धन र संरक्षण गर्नुपर्छ भन्ने बोध भएको महसुस हुँदै थियो । अङ्ग्रेजी माध्यमबाट अध्ययन अध्यापन गराइने यस नामुद विद्यालयले पनि नेपाली भाषालाई यति महत्त्व दिएको कमै मात्रामा आभास मिल्थ्यो ।

भानुजयन्तीको दिन कविता लेखन, वाचन तथा नेपाली भाषा साहित्यका कार्यक्रममा उत्कृष्ट स्थान हासिल गर्नेलाई प्रमुख अतिथिले पुरस्कार तथा सम्मान पत्र प्रदान गरे । उक्त अवसरमा भानुभक्त आचार्य, मोतीराम भट्ट, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम आदि नेपाली वाङ्मयका धरोहरहरूको चर्चा वक्ताहरूले गरे । कार्यक्रमको अन्त्यसम्ममा अब चाहिँ अङ्ग्रेजी माध्यममा पढाइ हुने बोर्डिङ तथा सरकारी विद्यालयहरूमा पनि नेपाली भाषा तथा अन्य मातृभाषालाई प्राथमिकता दिनुपर्छ भन्ने सोच राख्दै विभिन्न विद्यालयका प्रधानाध्यापकहरू तथा अन्य साहित्यानुरागी एवं भाषा-साहित्यसेवीहरूले अठोट गरेका थिए ।

सभापतिको मन्तव्यको पालो आएपछि आसनबाट उठेर प्रधानाध्यापकले भने- 'हामीले यस वर्षको भानुजयन्तीको कार्यक्रममा नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा आज जसजसलाई सम्मान तथा पुरस्कृत गरेका छौं, यहाँहरू सबैलाई बधाई छ । यस कार्यक्रमका लागि आवश्यक पर्ने बजेट सबै विद्यालयकै बजेट हो । हाम्रो विद्यालय हाताभित्र नेपाली बोल्न नपाइने हुँदा सबै विद्यार्थीहरूले अनिवार्य रूपमा अङ्ग्रेजी बोल्नुपर्ने हुन्छ । विद्यालयमा नेपाली बोले भने जरिवाना तिर्नुपर्ने नियम छ । त्यही नेपाली बोलेर तिरेको जरिवानाले आज भानुजयन्तीका दिन हामीले पुरस्कार तथा सम्मान प्रदान गर्न सकेका हौं । अर्को वर्षदेखि कक्षामै खुत्रुक्के राख्ने व्यवस्था गरी नेपालीमा बोल्न नपाउने र बोलेमा थप जरिवाना गर्ने व्यवस्था गरेका छौं । त्यसैले आगामी वर्ष भानुजयन्तीमा दिइने पुरस्कारको राशि अझ बढ्ने विश्वास दिलाउँछु र आजको सभा यहीँ विसर्जन गर्दछु, धन्यवाद ।' प्रधानाध्यापकको यस्तो मन्तव्य सुनेर कार्यक्रममा उपस्थित सबैले एकापसमा मुखामुख गरे र मन अमिलो पारे । भानुभक्तको तस्वीर हेरे । तस्वीर धमिलो देखियो ।

**गोकर्णेश्वर नपा-५, काठमाडौँ ।**

ä ã

# आशाको दियो

**हंसा कुर्मी**

साँझ पर्नै लाग्दा आमाले थालमा बत्तीको थाल सजाएर तुलसीको मठनेर आइपुग्नुभयो। आमाको यो दिनचर्या नै थियो। कसैले 'सधैं किन यस्तो गर्नुहुन्छ, कहिले यसो पो हो त ?' भन्यो भने आमा हाँस्दै भन्नुहुन्थ्यो- 'आशाको दियो प्रत्येक साँझ बाल्नुपर्छ अनि त भोलिको सूर्य सिन्दुरी रङ्गमा उदाउँछ।'

खै ! उहाँका कुरा सोध्नेले बुझ्थ्यो कि बुझ्दैन्थ्यो थाहा छैन। कहिलेकाहीं म आफैलाई लाग्थ्यो 'अक्षर पनि नचिनेकी यी बूढी आमैलाई कहाँबाट यस्तो दर्शन आउँछ ?'

म भने फुर्सतमा आमालाई यस्तै कुरा सोध्थें। उहाँका जबाफ आफ्नै पाराको हुन्थ्यो- 'जस्तो रोप्यो त्यस्तै फल, जस्तो सोच्यो उस्तै विचार अनि व्यवहार !'

'कहाँबाट सिक्नुभएको यस्तो कुरा ? कि कतै किताबमा पढ्नुभएको थियो कि ?' म सोध्न पुग्छु।

उहाँ हाँसेरै भन्नुहुन्छ- 'खै, किताबमा कसले के लेखेको छ, मलाई थाहा छैन, यो चार बीस पुग्दासम्म मैले यही पढें गाई गोठदेखि खलिहानसम्म र खेतबारीदेखि बगैंचासम्मको दौडमा। त्यही भएर कहिल्यै भुल्दिनँ हरेक साँझ यो आशाको दियो यिनै तुलसीलाई साक्षी राखेर बाल्न।'

ä ã

# खुसी

**किशन पौडेल**

पत्थरले मान्छेलाई भन्यो- 'तिमी मलाई कुनै मन्दिरभित्र लगेर राखिदेऊ म भगवान् बनेर तिमीलाई वरदान दिनेछु'।

मान्छेले त्यो पत्थरलाई मन्दिरभित्र लगेर राख्यो र वरदान माग्यो, 'हे भगवान् ! मेरा सारा दुःख कष्टहरू निवारण गरिदिनुस्'।

पत्थरले भन्यो- 'हे मनुवा ! म आफै अत्यन्तै दुखित भएको छु। म बगरमा स्वतन्त्र थिएँ। हावा, पानी र माटोहरूसँग जुन आत्मीयता र खुसी थियो त्यो अहिले गुमेको छ। सक्छौ भने फेरि मलाई पुनः त्यही ठाउँमा लगेर राखिदेऊ।

मान्छे नतमस्तक भएर फर्कियो।

ä ã

**पुछारको पातो**

# लघुकथा निर्माणका उपकरणहरू

**लक्ष्मण अर्याल**

लघुकथा आख्यान विधाको प्रभावकारी प्रविधा हो । यसलाई लघुतम आख्यान भन्नु उपयुक्त हुन्छ । लघुतमको अर्थ आकारगत लघुता मात्र होइन घटनाहरूको अनगिन्ती हाँगाबिँगाले नजेलिएको पनि हो । कथ्य विषयको अगलबगल रिङ्दै लेखिनु र आफैँमा पूर्ण हुनु पनि लघुकथाको घेरा हो । यसलाई सार कथा भनेर बुझ्नु हुँदैन । यो झिल्का हो, अग्रेठ होइन र अग्रेठबाट निकालिएको अगुल्टो वा कोइला पनि होइन यो । यो आफैँमा पूर्ण सानो टर्चलाइट हो तर सडकबत्ती होइन । टर्चलाई सडकबत्ती बनाउन सकिँदैन र सडकबत्तीलाई टर्च बनाउन पनि मिल्दैन । यो छोट्याइएको कथा होइन । भन्नुको मतलब लघुकथा आफैँमा पूर्ण सावयव सिङ्गो रचना हो ।

सानोमा पूर्ण हुनु लघुकथाको वैशिष्ट्य भएकाले यसको लेखनमा ज्यादा सावधानी अपनाउनु आवश्यक छ । लघुकथाका अङ्गहरू सबै कसिला बन्नुपर्ने कुरा त छँदै छ त्यसमा पनि यसको अन्त्य प्रभावोत्पादक हुनु जरुरी छ अर्थात् लघुकथाको अन्त्यले पाठक प्रभावित पार्नुपर्छ । पाठक त्यतिखेर प्रभावित बन्छ जतिवेला लघुकथाको अन्त्यमा नाटकीयता आउँछ । नाटकीयता भनेको लघुकथा पढ्दै गर्दा लेखकको धारणामा बन्दै गएको स्थिति अन्त्यमा पुग्दा हठात् परिवर्तन हुनु हो । लघुकथामा यो स्थितिको सिर्जना हुनु नहुनु लघुकथाकारको कुशलतामाथि निर्भर गर्छ ।

लघुकथा उपकरण लघुकथा निर्माणका आधार हुन् । विषयवस्तु लघुकथाको आधारशिला हो । यसकै जगमा लघुकथाको भवन खडा हुन्छ । यसैले विषयवस्तु लघुकथाको आधार उपकरण हो । कथानक, पात्र, परिवेश, प्रयोजन, संवाद, दृष्टिविन्दु, भाषा, शैली आदि विषयवस्तुको आधारमाथि लघुकथाको आकृति निर्माण गर्ने मुख्य उपकरण हुन् । यसलाई यसरी बुझाऊँ- घर निर्माणका लागि नभई नहुने अपरिहार्य कुरा घर निर्माण गर्ने ठाउँ वा घडेरी हो । घडेरी नै छैन भने अन्य ढुङ्गा, माटो, रड, सिमेन्ट, इँट आदि निर्माणसामग्री मात्र भएर घर बन्दैन । यस्तै लघुकथा-भवन बनाउने हो भने सबैभन्दा पहिला उपयुक्त विषयवस्तु चाहिन्छ । भनौं विषयवस्तु लघुकथा-भवन निर्माणको घडेरी हो । यसैले यहाँ विषयवस्तुलाई लघुकथा निर्माणको आधार उपकरण भनिएको हो । अर्को कुरा ढुङ्गा, माटो, रड, सिमेन्ट आदिले घरको आकृति निर्माणमा मुख्य भूमिका निर्वाह गर्छन् । यसैले घर निर्माणका यी मुख्य तत्त्व हुन् । लघुकथा लेखनमा पनि कथानक, पात्र, परिवेश, उद्देश्य, शैली, दृष्टिविन्दु, आदिले विषयरूपी घडेरीमा लघुकथारूपी घर बनाउन मुख्यतत्त्वको काम गरेका हुन्छन् । यही भएर यहाँ कथानक, पात्र, परिवेश, उद्देश्य, शैली, दृष्टिविन्दु आदिलाई मुख्य उपकरण भनिएको हो ।

संवाद र द्वन्द्वलाई पनि लघुकथाको मुख्य उपकरण मान्नेहरू पनि छन् तर ती मुख्य उपकरण भने होइनन् । लेखनमा संवादात्मक र वर्णनात्मक दुई शैली छन् । लेखकले यी दुईमध्ये कुनै एकलाई रोज्न सक्छ । यस्तै द्वन्द्व मुख्य उपकरणभित्र रहने तत्त्व हो अनिवार्य होइन । यसैले यहाँ संवाद र द्वन्द्वलाई अन्य उपकरणभित्र राखिएको छ । कतिपयले मुख्य उपकरण मान्ने शीर्षकलाई यहाँ अन्य उपकरणमा पनि राखिएको छैन किनकि यो कृतिको शीर्ष भाग हो । शीर्षक रचनाको अङ्ग हो अनिवार्य तत्त्व होइन । यही कारण यहाँ लघुकथाको उपकरणको चर्चा गर्दा आधार उपकरण, मुख्य उपकरण र अन्य उपकरण भनी वर्गीकरण गरिएको छ । यसलाई तलको आरेखमा हेरौँ -




### १. लघुकथामा कथानकको प्रयोग

कथानकलाई शब्दकोशहरूले घटनाहरूको पूर्वापर क्रम एवं चरित्रको तादात्म्य भएको कथावस्तु वा कथासार भनेर चिनाएका छन् । यो घटनाको आधारबाट उब्जिएको हुन्छ । यो लघुकथाको अत्यावश्यक वा अपरिहार्य उपकरण हो । यसैले यसलाई मुख्य उपकरण पनि भनिन्छ । लघुकथाकारको मनमा उठेका घटनाहरूको मोटामोटी आरेख वा खाकाबाट कथानकको निर्माण हुन्छ । घटना भनेको लघुकथा लेख्नु अघि लघुकथाकारका मनमा उब्जिने धुमिल तरङ्ग हो । यसलाई घटनावली वा लघुकथाका हकमा अझ घटना तरङ्ग पनि भन्न सकिन्छ । घटना तरङ्ग वा घटनावली हुबहु लघुकथा होइन । लघुकथाकारले मस्तिष्कमा ठोकिन आएका घटना तरङ्गलाई समायोजन गर्छन् र लघुकथा बनाउँछन् । लघुकथाकारले धुमिल घटना तरङ्गलाई कथाकारिताको कालीगढीले सजाएपछि मात्र त्यसले लघुकथाको आकृति पाउँछ । अझ यस्तो पनि हुन्छ कि त्यो घटना आरेख लेखन र परिमार्जनका तहसम्म पुग्दा मस्तिष्कमा पहिलोचोटि कोरिएभन्दा पृथक् धारमा पनि बग्न सक्छ । घटनाहरू लघुकथाको कच्चा पदार्थ हुन् । घटनाहरू कालक्रमिक शृङ्खलामा आउँछन् भने कथानक कार्यकारण शृङ्खलामा रहन्छन् । घटना तरङ्गले जब रचना विधानको यात्रा तय गर्छ तब मात्र लघुकथा बन्छ । घटना तरङ्ग र लघुकथा बीचको विभाजक रेखा नै रचनाविधान हो । लघुकथालाई घटना तरङ्गको परिपक्व र तयारी अवस्था भन्न सकिन्छ ।

सबै खाले घटनाबाट लघुकथाको कथानकको निर्माण हुँदैन । लघुकथाका कथानकका लागि उपयुक्त घटनाको चयन लघुकथाकारको पहिलो सर्त हो ।

लघुकथाकारले लघुकथाको कथानकका लागि घटना छान्दा बृहद् घटनाको जोहो गर्नु उपयुक्त हुँदैन । विशाल भवन निर्माण गर्दा र सानो दुई कोठे घर बनाउँदा एकै किसिमको र एकै परिमाणको निर्माण सामग्रीको उपयोग नभएझैं लघुकथा र अन्य आख्यानात्मक लेखनका लागि एकै खाले घटनाको उपयोग हुन सक्दैन । लघुकथामा घटनाका जालाहरू अनावश्यक कुरा हुन् । यसले लघुकथाको सटीक प्रस्तुतिमा आघात पुऱ्याउँछ । यसो भन्दैमा लघुकथा एउटै मात्र घटनाको सुइरो पनि होइन । एक घटनाबाट मात्र सशक्त द्वन्द्वको उत्पादन हुँदैन । सशक्त द्वन्द्वको उत्पादन बिना जबरजस्त लघुकथा बन्दैन । यस विषयमा प्रखर समालोचक मोहनराज शर्माको धारणा यस्तो छ -

> एउटा मात्र स्वतन्त्र घटनाबाट कथानकमा चरम (क्लाइमेक्स) उत्पन्न हुँदैन । त्यसका लागि दुई वा दुईभन्दा बढी स्वतन्त्र घटनाहरू चाहिन्छन् । कम्तीमा दुईवटा स्वतन्त्र घटनाहरूको चाप वा दवाउबाट चरम सिर्जित हुन्छ...... । यसो नहुँदा कथानक अपुरो भई लघुकथा नै असफल हुन्छ । आकर्षणरहित, अप्रभावी, पढ्न मन नलाग्ने, भित्र स्पर्श नगर्ने र अपरिपक्व एवं अधुरो खालका वर्तमान लघुकथा मध्ये सबै नै एउटा स्वतन्त्र घटनामा ठिँगुरिएका रचना हुन् । (शर्मा, २०७२, मधुपर्क, पृ.४२)

लघुकथा छोटो कथा होइन । यो लम्ब्याएर कथा पनि बन्दैन । कथाको कथानकलाई काटकुट पारेर लघुकथा बनाउन पनि मिल्दैन अनि लघुकथाको कथानकमा थपथाप पारी तन्काएर कथा बनाउन पनि सकिँदैन । लघुकथा आफैंमा पूर्ण प्रविधा हो । लघुकथामा कथानकको रचनाविधान गर्दा विस्तारको बाटो अवलम्बन नगरी सङ्क्षेपलाई रोज्नुपर्छ ।

लघुकथाको कथानक बुन्दा प्रारम्भ, घटना विकास र आकस्मिक अवतरणका क्रममा बुन्नुपर्छ । यसको प्रारम्भ अव्याख्यात्मक र सघन हुनु जरुरी छ । सघन भनेको भाषाको ओजिलो प्रयोग हो । छोटो र छिटोमा प्रभावकारी रूपमा व्यक्त गनुपर्ने भएकाले यसमा विस्तारको हस्तक्षेप हुनुहुँदैन । यसमा समस्याको रोपण, समस्याको वीजाङ्कुरण र द्वन्द्ववीजको सङ्केतन गर्नुपर्ने हुन्छ । प्रारम्भपश्चात् लघुकथाको कथानकलाई एकैचोटि उठाइन्छ र विकसित तुल्याइन्छ । यो लघुकथाको मध्य भाग हो । यो द्वन्द्वको उठान, द्वन्द्वको विकास, कौतुहलको सिर्जना र उत्कर्षको चरण हो । अनावश्यक तन्काउने, व्याख्या गर्ने, घटना विवरणहरू विस्तारमा प्रस्तुत गर्ने सुविधा यहाँ हुँदैन । यसो गर्दा लघुकथाको प्रभावकारितामा घाटा पुग्छ । यो चरणपश्चात् लघुकथाकारले कुनै विलम्व नगरी कथानकलाई आकस्मिक अवतरणको स्थितिमा पुऱ्याउनुपर्छ । यो चरण लघुकथाको समापन चरण हो । यसलाई अन्त्य भाग पनि भन्न सकिन्छ । द्वन्द्वको बैठान, कौतुहलको अवतरण र पटाक्षेप यस चरणमा सम्पन्न हुन्छन् । लघुकथाको कथानक बुनाइमा विद्युतप्रवाहको गति आवश्यक छ ।

कथानकका दुई ढाँचा छन्- सरल र जटिल । सरल ढाँचालाई रैखिक र जटिल ढाँचालाई अरैखिक पनि भनिन्छ । रैखिक पनि दुई किसिमका हुन सक्छन्- पूर्ण रैखिक अनि वक्र रैखिक । पूर्ण रैखिक भनेको सरल रैखिक पनि हो । लघुकथाकार पूर्ण

रैखिक ढाँचामा सीधा बाटो प्रयोग गरी लक्षमा पुग्छ भने वक्र रैखिक ढाँचामा अलि घुमाउरो बाटो प्रयोग गरी लक्ष पक्डन्छ । पूर्ण वा सरल रैखिकमा घटनाहरूको क्रमिक शृङ्खला रहन्छ । यसमा अगाडि घटेका घटना अगाडि र पछाडि घटेका घटना पछाडि नै राखेर बुनिन्छ । पछाडि घटेका घटना अगाडि र अगाडि घटेका घटना पछाडि राखेर बुन्दा वक्र रैखिक ढाँचा बन्छ । वक्र रैखिक ढाँचा प्रयोगशील ढाँचा हो । यसमा क्षीण घटनाको प्रस्तुति पाइन्छ । यो ढाँचाले अति बौद्धिक पाठकको अपेक्षा गर्छ । हुन त यी सबै ढाँचाको प्रयोग नेपाली लघुकथामा भएका छन् तर लघुकथामा आदि, मध्य र अन्त्यको शृङ्खलालाई विस्तारमा व्याख्या गर्ने फुर्सद लघुकथाकारलाई नहुने भएकाले लघुकथाका लागि रैखिक ढाँचा नै उपयुक्त ढाँचा हो भन्न सकिन्छ । अधिकांश लेखक अनि पाठकहरू पनि यो ढाँचा नै बढी मन पराउँछन् ।

> *सरल कथानक लघुकथाका लागि उपयुक्त हुन्छ । छोटो कालखण्डमा घटित कुनै एक घटना लघुकथाका लागि उपयोगी ठहरिन्छ । जटिल कथानकको उपयोग भने कथा, उपन्यास आदि विधाका लागि गरिन्छ । जटिल कथानकमा लामो कालखण्डमा घटित घटनाहरू हुन्छन् । (निशान्तर, ई.२०१९, लघुकथा* कलश, पृ.१९६)

लघुकथाको कथानक सत्य घटना पनि हुन सक्छ । सत्य घटनामा आधारित भएर लघुकथा लेख्दा लघुकथाकार सचेत भएन भने त्यो लघुकथा अस्वभाविक र प्रभावहीन बन्न सक्छ । सत्य घटनालाई लघुकथामा उपयोग गर्दा लघुकथाकारले त्यसलाई सार्वजनीन बनाउन सक्नु पर्छ । कतिपय लघुकथाकारहरूले पाठकलाई लघुकथा पठनपश्चात् आश्चर्यमा पार्न बलजफती झड्का उत्पन्न गराउने प्रयत्न गर्दा लघुकथामा क्षति पुगेको देखिन्छ । लघुकथाका नाममा चुड्किला बन्ने स्थिति यसैको परिणाम हो । यस्तै कथानकमा व्यङ्ग्यलाई प्रयोग गर्दा लघुकथाको प्रभावकारिता र स्तरीयता बढ्छ तर व्यङ्ग्य कृतिम वा बनावटी भने हुनुहुँदैन । बलजफती लादिएको कृतिम व्यङ्ग्यले पनि लघुकथालाई चुड्किलाकै दिशातिर लैजान्छ ।

## २. लघुकथामा पात्र प्रयोग अवस्था

पात्र लघुकथाभित्र घटना घटाउने उपकरण हो । यसले कथानकलाई जीवन दिई गतिशीलता प्रदान गर्दछ । छोटा संरचनामा प्रभावकारिता ल्याउनुपर्ने भएका कारण लघुकथामा धेरै पात्रको प्रयोग वर्जित छ । छोटोमा छिटो व्यक्त गर्नुपर्ने कारण लघुकथामा प्रयोग भएका पात्रहरू कथा र उपन्यासमा झैं विकसित हुन पाउँदैनन् । यसैले लघुकथामा पात्रहरूको चरित्रगाथा तयार हुँदैन । लघुकथामा पात्रप्रयोगका विषयमा मोहनराज शर्मा भन्छन् -

> *उपन्यासमा घटनाको बाहुल्यताका कारण पात्रको पनि आधिक्य हुन्छ । यसका विपरीत घटनाको न्यूनताका कारण कथामा पात्रको स्वल्पता र लघुकथामा एकदमै स्वल्पता हुन्छ । (शर्मा, २०५९, समकालीन साहित्य, पृ. ९)*

लघुकथामा विपात्रताको स्थितिलाई इन्कार गर्ने समालोचक राजेन्द्र सुवेदीको लघुकथामा पात्रप्रयोग सम्बन्धी धारणा यस्तो छ -

> *पात्र कथामा जस्तै लघुकथामा पनि आवश्यक मानिन्छन् । पात्र अर्थात् चरित्रको सङ्ख्या भने लघुकथामा अति नै सीमित हुनुपर्दछ । वस्तुको भोक्ता र समाख्याता अलग रहेर पनि कथाको निर्माण हुन्छ र समाख्याता स्वयं नै वस्तुको भोक्ता भएर पनि कथाको निर्माण हुन्छ तर कथामा जस्तै विपात्रताको स्थिति भने लघुकथाको गुण बन्न सक्दैन । (सुवेदी, २०७२, मधुपर्क, पृ. ९)*

कतिपय समालोचकहरू लघुकथामा पात्रका चरित्रको विकास नहुने भएकाले चरित्र चित्रण गरिँदैन भन्छन् । यसै सन्दर्भमा लक्ष्मणप्रसाद गौतम भन्छन् -

> *कथा उपन्यास र अन्य आख्यानात्मक कृतिमा जस्तो पात्रको चरित्र चित्रण लघुकथामा प्रायः नहुने भएकाले तिनलाई पात्र वा चरित्र भन्दा सहभागी भन्नु युक्तिसङ्गत हुन्छ । (गौतम, २०७२, मधुपर्क, पृ. ४७)*

लघुकथामा पात्रहरूको उपस्थिति कथाको जस्तो नभए पनि प्रयोगको प्रकार भने लगभग उस्तै उस्तै हुन्छ । लघुकथामा प्रयुक्त हुनसक्ने पात्रहरूको प्रकारलाई सङ्क्षेपमा यहाँ अभिरेखाङ्कन गरिएको छ -

**(१) लैङ्गिक स्वरूपको आधार** : यस आधारमा पात्रहरू नारी र पुरुष गरी दुई प्रकारका छन् ।

**(२) भूमिकागत आधार** : लघुकथामा प्रयोग हुने पात्रहरूको भूमिका कमबेसी हुनसक्छ । लघुकथामा बढी भूमिका भएका पात्रहरू प्रमुख पात्र हुन् । लघुकथाको कथानकलाई डोऱ्याउन आउने बढी भूमिका भएका पात्रहरू नायकीय गुण (नायिका पनि) ले भरिपूर्ण हुन्छन् । लघुकथाको मुख्य पात्र असल नै हुनुपर्छ भन्ने छैन, खराब पात्र पनि भूमिकाका हिसाबले मुख्य हुनसक्छ । खराब पात्रमा नायकीय गुण नभएर खलनायकीय स्वभाव हुने गर्छ । लघुकथामा एकाध सहायक र गौण पात्र पनि रहन सक्छन् । लघुकथामा मुख्य पात्रका सहयोगी पात्रहरू सहायक र नगण्य भूमिका रहेका पात्रहरू गौणका रूपमा आउँछन् ।

**(३) आनीबानीको आधार :** पात्रहरूमा सकारात्मक या नकारात्मक आनीबानी हुनसक्छ । सकारात्मक आनीबानी भएकाहरू अनुकूल हुन् भने नकारात्मक आनीबानी भएकाहरू प्रतिकूल हुन् ।

**(४) गतिशीलताका आधार :** लघुकथामा गतिशील र गतिहीन पात्र पनि आउन सक्छन् । स्वभावमा परिवर्तन हुने पात्रहरू गतिशील हुन् भने स्वभावमा परिवर्तन नहुने पात्रहरू गतिहीन हुन् । यसलाई अर्को शब्दमा क्रमशः परिवर्तनशील र स्थिर पनि भनिन्छ ।

**(५) वर्गीयताको आधार :** यस आधारमा लघुकथाका पात्रहरू वर्गीय र व्यक्तिगत हुन सक्छन् । वर्गीय भनेका हाम्रा समाजमा जतातत्तै भेटिने पात्र हुन् । यस्तो पात्र एक्लैले समूहको प्रतिनिधित्व गर्छ । यसका अतिरिक्त व्यक्तिगत पात्रहरू भने समाजमा जतातत्तै भेटिँदैनन् । व्यक्तिगत पात्रहरू समूहको प्रतिनिधित्व गरेर आउन सक्दैनन् । मनोवैज्ञानिक विषयका लघुकथाहरूमा वैयक्तिक पात्र हुन्छन् ।

**(६) उपस्थितिको आधार :** यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य हुन्छन् । लघुकथामा प्रत्यक्ष भूमिका जनाउने पात्र मञ्चीय पात्र हुन् भने अप्रत्यक्ष भूमिका जनाउने पात्रहरू नेपथ्य पात्र हुन् । मञ्चीय पात्रलाई नेपथ्य पात्रले सघाएका हुन्छन् ।

**(७) बाँधिने आधार :** यस आधारमा लघुकथाका पात्रहरू बद्ध र मुक्त हुन्छन् । लघुकथामा बाँधिएर अर्थपूर्ण बन्ने पात्रहरू बद्ध पात्र हुन् भने लघुकथामा नबाँधिएरै पनि अर्थपूर्ण बन्ने पात्रहरू मुक्त पात्र हुन् ।

**(८) प्राणीवर्गका आधार :** यस आधारमा लघुकथाका पात्रहरू मानवीय र मानवेतर हुन्छन् । लघुकथामा आएका मान्छेहरू मानवीय पात्र हुन् भने पशु, पन्छी आदि मानवेतर पात्र हुन् । मानवेतर पात्रले पनि लघुकथामा मानवीय भूमिका पाएका हुन्छन् । मानवेतर पात्रहरू पनि मान्छेजस्तै बोल्छन्, व्यवहार गर्छन् । लघुकथामा मानवीय पात्रको उपयोग गर्नुको मतलव मान्छेलाई परोक्ष रूपमा मानवजन्य विधिव्यवहार सिकाउनु नै रहेको हुन्छ । लघुकथामा मान्छे मात्र, पशुपन्छी मात्र या पशुपन्छी र मान्छे दुवै प्रयोग हुने स्थिति पनि हुन्छ । यस्तै देवता, राक्षस, परी जस्ता अदृश्य शक्ति पनि पात्रका रूपमा आउन सक्छन् ।

**(९) सचेतनाका आधार :** यस आधारमा लघुकथामा पात्रहरू सजीव र निर्जीवका रूपमा प्रयोग हुन्छन् । मान्छे, पशुपन्छी आदि जीवन भएका पात्रहरू सजीव पात्र हुन् भने ढुङ्गा, माटो, वनस्पति, घर, कलम, पुस्तक आदि जीवन नभएका पात्रहरू निर्जीव पात्र हुन् । लघुकथा आख्यान भएकाले निर्जीव पात्रको प्रयोग पनि सान्दर्भिक नै हुन जान्छ । लघुकथाकारले निर्जीव पात्रमा जीवन भरेको हुन्छ । निर्जीव पात्रले पनि सजीव पात्रलाई मार्गदर्शन गरेको हुन्छ ।

**(१०) दृष्टिविन्दुका आधार :** यस आधारमा पात्रहरू प्रथम पुरुषात्मक र तृतीय पुरुषात्मक हुन्छन् । म, हामी प्रथम पुरुषका रूपमा आएका पात्रहरू प्रथम पुरुषात्मक पात्र हुन् भने ऊ, यो, त्यो, यी, ती, यिनीहरू, तिनीहरू जस्ता तृतीय पुरुष सर्वनामका रूपमा आएका वा नामै तोकिएका (विवेक, कञ्चन, जया, माला आदि) पात्रहरू तृतीय पुरुषात्मक पात्र हुन् ।

यसका अतिरिक्त उमेरका हिसाबले बाल, युवा र वृद्ध, पठनका हिसाबले पठित, अपठित र सामान्य साक्षर, समृद्धताका हिसाबले गरीब वर्ग, मध्यम वर्ग र धनी वर्ग, मानसिकताका हिसाबले सचेत र विक्षिप्त, अङ्गगत हिसाबले सवलाङ्ग र विकलाङ्ग आदि पात्रहरू पनि लघुकथामा आउन सक्छन् ।

लघुकथामा जुन धरातलका पात्र छन् उनीहरूलाई त्यही धरातलको संवाद बोलाउनुपर्छ, जस्तै- लघुकथामा अपठित पात्रको प्रयोग गरिएको छ भने उसले प्रयोग गर्ने तहको भाषा नै उसबाट बोलाउनुपर्छ । लघुकथामा नपढेको पात्रले पठित व्यक्तिले प्रयोग गर्ने उच्च कोटिको र बौद्धिक संवाद बोल्न थाल्यो भने अस्वभाविक बन्छ । यसैले पात्रले प्रयोग गर्ने संवादका लागि उसको स्थिति हेरेर उपयुक्त भाषिक छनोट गर्नेतर्फ लघुकथाकार सचेत बन्नु उपयुक्त हुन्छ ।

### ३. लघुकथामा परिवेश

परिवेश लघुकथाको अर्को महत्त्वपूर्ण तत्त्व हो । यो लघुकथाको सङ्क्षिप्त कायाभित्र भेटिने देश, काल र वातावरण हो । कथा र उपन्यासमा भैं लघुकथामा पनि स्थानिक, कालिक र पारिस्थितिक परिवेश रहन्छ । घटना कहाँ घटेको हो ? घटना कहिले घटेको

हो ? र घटना कस्तो अवस्थामा घटेको हो ? यही तीन प्रश्नको जवाफमा क्रमशः स्थानिक, कालिक र पारिस्थितिक परिवेशको निर्मिति हुन्छ । लघुकथामा आउने परिवेशमा सत्यता, यथार्थता र जीवन्तता हुनुपर्छ । सत्यताको अर्थ सत्यापन हो, स्वीकार्यता हो अर्थात् स्थानिक स्वीकार्यता, कालिक स्वीकार्यता र पारिस्थितिक स्वीकार्यता । जस्तै- 'धानको गाँज' भनियो भने सत्यता रहन्छ तर 'धानको रूख' भनियो भने सत्यता रहँदैन । यस्तै चितवनको परिवेश वर्णन गर्दा युरोपको सुविधा सम्पन्न शहरको जस्तो स्वरूप खिचियो भने असत्य हुन्छ, उडन्ते कुरा कुरा हुन्छ । भानुभक्तकालीन समय र पात्रको चित्र खिचेर लेखिने लघुकथामा आजको युग जवर्जस्ती घुसाइनु असत्य ठहर्छ र आजको युगको कुरा गर्दा भानुभक्तको युग प्रविष्ट गराइनु सत्यता विपरीत हुन जान्छ । यथार्थता भनेको सामाजिक परिवेशमा घटेका र घट्न सक्ने घटनाको खिपाइ हो । यसले विश्वसनीयता जगाउन मद्दत गर्छ । यहाँ जीवन्तता भनेको लघुकथाको पारिवेशिक जिउँदो अवस्था हो अर्थात् लघुकथा जहिले र जुन कालमा पढिए पनि परिवेशको 'तस्वीर सत्यता' रहिरहनु हो । जीवन्तताका लागि लघुकथाकारले प्रयोग गर्ने भाषिक बुनोटले पनि केही न केही भरथेग गर्छ ।

लघुकथामा एक स्थानिक, एक कालिक र एक पारिस्थितिक घटनाको उपयोगका कुरा पनि यदाकदा उठ्ने गरेको छ । यो कुरा उठाउनेहरूले लघुकथाको सङ्क्षिप्त संरचनाको हवाला दिएका छन् तर पृथक् स्थानिक, बहुकालिक र भिन्न भिन्न पारिस्थितिक घटनाहरूलाई एउटै लघुकथामा उनेर पनि राम्रा लघुकथा लेखिएका छन् । धेरै अगाडि घटेका घटनाहरू पनि स्मृतिका माध्यमबाट वर्तमानसँग जोडिएर आउँदा र पृथक् स्थानिक एवं भिन्न भिन्न पारिस्थितिक घटनाहरू एउटै लघुकथाभित्र उनिएर आउँदा पनि लघुकथाको स्तर घट्दैन बढ्छ तर तिनको खिपाइमा लघुकथाकारको कुशलता भने झल्कनुपर्छ ।

लघुकथामा लघु परिवेशकै वकालत हुन्छ किनकि लघुतम आख्यान भएकाले लघुकथामा परिवेशले फैलिने अवसर नै पाउँदैन । यसैले लघुकथामा परिवेशको सङ्केत मात्र गरिएको हुन्छ । यसो भन्नुको मतलव लघुकथामा स्थानिक, कालिक र पारिस्थितिक सीमितता हुनुपर्छ भन्ने हो ।

### ४. लघुकथा लेख्नुको प्रयोजन

प्रयोजनविना कुनै पनि काम गरिन्न । लघुकथा लेखन पनि लघुकथाकारको काम हो । यसैले यो पनि प्रयोजनरहित हुँदैन । पूर्वमा आचार्यहरूले धर्म, अर्थ, काम, मोक्ष, आनन्द/प्रीति, रक्षा, उपदेश/शिक्षा, सुरक्षा, फलप्राप्ति, प्रियता, यश/कीर्ति, रसनिष्पत्ति, व्यवहारविज्ञान, विश्राम, अन्तश्चमत्कार, बुद्धि, हित, मनोरञ्जन/विनोद, नयाँ व्यवहार आदिलाई साहित्यको उद्देश्यका रूपमा स्वीकारेका छन् । पश्चिममा भने आनन्द, नीति शिक्षा, मनोरञ्जन, कौतुहल सृष्टि, हास्य, सुधार, समस्याचित्रण, राजनैतिक चित्रण, जीवनदर्शनको प्रकटीकरण, लोकहित र लोक मङ्गल, सौन्दर्यको खोजी, चरमोल्लास आदिलाई साहित्यको प्रयोजन मानिएको छ । लघुकथा पनि साहित्यकै विधाप्रविधा भित्र पर्ने भएकाले यसको सिर्जन र पठनको उद्देश्य भिन्दै हुँदैन । पूर्व र पश्चिमका उधृत उद्देश्यहरू कुनै न कुनै आधारमा लघुकथाका पनि उद्देश्य बन्न पुग्छन् ।

यथार्थको खुलस्तीकरण नै आजका लघुकथाको मुख्य प्रयोजन हो । सामाजिक विकृति र विसङ्गति प्रति व्यङ्ग्य गर्दै गलतहरूमा सुधारको अपेक्षा गर्नु पनि लघुकथाका प्रयोजन हुन् । यसैलाई अर्को शब्दमा भन्ने हो भने मानवोत्थानिक सन्देश ध्वनित हुनु पनि लघुकथाको प्रयोजन हो ।

लघुकथाको प्रयोजनको कुरा गर्दा लेखकगत र पाठकगत भनेर छुट्याइनुपर्छ । जसले जे जे भने पनि लेखकगत प्रयोजन 'स्वान्त सुखाय' नै हो । लघुकथा लेखेर कीर्ति/प्रसिद्धि, आर्थिक लाभ पनि प्राप्त हुनसक्छ तर यो कर्मको सफलताको पछि पछि डोरिएर आउने कुरा हुन् । यो लेखन अब्बल हुँदाको परिणाम हो । लेखकीय 'स्वान्त सुखाय'को प्रयोजनभित्र सामाजिक सुख, शान्ति र सद्भावको प्रयोजन पनि निहीत हुनुपर्छ । सामाजिक सुख, शान्ति र सद्भाव नजोडिने लेखनको कुनै महत्त्व हुँदैन । यसैले लघुकथाको लेखनमा सामाजिक दायरालाई सकुशल जोगाउनु पनि लेखकीय उद्देश्यभित्रै रहनुपर्ने कुरा हो । यस्तै लघुकथाको लेखननदी मानवीयता छोइएर बग्नुपर्छ । मान्छे र उसको समाज नछोइएका लघुकथाहरू सफल लघुकथा होइनन् । पाठकगत प्रयोजन पठनपश्चात्को सन्तुष्टि हो । लघुकथामा आएका परिस्थितिका माध्यमबाट पाठकभित्र सन्तुष्टिको प्रवेश हुन्छ र उसलाई गलतको त्याग गर्दै असलतिरको बाटो खोल्न मदत गर्छ । अर्थात् एउटा राम्रो लघुकथाले के गर्ने र के नगर्ने भन्ने कुरामा रहेको दोधारको मनोदशाबाट पाठकलाई मुक्त गराउँछ ।

## ५. दृष्टिविन्दु

दृष्टिविन्दु लघुकथाको शैलीगत तत्त्व हो । यो लघुकथाकारले लघुकथा व्यक्त गर्नका लागि रोजेको ढङ्ग र ढाँचा नै हो । कसको कथा कसले भन्दै छ भन्ने कुरा दृष्टिविन्दुबाट खुल्छ । अन्य विधामा झैं यसमा पनि प्रथमपुरुष र तृतीयपुरुष गरी दुई ढाँचा प्रचलित छन् ।

(क) प्रथमपुरुष दृष्टिविन्दु : प्रथमपुरुष दृष्टिविन्दुलाई अन्तरङ्ग दृष्टिविन्दु पनि भनिन्छ । म, हामी जस्ता सर्वनामका रूपमा लघुकथाभित्र प्रवेश गरी मुख्य, सहायक वा गौण रूपमा आउनु यसको विशेषता हो । यसमा लघुकथाकार आफैभित्र पस्दा लघुकथाको शैली आत्मकथा जस्तो बन्न जान्छ र लघुकथा लघुकथा जस्तो नभएर आत्मकथाको सानो अंश बन्ने खतरा पनि हुन्छ । लघुकथाकारले यो खतराबाट लघुकथालाई बचाउन मनग्गे कुशलता देखाउनु जरुरी छ । वरिष्ठ समालोचक मोहनराज शर्मा प्रथमपुरुष दृष्टिविन्दुका शक्ति र सीमा दुवै देख्छन् । यस विषयमा उनको धारणा यस्तो छ -

> *यस (प्रथमपुरुष) दृष्टिविन्दुका केही लाभ पनि छन्, जस्तै- आख्यानमा विश्वसनीयता आउँछ । पाठकले रचनामा भनिएका कुरालाई लेखकको प्रत्यक्ष अनुभव ठान्छ । साथै म को प्रयोगबाट पाठकसँग सहजै आत्मीयता र घनिष्ठता पनि स्थापित हुन्छ । यसका केही सीमा वा बेफाइदा पनि छन्, जस्तै- म ले आफ्ना विचार व्यक्त गर्दछ तर अर्काको विचार व्यक्त गर्न सक्दैन । त्यस्तै म ले आफ्ना सन्दर्भबाट आफ्नो परिवेश देखाउन सक्छ तर अर्काको परिवेशबाट आफूलाई देखाउन सक्दैन । (शर्मा, समकालीन समालोचना सिद्धान्त र प्रयोग, २०६३, पृ. ४१०)*

(ख) तृतीयपुरुष दृष्टिविन्दु : कथावाचक (समाख्याता) आफू लघुकथा भित्र नपसी तटस्त बसेर लेखिने लघुकथाहरू तृतीयपुरुष दृष्टिविन्दुका लघुकथा हुन् । यो, त्यो, यी, ती, यिनी, तिनी, यिनीहरू, तिनीहरू आदि सर्वनाम र समता, ममता, उद्देश्य, शैवाल जस्ता नामका रूपमा पात्र आउनु यसको विशेषता हो । कथावाचक लघुकथा बारि रहने भएकाले यसलाई बहिरङ्ग दृष्टिविन्दु पनि भनिएको पाइन्छ । यस्तो दृष्टिविन्दुमा लघुकथाकार आफ्ना विचारलाई व्यक्त गर्नका लागि आफू प्रत्यक्ष उपस्थित नभएरै पनि लघुकथाको कुनै पात्रमा पस्छ । यस्तो लेखक पसेको पात्रलाई लघुकथाकारको मुखपात्र भनिन्छ ।

### ६. लघुकथाको भाषा

कुनै पनि सिर्जनाको एउटा क्रम हुन्छ । परिवेश सिर्जनाक्रमको आधारविन्दु हो । भनौं परिवेशबाटै लेखन विषयको उठान हुन्छ । परिवेशको साक्षात्कारपश्चात् लेखकभित्र आलोडन उत्पन्न भयो भने उसको सिर्जनाक्रमको थालनी हुन्छ । परिवेशको साक्षात्कारले लेखकमा हुँडलो नमच्चिए त्यो क्रम अगाडि बढ्दैन । जब सिर्जनाक्रम अगाडि बढ्छ तब पोख्ने माध्यमको आवश्यकता पर्छ । साहित्यमा पोख्ने माध्यम भनेको भाषा हो । अर्थात् भाषाले अमूर्त विचारलाई मूर्त रूपमा प्रकट गर्ने कार्य गर्छ । लघुकथा पनि साहित्यिक सिर्जना भएकाले यसको लेखनक्रम पनि त्यही बाटो हुँदै अगाडि बढ्छ ।

भाषा विचार प्रकटीकरणको सशक्त माध्यम हो । कथ्य होस् या लेख्य जुनसुकै अभिव्यक्तिको प्रभावकारिताका लागि बलियो भाषाशैलीको उपयोग आवश्यक छ । सपाट वर्णन नभई प्रतीकात्मक, ध्वन्यात्मक, आलङ्कारिक, व्यङ्ग्यात्मक हुनु नै भाषाको बलियो प्रयोग हो । साहित्यका विधापिच्छे भाषिक प्रयोगका तौरतरिका फरक हुन्छ । लघुकथाले ओजिलो र कसिलो भाषाको माग गर्छ । भनौं, मितव्ययी शब्दसन्तुलन लघुकथाको सुगठित शरीर हो । लघुकथाको भाषा जमेको हिउँझै नभई सङ्लो पानीझैं सलल बग्ने हुनुपर्छ । लघुकथाको पनि आफ्नो लय हुन्छ । गीत, कविता आदिमा भावात्मक लयको अपेक्षा हुन्छ भने लघुकथामा विचारको लय अपेक्षित हुन्छ । भाषाको माध्यमबाट लघुकथामा कथानक, पात्र, परिवेश, उद्देश्य आदि सबै तत्त्वहरू व्यक्त हुन्छन् । अतिभावुकता व्यक्त गर्ने भाषाको प्रयोग लघुकथामा वर्जित छ । आयामगत लघुता भएका कारण यसमा वर्णनात्मक र विवरणात्मक भन्दा सूत्रात्मक र चित्रात्मक भाषाको प्रयोग हुनु बढी सान्दर्भिक हुन्छ । लघुकथाकारमा सजगता, सरलता र शब्दचयनप्रतिको गम्भीरता हुनु आवश्यक छ किनकि यिनीहरू लघुकथाका प्राणतत्त्व हुन् । आडम्बरी र कृतिम भाषा लघुकथाका खराब क्षेत्र हुन् । दरिलो र कसिलो भाषाले लघुकथालाई जीवन्त बनाउँछ । विषयवस्तु जतिसुकै सशक्त छाने पनि भाषाको उपयोगमा ध्यान दिइएन भने लघुकथाको प्रभावकारिता दुर्घटित बन्छ ।

घटना मात्र लघुकथा होइन । विशिष्ट भाषाशैलीको प्रयोगविनाको घटना अखबारी लेखन हुन्छ लघुकथा हुँदैन । कतिपय लघुकथाकारहरूले घटना जोर्नुलाई मात्र लघुकथा हो भन्ने ठानेका छन् । यो बुझाइ मानक लेखनको बाधक हो । यो सोचबाट पाठकहरू पनि अछुतो छैनन् । अलि सशक्त घटना वर्णन गरिएको पाइए त्यसको बुनाइ

वा खिपाइतर्फ कुनै ध्यान नदिई लघुकथाकारलाई अनावश्यक रूपमा हौस्याउने पाठकीय कार्यले पनि लघुकथाकारको लेखकीय कार्यमा प्रत्यक्ष परोक्ष नकारात्मक प्रभाव पारेको छ भन्न गाह्रो पर्दैन । यसैले लघुकथाकार र पाठकले पनि सशक्त घटनाको भाषिक खिपाइ लघुकथा हो भन्ने बुझ्नु जरुरी छ ।

लघुकथामा कथ्यका आधारमा भाषिक प्रयोगको छनोट हुनुपर्छ । ग्राम्य यथार्थका लागि नागर भाषाको प्रयोग सुहाउँदैन र नागर यथार्थका लागि ग्राम्य भाषाको प्रयोग उपयुक्त हुँदैन । यस्तै कालिक यथार्थमा पनि यही हो । आजको आधुनिक समाजमा प्रयुक्त भाषाको प्रयोगले भानुभक्त कालीन विषयलाई न्याय गर्न सक्दैन भने आधुनिक समाजको चित्रणमा भानुभक्तकालीन भाषिक प्रयोगले जीवन्तता दिन सक्दैन । यस्तै लघुकथाकारले लघुकथामा भाषिक प्रयोग गर्दा स्थानिक यथार्थतालाई पनि ध्यान दिनुपर्छ । डोटीको सन्दर्भमा लघुकथा लेख्दा र काठमाडौँका सन्दर्भमा लघुकथा लेख्दा एकै भाषिक ढबको प्रयोग हुनुहुँदैन किनकि स्थानिक विशेषताअनुसार भाषिक ढाँचाकाँचा धेरैथोरै फरक हुन्छ । घटना घटेको ठाउँअनुसारको भाषिक प्रयोग गर्दा कथनले विश्वसनीयता र प्रभावकारिता पाउँछ ।

लघुकथाकारले लघुकथाको भाषा छनोट गर्नु अगाडि लघुकथामा प्रयोग गर्न लागिएको पात्रको जात, जाति, पेशा, धर्म, सम्प्रदाय, आर्थिक स्थिति, शैक्षिक स्थिति आदि वर्गीय परिवेश बारे निकै गहिरिएर अध्ययन गर्नुपर्छ । घटनालाई बोक्ने पात्रको वर्गस्थितिअनुरूपको भाषा प्रयोग नहुँदा पनि लघुकथाले सफलता पाउँदैन । पात्र संस्कार अनुकूलित भाषा सफल लघुकथा लेखनको अपिरिहार्य सर्त हो । यति भन्दाभन्दै पनि लेखकको सोच, उसको बौद्धिक स्तर र सामाजिक-सांस्कृतिक स्थिति आदिको प्रतिच्छाया भने लघुकथाको भाषाप्रयोगमा परेको हुन्छ ।

### ७. लघुकथाको शैली

सिर्जनाका सन्दर्भमा भाषा काया हो भने शैली त्यही काया सजाउने शृङ्गार प्रसाधन हो । यसले अनुभूत विषयलाई सजाई अभिव्यक्तिलाई धारिलो बनाउँछ । शैली के हो भन्ने सन्दर्भमा समालोचक मोहनराज शर्मा भन्छन् –

> 'रचनाकारको यस्तो विशिष्ट रचनाप्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ जसमा भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवं विषयका दृष्टिबाट विचलन हुन्छ' (शर्मा, २०५०, पृ. ४२) ।

लघुकथामा विधागत कला र लेखकीय कला दुबैको महत्त्व छ । लघुकथा लेखनको आफ्नै विशिष्ट टेक्निकल पाटो छ । त्यो टेक्निकल पाटो नै लघुकथाको विधागत कला हो । विधागत कला भनेर यहाँ विधागत संरचनातिर इङ्गित गर्न खोजिएको हो । विधागत कलालाई केन्द्रमा राखी लघुकथाकारले लघुकथामा आफ्नो लेखकीय विशिष्ट कलालाई प्रवेश गराउँछ । लेखकीय कला भन्नु नै लेखकीय शैली हो । लेखक सापेक्ष हुने लेखकीय शैली लेखकको लेखन पहिचान वा सम्पत्ति हो । कुशल लेखकले लघुकथाको विधागत कलाको परम्परागत धारलाई मोड्न सक्छ । हिजो पूर्णप्रसाद ब्राह्मणभन्दा अगाडिको लघुकथाको लेखनधार एककिसिमको थियो तर त्यसलाई

लघुकथाकार ब्राह्मणले मोडिदिए । क्रमशः आजसम्म आइपुग्दा पूर्णप्रसाद ब्राह्मणले बसालेको लेखनधार पनि मोडिंदै गएको छ । प्रगतिशील लेखक आए, यथार्थवादी लेखक आए, आदर्शवादी लेखक आए, हिजोको समाज र चेतनास्तरमा पनि परिवर्तन आयो, विषय बदलिए अनि लघुकथाको विधागत कलामा पनि थेरथोर बदलाब आए । यसरी विधागत कलामा परिवर्तन आउनु विधागत जीवन्तताको द्योतक हो । लघुकथामा नवीन शैली भित्रिनुपर्छ र नवीन शैलीको सधैं स्वागत पनि गर्नुपर्छ । परम्परित शैलीलाई मात्र लघुकथाको लेखनशैली भनी रूढ बनाउनु हुँदैन । शैलीगत रूढता विधा विकासको बाधक हो ।

शैली समयानुकूल फेरिइरहन्छ भन्ने प्रसिद्ध लघुकथाकार विनय कसजू लघुकथामा शैलीको महत्त्व बारे साहित्यकार नारायण तिवारीसँगको अन्तर्वार्तामा भन्छन् – 'लघुकथा ललित अभिव्यक्तिको उत्कृष्ट रूप हो । .... सफल लघुकथाले शैलीको प्रखरता खोज्छ, विषयवस्तु मात्र होइन ।'

